



• वर्ष १३ • अंक ५० • काठमाडौं, शुक्रबार, वैशाख २०, २०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, May 2, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-

# ओहो ! क्या हट

●शिव शर्मा

पोखरा– खलखली पसिना बगिरहेको छ । त्यही भएर त सबै जना भन्छन्– उफ कस्तो गर्मी । अहिले गर्मीको ताप ह्वात्तै बढेको छ । गर्मीकै कारण कतिपय त निकै झन्झट मान्छन्, तर गर्मी भयो भन्दैमा झन्झट मानिहाल्नु पर्दैन । यो मौसममा खानपिनसँगै लगाउने पहिरनमा अलिकति सजकता अपनाइयो भने गर्मी आफसेआफ दूर हुन्छ । गर्मीलाई दृष्टिगत गरेर पहिरनमा ध्यान पुऱ्याइएन भने त्यसले आलश्यता मात्र होइन, हाम्रो शरीरलाई पनि असर पुग्न सक्छ । गर्मी बढेपछि फेसनको ज्वाला पनि



दन्किएर जाग्छ ।

अहिलेका युवाहरू गर्मी सुरु भएपछि निकै हट देखिन्छिन् । छोटा र पातला पहिरन लगाउनेहरूका लागि त यो मौसम वरदान नै हो । सहरबजारतिर यसअघि नदेखिएका छोटा र पातला पहिरनको लावालस्कर नै देखिन थालेको छ । फेसन पारखीहरूलाई बढी मन पर्ने मौसम पनि यही हो । बाँकी पृष्ठ १० मा

# ग्ल्यामरस गर्मी



● राजु घिसिङ

धरान- 'उफ कस्तो गर्मी' -वान पिस ड्रेस खोज्न पसल चहार्दै हिँडेकी वर्षाले भनिन् । छोटो हाफ पाइन्ट र पातलो ह्वाइट टि-सर्टमा भेटिएकी टिन एजर्स वर्षा भन्छिन्- 'गर्मीको पारो गत वर्षभन्दा निकै माथि छ । मौसमअनुरूपको पहिरन लगाउनैपऱ्यो ।' ढिलो सुरु भएको गर्मी र संविधानसभा निर्वाचनको चटारोले यसपालि वैशाखदेखि मात्रै गर्मीको फेसन सुरु भएको छ ।

'कुल अर्थात् शीतल हुने कपडा नै लगाइन्छ,' -विष्णा राईले बताइन् । फेसन डिजाइनिङकी विद्यार्थी विष्णाले यसपालिको गर्मी छल्न तातोपन कम गर्ने सुतीका टि-सर्ट, सर्ट, पाइन्ट, हाफ-पाइन्ट रोजेकी छिन् । राई भन्छिन्- 'देखेका कपडा र चलेको फेसन त रोज्नैपऱ्यो ।' बढ्दो आधुनिकतालाई सङ्केत गर्दै उनी परम्परागत नेपाली समाजको दृष्टिकोणमा समय-सापेक्ष परिवर्तन भैरहेको बताइरहेकी थिइन् ।

गर्मीमा मात्र नभै जाडोमा पनि धरानको फेसनलाई नेपालमै 'हट'का रूपमा लिइन्छ । यहाँ न त तराईमा जस्तो गर्मी चर्कन्छ, न त पहाडमा जस्तो कठ्याङ्ग्रिने चिसो नै हुन्छ । भित्री मधेसमा अवस्थित धरान फेसनका निम्ति भौगोलिक रूपमै उपयुक्त स्थानमा हो । मौसमअनुसार देश-विदेशमा चलेका फेसन नेपालमा धरानबाटै प्रारम्भ हुने भएकाले यहाँका पहिरन मात्र नभै बोलीचाली र खानपिन शैलीको पनि चर्चा भैरहन्छ ।

यो मौसममा टिन एजर्स तथा युवतीहरू शरीरलाई शीतल हुने पातला, केही पारदर्शी र छोटा पहिरनमा अनि युवाहरू हाफ पाइन्ट र हाफ टि-सर्टमा भेटिन्छन् । रापिलो घाम छल्न हातमा छाता त छँदैछ । युवाहरू मोटरसाइकलमा पनि हाफ पाइन्ट र क्वार्टर पाइन्टमै देखिन्छन् । कार्यालय धाउने जागिरे युवाहरूका लागि भने पाइन्ट, सर्टको विकल्प छैन । कामकाजी महिला र युवतीहरूका निम्ति पनि पाइन्ट, टि-सर्ट, कुर्ता-सलवार र साडीमध्ये कुनै एक मन खिन्न पारेर पनि रोज्नुपर्ने बाध्यता छ ।

गत वर्ष शरीरमा टिपिक्क हुने फिटिङ फेसन छाएको थियो । यसपालि पातला र खुकुला पहिरनको बाहुल्य छ । स्प्लेन्डर बुटिककी फेसन डिजाइनर हेमा राई भन्छिन्- 'मानिस परिवर्तन चाहने प्राणी हो, टिन एजर्स र तन्नेरी पुस्ता एउटै फेसनलाई निरन्तरता दिन चाहँदैन ।' राई भन्छिन्- 'फेसन केही समयको अन्तरमा दोहोरिरहन्छ ।' गर्मीमा युवतीहरू छोटा, खुल्ला र पातला पहिरन नै रोज्ने फेसन डिजाइनर तथा विक्रेताहरू बताउँछन् । गर्मी न्यून गर्ने लाइट कलरका भारतीय र युरोपेली सुती, जर्जेट, ब्रोकेट, सिफनका पहिरनको माग उच्च रहेको हेमाले बताइन् ।


युवतीहरू पाइन्टसँग पातला टप्स र सर्टमा देखिन्छन् । शरीरको पछिल्लो भाग खुल्ला रहने हल्टर स्लिभलेस र वान पिस ड्रेस त छँदैछ । हल्टर सिल्भलेसमा युवतीहरू निकै कामुक देखिन्छन् । गर्मीमा कुल देखिन थोरै शरीर




तस्बिर : साइबरसंसार डटकम

बाँकी पृष्ठ १० मा



२१ मा
जीउ खोल्नेहरू



४ मा
रमाइली रिञ्जी

साप्ताहिक


## क्यासेट

### बस्तीमा



गायक गंगा मासलको आधुनिक गीतिसंग्रह 'बस्तीमा' श्रोतामाझ आएको छ। संग्रहका सबै गीतका शब्द रचना तथा संगीत गायक स्वयंको छ। आठवटा गीत समाविष्ट यो संग्रहको बजार व्यवस्थापन पिक्सिज म्युजिक सेन्टरले हेरेको छ।

### परिवेश रिमिक्स



एबीसी म्युजिक प्रा.लि.को प्रस्तुतिमा परिवेश ब्यान्डका चर्चित गीतहरूलाई रिमिक्स भर्सनमा श्रोतामाझ ल्याइएको छ। परिवेश रिमिक्स शीर्षक राखिएको यो गीतिसंग्रहमा ट्याक्सी गुड्यो सरर, हातमा रुमाल, हिउँचोलीको काखैमा, मेरो मायाजस्ता चर्चित गीत समावेश छन्। गायक तिलकबम मल्लद्वारा स्वरबद्ध यो संग्रहमा शब्द तथा संगीत राजु ढकाल, शेषराज भट्टराई, शमशेर गहतराज, रमेश श्रेष्ठ, सुन्दर थापा, मिलन लामा, अनिल केसी, बीबी अनुरागी, वसन्त सापकोटा, विशालजित पालिखे, अभिमन्यूविक्रम राणा तथा एस ठाकुरको छ।

### झल्कैसाकारी



गायक आलाम्पु सन्जु (वलमान) थाङ्मीको पहिलो एकल गीतिसंग्रह 'बोरेको सांस्कृतिक झल्कै साकारी' श्रोतामाझ आएको छ। लोपोन्मुख थामी जातिका गायक वलमानले आफ्नो सांस्कृतिक पहिचानलाई जीवन्त राख्न यो गीतिसंग्रह बजारमा ल्याएका हुन्। संग्रहमा शब्द बलमान, सुवास थाङ्मी तथा रणबहादुरको छ भने स्वर ढुकी (कृष्णकुमारी, थाङ्मिनी टाङ्कीत्, सन्जु (वलमान) थाङ्मी सिमिरिस्मी तथा रणबहादुर थाङ्मी सिमीरिस्मीको छ।

## रंगमञ्च

-संगीत नाट्य एकेडेमीका लागि सक्रिय युवा रंगकर्मीहरूको दबाब समूहले लोकतन्त्र दिवसको अवसर पारेर गत साता माइतीघरस्थित मण्डलामा नाटक 'जनताको शक्ति' मञ्चन गऱ्यो। शाही शासनको अवधिमा जनताले गुमाएको स्वतन्त्रताको हकको विषयमा आधारित यो नाटकमा हिमालयन थियटरका कलाकारहरूले अभिनय गरेका थिए। निरकुंशताका विरुद्ध जनताको विजय सुनिश्चित भएकाले शाही शासन धेरै टिक्न नसकेको नाटकको सन्देश थियो। जेबी रुवालीद्वारा निर्देशित उक्त नाटकमा अञ्जु रुवाली, जेबी रुवाली, नवराज खड्का, प्रमिला महत, जीवनसाथी बस्नेत आदिले अभिनय गरेका थिए। नाटक मञ्चनअघि अब बन्ने संगीत नाट्य एकेडेमीलाई राजनैतिक भर्तीकेन्द्र बनाइनु हुँदैन भन्दै दबाब समूहले नयाँ बानेश्वरदेखि माइतीघरसम्म सडक ऱ्याली प्रदर्शन गरेको थियो।

-सर्वनाम नाट्य समूहले गत साता इलाममा नाटक 'नयाँ अध्याय' मञ्चन गऱ्यो। महिलाहरूको हकको विषयमा केन्द्रित यो नाटकमा महिलाका कठिनाइ, इच्छा, आकांक्षालाई महिला कलाकारहरूले राम्रोसँग प्रस्तुत गरेका थिए। अशेष मल्लद्वारा निर्देशित यो नाटकमा करिब एक दर्जन कलाकारले अभिनय गरेका थिए।

## ग्यालरी

-कलाकारद्वय अमिरबहादुर चित्रकार र अनुपज्योति चित्रकारको संयुक्त चित्रकला प्रदर्शनी बौद्धस्थित स्याटर्डे क्याफेको ग्यालरीमा सञ्चालन भैरहेको छ। सम्बन्धले बाबुछोरा कलाकारको यो संयुक्त प्रदर्शनी चैत २० गते प्रारम्भ भएको हो। आगामी वैशाख २८ गतेसम्म चल्ने यो प्रदर्शनीमा समसामयिक विषयमा आधारित दृश्यचित्र तथा मुहार चित्रहरू राखिएका छन्।

-कोरियाली कलाकार उसु जिनको एकल चित्रकला प्रदर्शनी कमलादीस्थित ३२ ग्यालरीमा वैशाख ८ गतेदेखि चलिरहेको छ। आगामी सोमबारसम्म चल्ने यो प्रदर्शनीमा १३ वटा मुखुण्डो चित्र समावेश छन्। पहिलो पटक नेपालमा प्रदर्शनी गरेका कलाकार जिनले यसअघि फ्रान्स, कोरिया आदि मुलुकमा आफ्नो कला प्रस्तुत गरिसकेका छन्। जिनका चित्रले कोरियन संस्कृतिलाई उजागर गरेका छन्।

-कलाकार किरण मानन्धरले नेपाली चित्रकला इतिहासमा नयाँ कीर्तिमान राखेका छन्। गत शुक्रबार उनले एकै दिनमा १ सय २० मिटर लामो क्यानभास तयार गरेर उक्त कीर्तिमान राखेका हुन्। शुक्रबार बिहानैदेखि धरहराको टुप्पोबाट कला सिर्जना गर्न थालेका चित्रकारले साँझसम्म चित्र कोरेका थिए। अबको नेपाल शीर्षक राखिएको उक्त क्यानभास भुइँसम्म लत्रिएपछि धरहरा परिसरमा उभिएका धेरै जना अचम्मित भएका थिए।

-कलाकारहरू डा. लय मैनाली, सुदर्शनविक्रम राणा तथा सुनीता राणाको संयुक्त चित्रकला प्रदर्शनी दरबारमार्गस्थित 'द आर्ट सप ग्यालरी' मा सञ्चालन भैरहेको छ। गत आइतबार प्रारम्भ भएको उक्त चित्रकला प्रदर्शनीको शीर्षक 'प्रकृतिका रंगहरू' राखिएको छ। आजसम्म चल्ने यो प्रदर्शनीमा प्राकृतिक दृश्यहरूलाई क्यानभासमा उतारिएको छ।

## पुस्तक

### मेरो जीवनयात्रा : केही सम्झनाहरू

नेकपा एमालेका नेता भरतमोहन अधिकारीले लेख्नुभएको आत्मकथा 'मेरो जीवनयात्रा : केही सम्झनाहरू' माधवप्रसाद धितालले प्रकाशित गरेका हुन्। नेता अधिकारीले राजनैतिक संघर्ष एवं उपलब्धिहरूको सेरोफेरोमा केन्द्रित रहेर प्रस्तुत गर्नुभएको यो पुस्तक नयाँ पुस्ताका राजनीतिकर्मीहरूका लागि प्रेरणात्मक त छँदै छ, त्यसबाहेक नेपालको वामपन्थी राजनीतिलाई ऐतिहासिक पृष्ठभूमिमा अध्ययन गर्न चाहनेहरूका लागि पनि यो पुस्तक एउटा राम्रो साधन हुन सक्छ। पुस्तकको मूल्य २ सय ५० रुपैयाँ छ।



## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

खर्च एवं विवाद बढ्नेछ। काममा सफलता पाउन मुस्किल पर्ला। घरेलु समस्याले सताउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। बुद्धिले बेलामा काम गर्ने देखिँदैन। सानो भूलको पनि ठूलो परिणाम निस्कन सक्छ। आइतबार तथा सोमबार प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। फलदायी व्यवसाय तथा यात्रा हुने योग छ।

### वृष

साता मध्यम छ। सुरुमा पराक्रम एवं सोच्ने शक्ति बढ्ने, काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। नोकरीमा सफलता पाइनेछ। राजनीतिमा सुधार आउनेछ भने भाग्यले साथ दिनेछ। अरूबाट सहयोग पनि पाउनुहोला। आइतबार, सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### मिथुन

उतारचढाव आउने हुँदा काम गर्दा सजग रहनुहोला। मनको दुविधा समयमै हटाउनु उचित हुन्छ। पुराना असफलताको सम्झनाले मन दुःखी हुनसक्छ। मान-सम्मान पाइने तथा धन आर्जन हुने योग यथावत् रहनेछ। अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुन सक्छ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ। झूटा आरोप पनि लाग्नसक्छ।

### कर्कट

नैराश्यता एवं उदासीनता बढ्नेछ। कामको बीचमा अवरोध आउनेछ भने कुरा काट्नेहरू सक्रिय रहनेछन्। रिसको वेग बढ्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सफलताका लागि धैर्यपूर्वक अघि बढे आइतबारदेखि मान-सम्मान मिल्ने, काममा सफलता प्राप्त हुने देखिन्छ। धन आर्जन गर्ने अवसर पनि प्राप्त होला। अरूबाट सहयोग पाइनेछ।

### सिंह

स्वास्थ्य गडबड रहने एवं काममा अवरोध आउने योग छ। मन चिन्तित रहला। समयमा निर्णय नहुँदा आफ्ना काममा अरूले नै अधिकार जमाउनेछन्। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मंगलबारदेखि मान-सम्मान मिल्नेछ भने काममा सुधार आउने तथा प्रसन्नता बढ्ने देखिन्छ। आम्दानी पनि बढ्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। काममा गोप्यता अपनाउनुहोला।

### कन्या

सुरुमा व्यवसाय बढ्ने तथा यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउन पाइनेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। मान-सम्मान पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर मिल्नेछ। आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा शरीरमा चोटपटक लाग्ने देखिन्छ। अध्ययनमा बाधा खडा हुनसक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। झूटा आरोप पनि लाग्नसक्छ।

### तुला

प्रशस्तै परिश्रम गर्नुपर्ला। घरेलु समस्याले सताउने योग छ। आफन्त बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। काम गर्दा संयमित रहनुहोला। स्वास्थ गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। आइतबार, सोमबार तथा मंगलबार व्यवसाय बढ्ने, काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। अरूको सहयोग पनि पाइनेछ।

### वृश्चिक

गलत विचार बढ्नाले काममा अवरोध आउनेछ। मनमा दुविधाले डेरा जमाउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय बढ्ने तथा यात्रा हुने देखिन्छ। धन आर्जन पनि हुनसक्छ।

### धनु

घरेलु समस्याले सताउनेछ। गलत विचार बढ्नुका साथै काममा अवरोध आउन सक्छ। अध्ययनमा विलम्ब हुने तथा शत्रु बढ्ने योग छ। स्वास्थ्य गडबड हुनसक्छ। अरूको काम धेरै गर्नुपर्ला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। परिश्रम गर्दा काममा सुधार आउनेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। सफलताका लागि गोपनीयता अपनाउनुहोला। सवारी चढ्दा वा चलाउँदा सजग रहनुपर्ने बेला छ।

### मकर

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान पनि पाउनुहोला। व्यवसायमा सफलता मिल्नेछ भने अध्ययनमा सुधार आउनेछ। धन आर्जन हुनसक्छ। आइतबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। शत्रु सक्रिय रहनेछन्। झूटा आरोप लाग्न सक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

### कुम्भ

विवाद बढ्नेछ भने काममा अवरोध आउनेछ। धेरै खर्च गर्नुपर्ला। घरेलु समस्याले सताउनेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपर्ला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। सानो भूलको ठूलो परिणाम भोग्नुपर्ने हुनसक्छ। आइतबार, सोमबार तथा मंगलबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूलाई विश्वास दिलाउन सकिनेछ। व्यवसायमा सुधार आउनेछ। यात्रा हुनसक्छ।

### मीन

मान-सम्मान मिल्नेछ। भोज-भतेर तथा सभा-सम्मेलनहरूमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्ने योग छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ। व्यवसायमा सफलता प्राप्त हुनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। ठूला व्यक्तिले सहयोग गर्नेछन्। आइतबार, सोमबार तथा मंगलबार विवाद एवं चिन्ता बढ्नेछ। काम गर्दा गोपनियता अपनाउनुहोला।

## यो साताको पञ्चाङ्ग

वैशाख २१ गते : विश्व प्रेस स्वतन्त्रता दिवस, २२ गते : विश्व अग्नि नियन्त्रक दिवस, २३ गते : मातातीर्थ औंशी, २४ गते : मछिन्द्रनाथ रथारोहण, किराँत समाज सुधार दिवस, २५ गते : परशुराम जयन्ती, २६ गते : विश्व रेडक्रस दिवस, अक्षय तृतीया, कानुन दिवस,

## साता संक्षेप

**वैशाख १३ गते शुक्रबार**

• कांग्रेस कार्यसमितिको बैठक सम्पन्न, माओवादीइतर संयुक्त सरकार बनाउन सुझाव ।

**वैशाख १४ गते शनिबार**

• समानुपातिकको मतपरिणामको अन्तिम नतिजा सार्वजनिक, संविधानसभामा २५ दलले प्रतिनिधित्व गर्ने ।

• संविधानसभा निर्वाचनमा धाँधलीको आरोप लगाउँदै पुनः निर्वाचन गराउन संविधानसभा अदालतमा छवटा उजुरी ।

**वैशाख १५ गते आइतबार**

• विश्व हिन्दू महासंघको २० औं सभाद्वारा नेपाल हिन्दू अधिराज्य नै हुनुपर्नेमा जोड, सम्मेलनलाई राजाको शुभकामना सन्देश ।

**वैशाख १६ गते सोमबार**

• मधेसी जनअधिकार फोरमद्वारा अन्तरिम संविधानमा सरकार बनाउन आवश्यक पर्ने दुईतिहाईको प्रावधान हटाउन प्रमुख तीन दललाई प्रस्ताव, दलहरू सहमत ।

**वैशाख १७ गते मंगलबार**

• साताको २१ घन्टा लोडसेडिङ घट्यो, उपभोक्तामा विद्युत् कम खर्च गर्ने बानीको विकास भएकोमा प्राधिकरण सन्तुष्ट ।

**वैशाख १८ गते बुधबार**

• मधेसी जनअधिकार फोरमका तर्फबाट बारा-१ बाट निर्वाचित शरदसिंह भण्डारीलाई संविधानसभा अदालतद्वारा हालका लागि संविधानसभा सदस्यका रूपमा कारबाही अघि नबढाउन निर्वाचन आयोगलाई निर्देशन ।

# नयाँ सरकार गठनमा किचलो

**साप्ताहिक समाचार**

काठमाडौं, संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भए पनि नयाँ सरकारको गठनमा समस्या देखिएको छ । निर्वाचनले नेकपा (माओवादी) लाई ठूलो दलका रुपमा स्थापित गरे पनि संविधानमा उल्लेख भएअनुसार आवश्यक सिट प्राप्त नभएपछि सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा विवाद उत्पन्न भएको छ । नेकपा (माओवादी) ले ठूलो दलको मान्यता तथा नेपाली जनताको चाहाना अनुसार नेतृत्व आफूले गर्न पाउनुपर्ने दाबी गरेको छ । उसको यो दाबीलाई नेपाली कांग्रेस बाहेकका दलहरूले समर्थन गरिसकेका छन् । यद्यपि नेकपा (एमाले) ले पनि अप्रत्यक्ष रूपमा माओवादीको सरकारलाई सहयोग नगर्ने रणनीति अख्तियार गरेको छ । फलस्वरूप नयाँ सरकार निर्माणमा किचलो उत्पन्न भएको छ ।

गत साताभरि दलहरू निर्वाचनको समीक्षा तथा नयाँ सरकारको गठन प्रक्रियामा छलफल गर्न व्यस्त रहे । निर्वाचनको परिणाम प्राप्त हुनेबित्तिकै आफ्ना सम्पूर्ण मन्त्री फिर्ता बोलाएको नेकपा (एमाले) ले परिस्थिति आफ्नो अनुकूल भए मात्र सरकारमा जाने रणनीति लिएको छ । एमाले निकट सूत्रहरूका अनुसार नेकपा (एमाले) ले सरकारमा सामेल हुन महत्त्वपूर्ण मन्त्रालय माग गरेको छ । एमाले मन्त्रीहरू परिवर्तन भए पनि पहिले आफूले लिएका मन्त्रालय नै आफूले सम्हाल्न पाउनुपर्ने मागमा अडिग रहेको बुझिएको छ । विशेषगरी परराष्ट्र तथा शिक्षा मन्त्रालयमा एमालेले दाबी गरेको बताइन्छ ।

नेकपा (माओवादी) ले भने शिक्षा मन्त्रालय एमालेलाई दिन सकिने तर परराष्ट्र मन्त्रालयमा दाबी नगर्न अनुरोध गरेको बताइन्छ । दातृ निकायहरूले अविस्वास गरिरहेको अवस्थामा परराष्ट्र मन्त्रालयअन्तर्गत आफ्नो परराष्ट्र सम्बन्ध सुधार गर्ने नीति माओवादीको छ । माओवादीले आफ्नो नेतृत्वसहित गृह, रक्षा, अर्थ तथा परराष्ट्र मन्त्रालय लिने निर्णय गरेको बताइन्छ । गत साता तीन दिनसम्म चलेको माओवादीको पूर्ण केन्द्रीय समितिको बैठकले पनि अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार बन्ने तथा महत्त्वपूर्ण मन्त्रालय लिनुपर्ने निर्णय गरेको हो । माओवादीको यो निर्णयपछि पनि नेकपा (एमाले) ले परराष्ट्र मन्त्रालयको दाबीलाई फिर्ता लिएको छैन ।

अर्कातर्फ दोस्रो ठूलो दल नेपाली कांग्रेसले भने तुरुन्तै सरकारको स्वरूप परिवर्तन नहुने संकेत दिएको छ । गतसाता कांग्रेस केन्द्रीय समितिको बैठकमा अधिकांश सदस्यले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकार कायमै रहनुपर्ने सुझाव दिएपछि यस्तो संकेत देखिएको छ । उक्त बैठक जारी रहँदा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रेस विज्ञप्ति जारी गर्दै वर्तमान सरकारले नै गणतन्त्र कार्यान्वयन गर्न अन्तरिम संविधानले निर्देश गरेका कारण त्यही अनुसार कार्य गर्न सबै दललाई आह्वान गरेका छन् । विज्ञहरूले प्रधानमन्त्रीले यस्तो विज्ञप्ति जारी गर्नुका पछाडि आफ्नो दलका केन्द्रीय सदस्यको दबाब मात्र नभै, अन्तर्राष्ट्रिय समुदायको आग्रहलाई पनि कारण मानेका छन् ।

माओवादीले एक पटक सत्ता आफ्नो हातमा लिएपछि त्यसलाई कुनै पनि मूल्यमा छाड्दैनन् भन्ने आसंकाका कारण संविधान निर्माण अवधिभर वर्तमान सरकार नै कायम रहनुपर्ने सुझाव प्रधानमन्त्रीलाई दिइएको हुनसक्ने अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय समुदायले कांग्रेसका केन्द्रीय नेता तथा एमालेका प्रभावशाली नेताहरूलाई पनि यस्तै आसयका सुझाव दिएको बताइन्छ । यद्यपि प्रकट रूपमा भने सबैजसो मित्रराष्ट्रले माओवादीको नेतृत्वमा बन्ने सरकारलाई आफूले सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । राजनीतिशास्त्रीहरूले यसलाई मित्रराष्ट्रहरूको कूटनीतिका रूपमा व्यख्या गरेका छन् ।

अहिले नेपाली कांग्रेसका नेताहरूले प्रधानमन्त्रीले राजीनामा दिन नहुने तथा एमालेको सरकारमा सामेल नहुने अभिव्यक्ति आउनुका पछाडि अन्तर्राष्ट्रिय दबाबलाई पनि कारण मानिएको छ । प्रचण्डले एक साताअघि नेपालमा रहेका सबैजसो राजदूतलाई भेट्नुका पछाडि पनि यही कारण रहेको बताइन्छ ।

कुनै बेला तीतो सम्बन्ध रहेको नेकपा (माओवादी) तथा मधेसी जनअधिकार फोरमबीच सरकार निर्माणका विषयमा भने एकमत देखिएको छ । फोरमले संविधानलाई कारण देखाएर नेपाली जनताको जनादेशविरुद्ध नजान चेतावनी दिएको छ । मधेसी जनअधिकार फोरमका संयोजक उपेन्द्र यादवले एक साताअघि पत्रकार सम्मेलन गरी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग गरे । उनले नयाँ सरकार गठनमा बाधक रहेको अन्तरिम संविधान संशोधनको माग पनि गरेका छन् । यसका लागि उनले प्रमुख तीन दलका नेतासँग भेटेर नयाँ सरकार गठनका लागि बाधक रहेको अन्तरिम संविधान संशोधनका लागि मार्ग प्रसस्त गर्न अनुरोध गरेका छन् । सूत्रका अनुसार फोरम नयाँ सरकारमा कम्तीमा तीन मन्त्रालय पाए जाने मनस्थितिका साथ काठमाडौं भित्रिएको छ ।

माओवादीका अध्यक्ष प्रचण्डले यादवसँगको भेटमा पुराना मतभेद बिर्सेर नयाँ संविधानका लागि योगदान दिन तथा सरकारमा सामेल हुन आग्रह गरेका छन् । यद्यपि प्रचण्डले नयाँ सरकार गठनमा संविधान बाधक नहुने भएकाले संविधान संशोधन आवश्यक नरहेको पनि बताएका थिए । यादवले संविधान संशोधनको अडान दोहोऱ्याए पनि नयाँ परिस्थितिमा फोरम तथा माओवादीबीच रहेको तिक्तता कम हुने विस्वास व्यक्त गरेका थिए ।

सरकार गठनका विषयमा माओवादी तथा फोरमबीच कुरा मिले पनि संविधान संशोधनका विषयमा यी दुई दलबीच मतभिन्नता कायमै छ । नेपाली कांग्रेसले प्रधानमन्त्रीलाई राजीनामा नदिन दबाब दिएको छ भने अन्तर्राष्ट्रिय समुदायले अप्रत्यक्ष रूपमा कांग्रेसको नीतिलाई साथ दिएका छन् । नेकपा (एमाले) ले सरकारमा फर्कन केही सर्त राखेकाले नयाँ सरकारको गठन समय लम्बिने संकेत देखिएको हो ।


**तु. आवश्यकता**

NGO को सहयोगमा संचालित नेपाल सरकारबाट मान्यता प्रप्त कार्यालयकोलागी कर्मठ, इमान्दार तथा प्रगतिशिल व्यक्तित्व भएका १५ महिला कर्मचारीको आवश्यकता भएकोले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला । **योग्यता**: Test-SLC+ above

**सम्पर्क**:
२०७३६१६, ९८५१०२९१९३
९८४१६६११२४

**कार्यालय समय**: १० देखी ५ बजेसम्म

**नोट**: Urgent wanted भएकोले शनिवार पनि कार्यालय खुल्ला रहनेछ ।

## सम्पादकीय

# स्वतन्त्रताको सम्मान

भोलि शनिबार विश्व समुदायसँगै हामी पनि प्रेस स्वतन्त्रता दिवस मनाउँदैछौं । हरेक वर्ष ३ मेका दिन मनाइने प्रेस स्वतन्त्रता दिवसले सबै खालका स्वतन्त्रताको मानवीय चाहनालाई मुखरित गर्दै आएको छ । विश्वव्यापी रूपमा मान्यताप्राप्त मानवीय स्वतन्त्रताहरूलाई कसैले पनि कुनै पनि बहानामा निस्तेज गर्न नसकोस् भन्ने खबरदारी स्वतन्त्र प्रेसले नै गर्ने भएकाले प्रेसलाई राज्यको चौथो अंगका रूपमा स्वीकार गरिएको हो । खासगरी दोस्रो विश्वयुद्धपछि विश्वराजनीतिमा देखा परेको व्यापक ध्रुवीकरण र त्यस्तो ध्रुवीकरणको विपक्षमा वकालत गर्दै आएको स्वतन्त्र प्रेसले जहिले पनि कुनै खास किसिमको राजनैतिकवाद वा सिद्धान्तको पक्ष वा विपक्षमा भन्दा जनताको सुसूचित हुने नैसर्गिक अधिकारको संरक्षण गर्दै स्वतन्त्रताका पक्षमा आवाज उठाउँदै आएको छ । कुनै पनि मुलुकका नागरिक कति अधिकारसम्पन्न छन् वा कति सचेत छन् भन्ने कुराको ब्यारोमिटर पनि सम्बन्धित मुलुकको प्रेसले उपभोग गर्दै आएको स्वतन्त्रता नै हो । हाम्रो परिप्रेक्ष्यमा प्रेसको स्थितिलाई सन्तोषजनक मात्रै मानिएको छ । स्वतन्त्रताको दृष्टिकोणले ०४६ सालको जनआन्दोलनअघि लगभग शून्य अवस्थामा रहेको नेपालको प्रेसले ०४६ सालको जनआन्दोलनपछि मात्र स्वतन्त्रताको अनुभूति गरेको हो । बितेका १८ वर्षमा नेपाली प्रेसले जे-जस्ता अधिकारप्राप्त गरेको छ त्यसलाई जगेर्ना गर्दै अझ सबल र सक्षम बनाउने जिम्मेवारी नयाँ पुस्ताका पत्रकारहरूको काँधमा आइपरेको छ ।

अहिलेको समय नेपाली प्रेसका लागि मात्र नभएर राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सबै क्षेत्रका लागि संक्रमणकालीन अवस्था हो । संविधानसभाको निर्वाचन भैसकेको, संविधानसभाको स्वरूपको छिनोफानो भैसकेको तर त्यसका गतिविधिहरू सुचारु भै नसकेको अहिलेको अवस्थामा नेपाली प्रेसले थप चनाखो हुनुपर्छ । संविधानसभाले मुलुकलाई सबै किसिमका जडताबाट मुक्ति दिने प्रचलित मान्यता छ । अहिले नेपाली प्रेसले संविधानसभाका गतिविधिहरूलाई सिंहावलोकन गर्ने मात्र नभै त्यसका सही वा गलत जस्तोसुकै क्रियाकलापप्रति खबरदारी गर्दै जनतालाई सुसूचित गराउने आफ्नो धर्म निर्वाह गर्नुपर्छ । कुनै पनि किसिमको निरंकुशता र तानाशाहीको विपक्षमा रहने र जनताबाटै निर्वाचित भए पनि बहुमतको आडमा नयाँ खालको सर्वसत्तावादको पक्ष पोषण गर्ने कुनै पनि राजनैतिक दल वा नेताको मनसायविरुद्ध प्रेस जगत् सदैव सचेत रहँदै आएको छ । यो परिप्रेक्ष्यमा नेपाली प्रेसले पनि आगामी दिनमा जनताका अधिकारहरू कुनै पनि पक्षबाट कुण्ठित नहोस् भनेर खबरदारी गरिरहनुपर्छ । अन्त्यमा, विश्व प्रेस स्वतन्त्रता दिवसकै अवसर पारेर नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघको महाधिवेशन सम्पन्न हुँदैछ । यस अवसरमा महाधिवेशनको सफलताका लागि हाम्रो हार्दिक शुभकामना । महाधिवेशनले छनौट गर्ने नयाँ नेतृत्वले नेपाली पत्रकारितालाई नयाँ नेपालको गोरेटोमा डोऱ्याउन सफलता प्राप्त गर्नेछ भन्ने आशा एवं विश्वास पनि व्यक्त गर्दछौं ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### दिगो मित्रता कायम गर्नु छ भने

जीवनमा असल मित्र पाउन र चिन्न गाह्रो छ । सम्पत्तिमा सबैको हाईहाई विपत्तिमा कोही छैनन् साथीभाइ भनेझैं स्थिति अनुकूल हुन्जेल सबै वरिपरि झुम्मिन्छन्, तर अवस्था प्रतिकूल भए सबै लाखापाखा लाग्छन् । मित्रताको वास्तविक परिचय त विपत्तिमा हुन्छ । नक्कली मित्रहरू आफ्नो स्वार्थसिद्ध गर्नपट्टि लाग्छन् । सक्कली साथी भने दुःख, कष्ट, पीडाको भोगाइमा सँगसँगै हुन्छन् । मित्रता भनेको हृदयले अनुभव गर्ने कुरा हो । मित्रताले धनी-गरिब हेर्दैन । जात, धर्म, लिङ्ग र पेसा विचार पनि गर्दैन । आपसमा मन मिल्यो कि मित्रता कायम हुन्छ । मित्रता हृदय-हृदयबीच कुनै हुने सम्बन्ध हो, जुन आनन्द र सन्तोषको वातावरण हुर्किएर झाङ्गिन्छ ।

सच्चा मित्रले दुःख, कष्ट एवं निराश भएका बेलामा ढाडस दिन्छ । संकट चुनौतीहरूसँग सामना गर्न भरोसा मिल्छ । आफूमा मित्र पनि साथ छ भने डरको अनुभूति हुँदैन । यही दृढ शक्ति एवं अनुभूतिले मनलाई आश्वस्त बनाउँछ । मित्रताको प्रभावले हृदयमा हर्ष, खुसी एवं आनन्दको वर्षा हुन्छ । यही आनन्दले राम्रो बानीको विकास गराउँछ । आपसमा सम्बन्ध छ तर त्यागको भावना छैन भने त्यो सही अर्थमा मित्रता होइन । त्यो त सम्पर्क मात्र हो । आफ्नो र अर्काको भलो चाहने र त्यसका लागि हरदम तत्पर रहने व्यक्ति नै असली मित्र हो । मित्रता गाँस्नुअघि उसका व्यवहार र स्वभावका सम्बन्धमा खोजीनिती नगरी उसको वेशभूषा, राम्रो अनुहार, मीठो बोली र ढाँचाकाँचाबाट मात्र प्रभावित हुन्छौं, तर व्यवहार गर्दै जाँदा निराश हुन्छौं । स्वार्थी व्यक्तिसँगको मित्रता स्वार्थ पूर्ति हुनेबित्तिकै समाप्त हुन्छ र तिनीहरूसँग स्थायी रूपले मित्रता पनि हुँदैन ।

को कस्तो छ भन्ने कुरा संगत गरेपछि मात्र थाहा हुन्छ । असल र खराब छुटाउने कुनै वैज्ञानिक पद्धति छैन । सही मित्र छान्नु गाह्रो कुरा हो । को मानिस कस्तो छ भन्ने कुराचाहिँ विचार र उसको हाउभाउबाट थाहा पाउन सकिन्छ । सद्भाव र सदविचार भएको मानिस असल हुन्छ । जसको आचरण र विचार खराब छ उसको बुद्धि पनि खराब हुन्छ । खराब आचरणको प्रभावले जहिले पनि अरूको अहित गर्छ । त्यस्ता व्यक्तिको हृदयले असल विचार ग्रहण गर्न सक्दैन । असल मित्रको पहिलो सद्गुण भनेकै अरूको कदर गर्ने भावना हो । भगवान् श्रीकृष्णले मित्रका रूपमा कदर गर्न बालसखा सुदामालाई कत्ति पनि बिर्सनुभएन । मित्र बनाउनुअघि उसमा गुणहरू के छन् ? व्यवहार कस्तो छ ? दुर्गुणहरू के हुन सक्छन् ? जस्ता कुराको मनन गर्नुपर्छ । संगतको प्रभावले गर्दा उसका सद्गुणहरूले हामीलाई असल मानिस बनाउँछ । हामीभित्र पनि सद्गुणको विकास भै मित्रता दरिलो हुन्छ, जसका लागि विश्वास आवश्यक हुन्छ ।

मित्रतालाई सफलतापूर्वक निर्वाह गर्न दुवै थरीमा त्यागको भावना आवश्यक हुन्छ । मित्रबाट जानेर वा नजानेर कहिलेकाहीं सानातिना गल्ती हुन्छन् । मित्रतालाई त्यस्तो गल्ती सच्याउन अभिप्रेरित गरी सत्मार्गमा हिंड्न सिकाउनुपर्छ । यो नै असल मित्रको कर्तव्य हो । हरेक मानिसमा बेग्लाबेग्लै विचार र तर्क गर्न सक्ने क्षमता हुन्छ । अतः कुनै पनि मित्रले व्यक्त गरेको विचार वा प्रस्ताव अन्धाधुन्ध समर्थन गर्नैपर्छ भन्ने आवश्कता छैन । असल मित्र छान्नुपर्छ भन्ने भावना लिएर मात्र पुग्दैन । मित्रतालाई विशाल पीपल र वरको सुखदुःख र अभावमा साथ दिई जस्तोसुकै परिस्थितिलाई पनि सुल्झाउन सहयोग गर्नुपर्छ । मित्रमा दिदी-बहिनीको जस्तो निःस्वार्थ भावना, आमाको जस्तो ममता र बाबुको जस्तो प्रेरक गुण हुनुपर्छ ।

**–मीरादेवी श्रेष्ठ**

### राज्य र नागरिकको भूमिका मुख्य

परिभाषालाई सरलीकरण गर्ने हो भने संविधानसभा भनेको संविधान निर्माणका लागि जनताले आफ्नो बालिग मताधिकारको प्रयोग गरी योग्य, निष्पक्ष प्रतिनिधिलाई चुन्ने प्रक्रिया हो । यसरी संविधानसभामा सबै जाति, लिङ्ग, धर्म र प्रदेशको प्रतिनिधित्व हुने हुनाले यी सबैलाई समेटेर संविधानसभाले नयाँ संविधान घोषणा र लागू गर्छ । यसरी नयाँ संविधानको घोषणासँगै अन्तरिम संविधानमा पूर्णविराम लाग्छ ।

संविधानसभा ऐतिहासिक कदम हो । यो कुनै पनि मुलुकको भाग्यमा एकचोटि मात्र आउँछ । पुरानो संविधानका हितकारीहरू नयाँ संविधानमा आफ्नो हक र अधिकार तुहिने भयले नानाभाँतिका बाधा र अड्चन सिर्जना गर्न सक्छन् । त्यस्ता प्रतिगामी तत्त्वको चलखेललाई बुझेर संविधान निर्माण गर्नेहरू चनाखो हुनुपर्छ ।

संविधानसभामा सबै जाति, लिङ्ग, धर्म र प्रदेशको प्रतिनीधित्व भएको छ । अब पुरानो संविधानभन्दा नयाँ संविधान पृथक् र अधिकारमुखी बन्छ भन्ने अपेक्षा आमनेपालीको छ । राज्यले प्रचारप्रसार गरी सकल जनतालाई संविधानको गुढार्थ बुझाउने प्रयत्न थाल्नुपर्छ भने देशका नागरिकले पनि संविधान हाम्रै निम्ति हो भनेर राज्यले सिर्जिने भौतिक पूर्वाधारमा आफ्ना पाखुरा खियाउन कन्जुस्याइँ गर्नु हुँदैन । राज्य र नागरिकले संविधानसभालाई पुरानो नेपाल र नयाँ नेपालको सेतुका रूपमा बुझेर, संविधानसभाको कच्चापनले मुलुक नै टुट्न सक्ने खतरा रहने कुरा बुझ्दै विगतबाट पाठ सिक्नुपर्छ ।

**–प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर, काठमाडौं**

## तीतो सत्य

- पुस्तकभित्र रहेका शब्द-शब्द र वाक्य-वाक्यमा चिन्तन गर ।
- तिमी अरूबाट केही सहयोग पाउने अपेक्षा राख्छौ भने आफू पनि अरूको सहयोगका लागि केही गुमाउन तत्पर बन ।
- शत्रुसँग शत्रुताको व्यवहार नगर । घनिष्ट मित्रसँग पनि सधैंभरि आफ्नो गोपनियता नखोल । एक दिन तिम्रो शत्रु नै तिम्रो घनिष्ट मित्र बन्न सक्छ भने घनिष्ट मित्र शत्रु बन्न सक्छ ।

**दीक्षा पौडेल**

- असल व्यक्तिले कसैको अपमान पनि गर्दैन र सहेर पनि बस्दैन ।
- दयाको पात्र बन्नुभन्दा इर्ष्याको पात्र बन्नु ठीक हुन्छ ।
- कि राम्रो लेख्न सिक कि लेख्दै नलेख ।
- राम्रो स्वभावले कुरूपलाई पनि राम्रो बनाउँछ ।

**भगवती पौडेल, मन्थली, रामेछाप**

- बितिसकेको कुरामा चिन्ता लिनु व्यर्थ छ, बरु त्यसको समाधानतिर लाग्दा फाइदा हुन्छ ।
- अचानक गल्ती हुनु पनि शिक्षा लिने अवसर पाउनु हो ।

**रमेश श्रेष्ठ, कुश्मा**

- मनमा डर त्रास छ भने सबैतिर खतरै खतरा देखिन्छ ।

**पद्मा सिटौला, इटहरा-९, मोरङ**

- स्वार्थी दुनियाँले घेरेको संसारमा सबै मानिस स्वार्थी छन् । कसैको दयामायामा पनि विश्वास नगरौं किनकि दयामा पनि स्वार्थ हुन्छ ।
- मानिसको रगत एकै किसिमको हुन्छ तर मन, विचार र भावना भने कदापी एक हुन सक्दैन ।

**सुशीला, ताहाचल, काठमाडौं**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## नीति नियम

कुनै पुरुषले आफ्नी श्रीमती, आमा, बाबु, नाबालक, भाइ-बहिनी अथवा विधवा दिदी-बहिनी तथा उनीहरूका सन्तानको भरणपोषण गर्दैनन्, तिनलाई राज्यले जरिवाना गराउनुपर्छ । जुन पुरुष आफ्नी श्रीमती, छोरा आदिको जीवन निर्वाहको व्यवस्था नगरी सन्यास ग्रहण गर्छ उसलाई पनि राज्यले यथोचित दण्ड दिनुपर्छ । त्यसैगरी जसले आफ्नी श्रीमतीलाई सन्यासिनी बनाउने प्रयत्न गर्छ उसलाई पनि राज्यले दण्ड दिनुपर्छ । जब मानिसको काम विकार शान्त हुन्छ र गृहस्थीको कार्यभार पूरा हुन्छ तब मात्र धर्माचार्यहरूसँग सल्लाह लिई सन्यास आश्रममा प्रवेश गराउनुपर्छ ।

संन्यासीहरू तथा अन्य कुनै साधु-सन्तलाई स्वदेशी संघ-संस्थाका अतिरिक्त अन्य कुनै संस्था तथा स्थानीय ग्रामीण संस्थाहरूमा प्रवेश गर्न पाउने आज्ञा दिनुहुँदैन ।

ooo

बाबुआमा दुवै वा बाबुमात्र ज्यूँदो छदैमा छोराले आफ्नो पैतृक सम्पत्ति पाउने अधिकारी हुन सक्दैन । जब बाबुआमा दुवैको देहान्त हुन्छ तबमात्र बाबु, बाजे आदिदेखि चलेर आएको सम्पत्ति वा बाबुको धन छोराहरूले बाँडेर लिन सक्छन् । आ-आफूले कमाएको सम्पत्ति बाँड्नुपर्दैन । आफ्नो बाबुले कमाएको सम्पत्ति सबैले बाँडेर लिन सकिन्छ ।

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बञ्जारा




# अभियान बालबालिका

हिपहप गायक निर्णय श्रेष्ठ विशेष गरी सहरी बालबालिका तथा टिनएजर्सहरूमा निकै लोकप्रिय छन् । त्यसैले उनका कन्सर्टहरूमा धेरै दर्शक ५ देखि १२ कक्षाका विद्यार्थीहरू नै हुन्छन् । स्कुले विद्यार्थीहरू नै आफ्ना असली फ्यान भएको चाल पाएपछि अहिले निर्णय स्कुल धाउन व्यस्त छन् । 'निर्णय दा एनएसके टुर फर एजुकेसन एण्ड पिस' शीर्षकमा देशभरका विद्यालयहरूमा कार्यक्रम गर्न उनी लागिरहेका छन् ।उनी हिजोआज स्कुल-स्कुलमा जान्छन् । विद्यार्थीहरूसँग गाउँदै-नाच्दै रमाइलो गर्छन् । अटोग्राफ दिन्छन्, तस्बिर खिच्छन् अनि किताब, कापी, कलम र कपडा संकलन गर्छन । किन ? निर्णय भन्छन्- 'द्वन्द्वपीडित, असहाय, गरिब, अनाथ तथा सडक बालबालिकाहरूलाई सहयोग जुटाउन ।'

कन्सर्ट धाउने फ्यानहरू निर्णय स्कुलमै आउने कुरा त सोच्दै नसोचेको बताउँछन् । उनीहरू आफ्ना प्रिय गायकलाई पुराना किताब, कापी, पेन्सिल, डटपेन, इरेजर र कपडा थमाइदिन्छन् । गत मङ्सिर महिनादेखि सुरु भएको उनको यो अभियान काठमाडौंका १० वटा विद्यालयमा सम्पन्न भैसकेको छ । राजधानीमा संकलित सामग्रीहरू जनकपुर र नुवाकोटका सार्वजनिक स्कुल तथा बालबालिकाहरूका निम्ति कार्यरत झन्डै दर्जन संस्थाहरूलाई उपलब्ध गराइएको निर्णयले बताए । गाउँका सामुदायिक विद्यालयमा पुस्तकालय खोल्ने उनको धोको रहेछ ।

उनको यो अभियानमा गायिका प्राश्ना शाक्य, हिपहप ब्याण्ड म्याडजोनलगायत नयाँ कलाकारहरूले साथ दिइरहेका छन् ।

**-राजु घिसिङ**

## साइबर गर्ल

# रमाइली रिञ्जी



सानैदेखि स्कुलमा नृत्य एवं नाटकमा अभिनय गर्ने रिञ्जी लामा अहिले म्युजिक भिडियोहरूमा व्यस्त छिन् । राजेशपायल राई र पवित्र सुब्बाको गीत 'तिम्रो जोवन...' को म्युजिक भिडियोमा अभिनय गरेर तीन वर्षअघि मोडलिङ सुरु गरेकी रिञ्जी अहिले अविनाश घिसिङको 'चम्पा तिम्रो याद...' गीतका कारण चर्चामा छिन् । ५ फिट २ इञ्च अग्ली तथा ३५X२५X३४ शारीरिक बनावटकी रिञ्जी नयाँ मान्छेसँग पनि चाँडै घुलमिल गर्न सक्छिन् । साथीहरूसँग रमाइलो व्यवहार गर्ने रिञ्जीको घरमा बोलाउने नाम सोनी हो ।

फुर्सदमा गीत सुन्ने सोनीको रुचि नृत्य र मोडलिङ नै हो । रिञ्जी भन्छिन्- 'भविष्यमा असल मोडल र क्याम्पस लेक्चरर बन्न चाहन्छु ।' रिञ्जीले हालै मात्र क्लिक धरान डटकमका लागि आकर्षक पोज दिएकी छिन् । वेबसाइटमा रिञ्जीका तस्बिर सार्वजनिक भएलगत्तै उनलाई म्युजिक भिडियोमा खेल्ने अफरहरू आएका छन् । तरहराकी रिञ्जी धरानमा बीएड अध्ययनरत छिन् । उनलाई पुरुषको मीठो स्वर र मुस्कानले चाँडै आकर्षित गर्छ । रिञ्जी भन्छिन्- 'फोनमै पनि मीठो स्वर सुनें भने भुतुक्कै हुन्छु ।'

**प्रस्तुति : गोपाल दाहाल**

## मुखाले

सेना समायोजन थाँती राख्नु नै एमाले हारको मुख्य कारण हो ।

**ईश्वर पोखरेल**
**उपत्यका इन्चार्ज, एमाले**

भारतसँग भएका सन्धि-सम्झौता खारेज गरेर नयाँ सन्धि गर्नुपर्छ ।

**पुष्पकमल दाहाल**
**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

कांग्रेसमा ठूलाको वर्चस्व धेरै भयो, अब असल मानिसको नेतृत्व आवश्यक छ ।

**डा. सशाङ्क कोइराला,**
**केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

कानुनी कुरा गर्ने हो भने ज्ञानेन्द्र र पारसलाई त जेलमा हाल्नुपर्ने कुरा उठ्छ ।

**बादल, नेता, नेकपा (माओवादी)**

नयाँ सरकार मेरो नेतृत्वमा बन्छ कि बन्दैन त्यो थाहा छैन, तर त्यो सहमतिमा बन्छ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

माओवादीले लुकाएर राखेका हतियार नष्ट गर्नुपर्छ ।

**गोपालमान श्रेष्ठ**
**उपसभापति, नेपाली कांग्रेस**


एक मधेस एक प्रदेशको माग पूरा नहुने सङ्केत पाए फोरम सरकारबाहिर बस्छ ।

**उपेन्द्र यादव**
**संयोजक, मधेसी जनअधिकार फोरम**

आफ्नो दललाई भड्खालोमा जाक्नेले राजीनामा दिएर मात्र पुग्दैन ।

**वामदेव गौतम, नेता, नेकपा (एमाले)**

हेमन्त शर्मा, पछिल्लो पुस्ताका चर्चित गायक। उनका फूल हौ भने बर्साइदेऊ, आउँदै गर मालती, माया सान्है महँगो आदि गीत लोकप्रिय मानिन्छन्। भैरहवाका स्थायी बासिन्दा शर्मा अहिले राजधानीमा बसेर आफनो गायन यात्रालाई अघि बढाइरहेका छन्। उनका चारवटा एल्बम ओ प्रिय २०५७, विशेष २०५९, लोकप्रिय २०६१ र आत्मीय २०६३ बजारमा आइसकेका छन्। पाँचौं एल्बमको तयारीमा रहेका गायक शर्मा भिन्न स्वरमाधुर्यका कारण युवा पुस्तामाझ परिचित गायक मानिन्छन्। अहिलेसम्म उनका ५० भन्दा बढी गीत रेकर्ड भैसकेका छन्।




**गायन क्षेत्रले तपाईंलाई छोटो समयमै कसरी चिनायो ?**

मूलतः यसमा श्रोता तथा सञ्चारकर्मीको ठूलो देन छ। त्यसैगरी आफ्नो संघर्षको कथा त छँदैछ। मलाई गायन क्षेत्रमा माया साह्रै महँगो गीतले परिचित गराउने काम गर्‍यो।

**गायनमा स्थापित हुन्छु भनेर नै तपाई भैरहवाबाट राजधानी छिर्नुभएको हो ?**

भैरहवामा अंकुरण भन्ने सांगीतिक समूह थियो। त्यतिबेला स्थानीय स्तरमा हाम्रो गायन समूह लोकप्रिय मानिन्थ्यो तर हाम्रो गायन मोफसलमै खुम्चियो। राजधानीसम्म हाम्रो आवाज पुग्न सकेन। मलाई पनि अब केही गर्नुपर्छ जस्तो लाग्यो र २०५२ सालमा भैरहवा छोडेर राजधानी भित्रिएँ।

**गायनमै जम्छु भनेर कहिलेदेखि लाग्नुभयो ?**

गाउन त म सानैदेखि गाउँथे। कुनै बेला सौखका रूपमा पनि गाइयो, तर अब गायनमै केही गर्नुपर्छ भनेर मैले २०४६ सालदेखि गायनको क्यारियरलाई अघि बढाउने काम गरें। राजधानी आएपछि नै मेरो सांगीतिक ढोका उघरियो।

**राजधानीमा टिक्न गाह्रो भएन ?**

मोफसलबाट आएकाले परिश्रम गर्न गाह्रो भयो। सहयोग पाउन पनि मुस्किल। आफैं गीत रचना गर्दै गाउनुपर्ने समस्या उस्तै। सुरुमा त सहरमा हराएको अनुभूति पनि गरें तर हरेस खाने काम भने कहिल्यै भएन।

**संगीतको ज्ञान कोबाट लिनुभयो ?**

यथार्थमा भन्दा म संगीतमा साक्षर हो। औपचारिक रूपमा गुरु गुरुदेव कामतबाट तीन महिना केही ज्ञान बटुलें। संगतमा विश्वास गर्ने भएकाले संगीतक्षेत्रका व्यक्तिहरूसँग सम्पर्क बढाउँदै लगें।

**तपाईंलाई कस्तो गायक भन्ने ?**

(हाँस्दै) त्यो त श्रोता तथा दर्शकले भन्ने कुरा हो। म आफूलाई मधुर गीत गुनगुनाउने एउटा गायकका रूपमा परिचय दिन चाहन्छु तर मलाई लाग्छ कलाकारको कुनै वर्ग हुँदैन, गीतहरूको वर्ग होला। त्यसो त म लोकशैलीदेखि पपसम्मका गीत गाउन सक्छु र गाएको पनि छु।

**गायनबाहेक अरू पेसा के छ ?**

विगत १२ वर्षदेखि इन्सुरेन्स कम्पनीमा कार्यरत छु। भर्खर गायनमा लम्कँदा यो नै मेरो प्रमुख पेसा थियो तर अहिले गायन नै मूल पेसा भएको छ। जागिर सहायक बनेको छ।

**तपाईंका कुन-कुन एल्बम चले ?**

पहिलो एल्बम व्यापारिक रूपले असफल रह्यो। दोस्रोले लगानीसम्म धान्यो, तेस्रो र चौथो एल्बमले नाफासमेत कमायो। चौथो एल्बम आत्मीय अहिलेसम्म बढी प्रति बिक्री भएको एल्बम हो।

**अहिले बजारमा एल्बम चलेका छैनन्, किन होला ?**

हामीकहाँ एल्बममा एउटा मात्र गीत राम्रो बनाउने चलन छ। जसले गर्दा श्रोता-दर्शकलाई खल्लोपन महसुस हुन्छ। त्यसैगरी एल्बम किनेर सुन्ने चलन पनि हामीकहाँ कमै छ। चेतनाको कमीले पनि यस्तो भएको हुन सक्छ।

**तपाईंका गीतका पारखी कस्ता पाउनुभएको छ ?**

नेपाली गाउँले परिवेश र माटो मन पराउनेले मलाई मन पराउनुभएको छ। साना बालबालिकादेखि वृद्ध-वृद्धासम्म मेरा गीतका पारखी छन्।

**–शिव शर्मा**

# फेवा महोत्सवमा संगीतको धूम

पोखरा- कुनै पनि महोत्सवमा विशेष आकर्षण सांगीतिक पक्ष नै हुन्छ। फेवा नगरीको बसन्धरापार्कमा ९ दिनसम्म चलेको पाँचौं फेवा महोत्सवमा पनि सांगीतिक कार्यक्रम महत्त्वपूर्ण रह्यो। कार्यक्रममा पप लोकदेखि रत्यौली गीतसम्म प्रस्तुत भए।

द एक्स ब्यान्डको चर्चित गीत एउटा चिठीको सहाराले देखि धर्मेन्द्र सेवानको रंग-रंग र अँधेरी रातसम्मले तन्नेरी दर्शकहरूलाई उफार्‍यो। स्थानीय चर्चित ब्यान्ड थर्ड आईले पनि दमदार प्रस्तुति दियो। त्यसो त फेवा महोत्सवको सांगीतिक कार्यक्रमको सबै जिम्मा सोही ब्यान्डले लिएको थियो। कार्यक्रममा पोखराका दर्जनौं पप ब्यान्ड तथा मेटल ब्यान्डहरूले आफ्नो प्रस्तुतिबाट दर्शकहरूलाई नचाए।

रातभरि पप कन्सर्टमा झुमेको महोत्सव दिउँसोभरि भने लोक तथा रत्यौलीमा झुमेको थियो। हरेकजसो पोखराको सांगीतिक कार्यक्रममा दर्शकलाई नचाउँदै आएकी लोकगायिका कोमल ओली  यस पटक पनि दर्शकलाई उफार्दै आफूसँगै नचाइन्। कार्यक्रममा दोहोरी गायक राजु परियारले पनि दर्शकलाई मनोरञ्जन दिए।

कार्यक्रममा पोखरेली कलाकारहरूबीच दोहोरीको घम्साघम्सी समेत चलेको थियो। विवाहको अवसरमा मात्र नाचिने रत्यौली प्रतियोगिता पनि कार्यक्रमको अर्को आकर्षण रह्यो। महिला नै पुरुषको पहिरनमा सजिएर  नृत्य गरेको दृश्यले पेट मिची-मिची हँसाएको थियो। महोत्सवका अन्य आकर्षणहरूमा मनोज गजुरेलको प्रहसन तथा अन्य चर्चित राष्ट्रिय हास्य अभिनेताहरूको प्रस्तुतिले कार्यक्रममा रौनक थपेको थियो। पोखरा होटल संघले आयोजना गरेको महोत्सवको उद्देश्य आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने थियो। कार्यक्रममा परिकार महोत्सव, बालउद्यान, सर्कस  तथा विभिन्न खेलकुद प्रतियोगिता पनि समावेश गरिएका थिए।

**–शिव शर्मा**

# सृष्टिको सर्वश्रेष्ठ रचना आमा



## सन्दर्भ : आमाको मुख हेर्ने दिन, वैशाख २३ गते

जननी जन्म भूमिश्च स्वर्गादपि गरियसी' अर्थात् आमा र मातृभूमि स्वर्गभन्दा प्यारा हुन्छन्। 'आमा' सृष्टिको सबैभन्दा सुन्दर एवं सर्वश्रेष्ठ रचना हो। भनिन्छ- ईश्वर स्वयंले सबैको हेरचाह गर्न सम्भव नभएकाले उसले आमाको रचना गरेको हो। आमा शब्दभित्र सम्पूर्ण संसार र संरचना नै समेटिएको छ। सृष्टिको सबैभन्दा सुन्दर कृति 'आमा' त्यो ध्वनि जसले हृदयको गहिराइलाई छुन्छ। प्रेम, स्नेह एवं आशा र विश्वासले भरिएको छ यो शब्द। आमा सर्वत्र, सर्वज्ञ र सर्वव्यापी छिन्। दुःखको क्षणमा उनी भरोसा हुन् भने कठिन समयका बेला आशा, कमजोर परेको बखत विश्वास हुन् उनी।

सृष्टिको हरेक कुरा आमाकै विस्तार रूप हो। सूर्यको मनमा पृथ्वीका लागि ममता छ- उसको काखमा पृथ्वीले स्नेहको गर्मी प्राप्त गर्छ, साँझ हुँदासम्म घामको छाता ओढाइरहन्छ सूर्यले, तबसम्म जब पृथ्वी समुद्रको संगीत र चराचुरुङ्गीको गीतका साथमा निद्रामा समाहित हुँदैन। यो पृथ्वी आमा हो, वृक्ष एवं फूलको। वृक्ष र फूल पनि आफ्नो बिउ र फूलको जन्मदाता हो। आदि रूपा अनादि-अनन्त छिन् आमा, सौन्दर्य र प्रेमको ओजस्वी स्रोत हुन् उनी।

शिशुको प्यारो मुस्कानमा आफ्नो सम्पूर्ण खुसी लुटाइदिन्छिन् आमाले, आफ्नो शिशुको निद्राका लागि स्वयं रातभरि जाग्छिन् आमा। उसको भविष्य बनाउन, समुज्वल गर्न, स्वयं आफ्ना सपना र इच्छा-आकांक्षालाई समेत भुल्न, त्याग्न तयार हुन्छिन् उनी। शब्द र अभिव्यक्तिभन्दा पर र संसारको हरेक सम्बन्धभन्दा माथि छिन् आमा। बाल्यकालको स्मृति पल्टाउने हो भने उनी आमा नै त थिइन् जसले हाम्रा शिर-पुच्छर नभएका असंख्य प्रश्न र जिज्ञासाको जवाफ दिन्थिन्। सानो बिरामीमा पनि रातभरि जागेर हाम्रो ख्याल गर्थिन्। परी, जनावर तथा प्राकृतिका अनगिन्ती कथाहरू सुनाएर हाम्रो निद्रा अझ गहिरो र मीठो बनाउँथिन्। आमा नै त हुन् जसले हाम्रो अन्तर्मनमा नैतिक, सामाजिक, मानवीय मूल्य एवं मान्यताको बिजारोपण गरेकी थिइन्। जसका कारण हामी वास्तविक अर्थमा पूर्णरूपमा मानव बन्न सकेका छौं।

आमा, शब्द मात्र सम्बोधन होइन, यो आफैमा सम्पूर्ण संसार हो। यो नै एउटा त्यस्तो शब्द हो जसमा जीवनका सबै शुभ अर्थ, शुभ आशय निहित हुन्छ। जननीलाई स्वर्गभन्दा गरिमामय भनिएको छ। यसको कारण सायद यो हो कि आमा सबै सुखसयलभन्दा बढी महत्त्वपूर्ण र मूल्यवान हुन्छ। पुरानो मान्यता अनुसार पुत्र त कुपुत्र पनि हुन सक्छ तर माता कहिल्यै कुमाता हुन सक्दिनन्। त्यसैले हाम्रो परम्परामा सम्पूर्ण नदीदेखि लिएर गाईसम्म सबै पवित्र प्रतीकलाई आमाको दर्जा दिइएको छ।

आमाले हामीलाई जीवन मात्र दिन्नन्, जीवन बाँच्न पनि सिकाउँछिन्। स्कूलको परीक्षादेखि लिएर जीवनको परिभाषासम्म आमाको स्नेहले भरिएको आशिषले हाम्रो मनमा नयाँ उत्साह जगाइदिन्छ। हाम्रा कदम लडखडाउनुपूर्व नै हाम्रो हात थाम्न उनी अघि बढ्छिन्। यो संसारमा निःस्वार्थ प्रेमको सबैभन्दा ठूलो उदाहरण हुन् आमा। उनी आफ्ना बालबच्चाको एक मुस्कानका लागि आफ्नो सम्पूर्ण जीवनको बलिदान दिन पनि पछि पर्दिनन्। त्यसको साटो आफ्नो सन्तानबाट केही पनि अपेक्षा गर्दिनन्। उनी मात्र दिन जान्दछिन्, लिने चाहना उनमा हुँदैन। परिवारमा जहाँ पिता अनुशासनको प्रतीक हुन्छ त्यहीं आमा ममता र वात्सल्यको साक्षात प्रतिमूर्ति हुन्छिन्।

डर वा संकोचका कारण आफ्ना पितासँग हामी आफ्नो मनको कुरा भन्न हिच्किचाउँछौं तर सानैदेखि हाम्रो स-साना खुसी, इच्छा, दुःख सबैको साझेदार रहँदै आएकी हुन्छिन् आमा। बालकले बोल्न नजानेको अवस्थामा पनि उसको मुक भाषा बुझ्छिन् आमाले। नभनिकनै आमाले सन्तानको सुख-दुःख निर्क्योल गर्न सक्छिन्। यो आमाको प्रेमको शक्ति नै हो जुन बिरामी बालकका लागि जति औषधी आवश्यक पर्छ त्यति नै आवश्यककता पर्छ आमाको स्नेहपूर्ण स्पर्शको। आमाको उपस्थितिले मात्रै पनि मनमा आत्मविश्वास र सुरक्षाको भावना जागृत हुन्छ। बालकको व्यक्तित्व विकासमा पिताको भूमिका नहुने होइन तर बाल्यवास्था हुँदै किशोरावस्था र युवावस्थामा जुन व्यक्तित्व सिर्जित हुन्छ त्यसको अधिकतर श्रेय आमालाई नै जान्छ। किनकि कठिन परिस्थिमा आमाको शितल छहारी प्रेरणाको ऊर्जा बन्छ भने सफलताको उचाइमा त्यही छहारी धैर्यताको बाटो।

त्यसो त समयसँगै आमाको भूमिकामा पनि धेरै परिवर्तन आएको देखिन्छ। उनी अब परम्परागत स्वरूपमा मात्र नभएर समाजमा आफ्नो अलग पहिचान राख्न सक्षम भएकी छिन्। उनी मात्र परिवारका लागि नभएर समाज, राज्य एवं देशको अर्थव्यवस्थासम्म पनि महत्त्वपूर्ण भूमिका निभाउन समर्थ बनेकी छिन् तर यो त्यही विन्दु हो जहाँ महिलालाई दुवै भूमिकाबीच एक किसिमको प्रतिस्पर्धा महसुस हुन्छ। तिनलाई आफ्नो यो परम्परागत छविबाट बाहिर निस्कन गाह्रो भएन वा प्रयास नै गर्नु परेन भन्ने होइन। यदि हामीले यिनका सफलताका उज्याला पक्षलाई देखेका छौं भने यी आमाका व्यक्तित्वका असंख्य अन्य पक्षलाई पनि नजर अन्दाज गर्न सकिँदैन जुन उजागर भएको छैन। तिनको व्यक्तित्व र छविबीचको प्रतिस्पर्धालाई चाहे सफलताको दुःख वा चर्चामा पनि एक्लोपनजस्ता वाक्यांशबाट सानो गर्ने प्रयास गरिए पनि यो एक साधारण आमा र महिलाको पृथक सामाजिक अस्तित्वको लडाइँका केही प्रारम्भिक चरणका रूपमा हेर्न सकिन्छ। जुन समयसँगै परिवर्तित हुँदै जान्छ र प्रेरणाको स्रोत एवं मार्गदर्शक बन्नेछ। भोलिका आमाहरूलाई आफ्नो परिचय स्थापित गर्न, आफूलाई अघि बढाउन।

आजका आधुनिक आमाहरू आफ्नो परम्परागत एवं कामकाजी व्यक्तित्वका बीचमा लगातार सामञ्जस्यका लागि प्रयत्नशील देखिन्छन्। दुवै छविका बीच अवश्य टक्कर हुन्छ, कहिले परम्परागत आमाको जित हुन्छ त कहिले कामकाजी आमा अघि बढ्न सक्षम हुन्छिन्। कहिले परम्परागत आमा आफ्ना घरेलु जिम्मेवारी पूरा गर्न नसक्नाले हताश हुन्छिन् भने कहिले कामकाजी आमा काममा आफ्नो सर्वश्रेष्ठ पर्फमेन्स दिन नसक्नाले चिन्तित हुन थाल्छिन्।

एक महिला र आमाको उल्लेखित दुई व्यक्तित्वबीचको टक्करले उनको निजी जीवनमा पनि परिलक्षित हुन्छ। सेलिब्रेटी आमाको जीवन यसकारण जटिल देखिन्छ किनकि तिनका बारेमा आम मानिस पढ्न, सुन्न एवं हेर्न रुचि राख्छन्, चाहे कुरा तिनको जीवनको अँध्यारो पक्षका सम्बन्धमा नै किन नहोस्? आधुनिक आमाको भूमिका र व्यक्तित्वमा कैयन् साहसिक कदमहरू देखिएका छन्। बलिउडमा अभिनेत्री सुस्मिता सेन आफू अविवाहित भए पनि रेने नाम गरेकी बालिकालाई अडप्ट गरेकी छिन्। रेनेलाई लिएर उनी अत्यन्त संवेदनशील छिन्। हलिउड हस्ती एन्जोलिना जोलीले कैयन बालबालिकालाई हुर्काएकी छिन्। कैयन् त्यस्ता अविवाहित आमाहरू छन् जसले अविवाहित आमा बनेर कुनै प्रकारको अपराधबोध महसुस नगरी आफ्ना सन्तान हुर्काउन सक्षम भएका छन्। यो तिनको व्यक्तिगत रोजाइ र निर्णय हो, उनीहरू विवाह गरुन् वा नगरुन्, दाम्पत्य जीवन बिताउन् वा एक्लै रहुन्। यी सबैजना स्वतन्त्र ढंगबाट बाँच्ने आधुनिक सोँचका महिला हुन् तर यी सबै एक प्रकारको समानता छ, त्यो हो यी सबै आफ्ना बालबालिकालाई सर्वश्रेष्ठ ढंगबाट हुर्काउन, बढाउन सक्षम छन्, आफ्ना सन्तानप्रति संवेदनशील छन् अनि तिनलाई समुज्वल र समुन्नत भविष्य दिन प्रयत्नरत पनि।

परिवर्तनसँगै पूर्ण रूपले घरेलु आमाको छविमा आज स्वतन्त्र एवं स्वयं निर्णय लिन सक्ने स्वावलम्बी आमाको चरित्र अगाडि आएको छ। यो नयाँ भूमिकामा देखिएकी आमाको स्वरूपलाई परिवार र समाजले पूर्ण रूपमा स्वीकार्नु आवश्यक छ। साथै बालबालिकाको पालन पोषणका सम्बन्धमा पनि नयाँ भूमिकाकी आमाको तालमेल मिल्नु मिल्नु आवश्यक छ। आजको समयमा यदि आमा राजनीति, विज्ञान वा व्यापारदेखि सबै क्षेत्रमा आफ्नो उपस्थिति देखाइरहेकी छिन् भने तिनले परम्परागत घरेलु छविबाट केही हदसम्म मुक्त हुनु पनि आवश्यक छ। आमाको त्यागले भरिपूर्ण जीवन, उनका तमाम दुःखका सम्बन्धमा महिमा गाउनुभन्दा उनको स्वतन्त्र र निर्णायक भूमिकायुक्त चरित्र उजागर गर्दै मान्यता दिनु आवश्यक छ।

हुनत आमाका लागि केही गर्नु सूर्यका अगाडि दियो देखाउनु सरह हुन्छ तर निःस्वार्थ मनबाट उनको अतुलनीय, असीमित माया, स्नेह र निःस्वार्थ ममताका लागि केही गर्नु नै मदर्स डेको सर्वोत्तम एवं सर्वोत्कृष्ट उपहार हुनेछ आमाका लागि।

–रोजिन शाक्य

# परीक्षापछिको खाली समयमा के गर्ने ?



आशिष लुइँटेल

एसएलसी सकिएको केही दिनपछि म फुर्सदको उपयोग कसरी गर्ने ? भन्दै राजधानीमा रहेका आफन्त र चिनजानकातिर घुम्न थालेँ । 'ब्रिज कोर्स गरिहाल्ने' राजेश दाइले सल्लाह दिनुभयो । सिजन मामाले अर्थ्याउनुभयो– 'हैन, घुम्न जाने मस्ती गर्ने ।' उहाँले भन्नुभयो– '१० वर्षको थकान मेटाउनुपर्‍यो नि !' मलाई भने साथीहरूले के गर्लान् भन्ने चिन्ता थियो । कोही कम्प्युटर सिक्ने धाउन्नमा पाएँ त कोही संगीत सिक्ने अनि कोहीचाहिँ घुम्न जाने मनस्थितिमा थिए भने केही ब्रिज कोर्स गर्ने भएको पाएँ । म भने के गर्ने के ? दोधारमा परेँ ।

घरमा एकथोक गर भन्छन्, साथीहरू अर्को थोक । मैले निर्णय लिन सकिनँ । 'पहिले आफ्नो लक्ष्य के हो ? सोच ।' खिला सरले सम्झाउनुभयो– 'अनि त्यहीअनुसार टाइम म्यानेज गर ।' सरको कुरा पनि ठीकै हो । अँ म के बन्ने ? एकातिर असाध्य रुचि रहेको इन्जिनियरको सपना सबैलाई भन्दै हिँडेको थिएँ भने अर्कातिर मास मिडियातिरको रुचि पनि गुपचुप रूपमा छँदै थियो । अभिभावक, जान्ने-बुझ्ने मान्यजन अनि सिनियरहरूसँगको छलफलपछि अन्ततोगत्वा निर्धारण गरेँ– आफ्नो रुचिको प्रतिनिधित्व मिडियाको फिल्डमा पनि काम गर्न मिल्ने इलेक्ट्रोनिक्स (कम्युनिकेसन) इन्जिनियरिङले गर्छ । अनि त्यसका लागि के पढ्ने ? 'ओभरसियर गर्दा पनि हुन्छ,' फरेस्ट्री पढेका राजेश दाइले अर्को 'अप्सन' सुझाउनुभयो– 'विज्ञानको दुईवर्षे कोर्स गर्दा पनि हुन्छ ।' म दोस्रो 'अप्सन' मा तयार भएँ । बाबासँग अनुमति लिएँ । सबैसँग सोधेपछि यो पढ्न 'ब्रिज कोर्सको आवश्यकता पर्ने' ठहर गर्दै म बागबजारको एक इन्स्टिच्युटमा भर्ना भएँ ।

**ब्रिजकोर्स : व्यापारीहरूको केन्द्र**

एसएलसी र उच्च शिक्षालाई जोड्ने पुलको भूमिका निर्वाह गर्ने रहेछ यो कोर्सले । दिनहुँ 'इन्ट्रान्स एक्जाम'को प्राक्टिस गराउने रहेछन् तर राजधानीमा च्याउसरि खुलेका यस्ता इन्स्टिच्युटहरूले विद्यार्थीलाई छात्रावृत्तिलगायत पछि राम्रो कलेजमा भर्ना गराइदिनेसम्मका प्रलोभन देखाएर आफूतिर आकर्षित गर्ने तथा आफ्नो इन्स्टिच्युटमा पढ्दै नपढेका तर एसएलसीमा उत्कृष्ट भएका विद्यार्थीहरूको तस्बिरसहित पत्रपत्रिका तथा टेलिभिजनबाट विज्ञापन गर्ने गरेको देखियो ।

यीमध्ये कतिपय इन्स्टिच्युटहरूबीच पढाइको गुणस्तरीयताभन्दा पनि व्यापार बढाउन बढीभन्दा बढी विद्यार्थी तान्ने होडबाजी चल्दो रहेछ । यो कोर्स गरेपछि खासगरी टेक्निकल फिल्डमा लाग्न चाहने विद्यार्थीहरूलाई भने केही हदसम्म फाइदा पुग्ने भए पनि अधिकांश इन्स्टिच्युट भने व्यापारिक केन्द्र बनेका धेरैको अनुभव छ । यस्ता इन्स्टिच्युटहरूको जालोमा नफस्न सचेत हुनु आवश्यक छ । त्यसो त उनीहरूले 'कलेज चिनारी' भन्दै कन्ट्याक्टमा रहेका विभिन्न कलेजको भ्रमणमा लग्दा रहेछन् ।

हाम्रो देशका शैक्षिक संस्थाहरूले विद्यार्थीलाई ठूला-ठूला प्रलोभन देखाउँदै जसरी हुन्छ आफ्नैमा तान्ने गरेका थुप्रै उदाहरण भेटिन्छन्, तर उेदकलाग्दो र विडम्बनाको कुरा के छ भने शिक्षाजस्तो संवेदनशील र नैसर्गिक अधिकारको कुरालाई व्यापारिक प्रयोजनको रूपमा दिन-प्रतिदिन विस्तार गर्ने 'शैक्षिक अपराधी' बाट सरकारले आजसम्म न कुनै जरिवाना नै लिएको छ, न त कारबाही नै गरेको छ, यस्तो किन ? शिक्षालाई 'खुद्रा व्यापार' बनाइदा पूरै राष्ट्र र जनताको भविष्य अन्धकारमय बन्ने सत्यतालाई सम्बन्धित पक्षले नबुझेजस्तो व्यवहार देखाइनुको रहस्य बुझिनसक्नु छ ।



**कलेज भ्रमण : षड्यन्त्र**

भ्रमण गराउन लगिएका कतिपय कलेजले आफ्नोमा भर्ना हुन भन्दै विद्यार्थीहरूलाई निकै आकर्षक नारा दिन्छन् । 'यो पालाको बोर्ड टपर हाम्रैमा पढ्या हो, हाम्रो विद्यार्थीले यो बेला नेपाल टप गर्‍या हो, हाम्रोमा यति खेलकुदको अवसर छ, विदेशी विश्वविद्यालयहरूसँग कन्ट्याक्ट छ' आदि-आदि आकाशदेखि पातालसम्मका प्रलोभन देखाउँदै 'जर्बजस्ती' नाम रजिस्ट्रर गराउने रहेछन् । उनीहरू अभिभावकलाई लोभ्याउने, विद्यार्थीको मनस्थिति नै बदलिदिन पछि नहट्ने रहेछन् । कन्सुल्लो जीउमा टाँसिएपछि छुटाउन गाह्रो भएजस्तै केही कलेजलाई आफ्नो सम्पर्क ठेगाना दिँदा त्यसबाट छुट्कारा पाउन निकै गाह्रो पर्ने रहेछ । एउटा कलेजले त मलाई दिनको दुई-तीन पटकसम्म लगातार एक साताजति फोन गरेको सम्झँदा म आफैँलाई त्यो कलेजप्रति दया जागेर आउँछ ।

उत्कृष्ट विद्यार्थीलाई आफ्नो कलेजमा भित्र्याउन पाए अरू विद्यार्थी पनि लोभिँदै आफ्नै कलेजमा आउने र राम्रो कमाइ हुने मनोवैज्ञानिक निष्कर्षका साथ 'उत्कृष्ट' विद्यार्थीलाई तान्ने प्रतिस्पर्धा चलेको पाइन्छ । भर्ना नै नभएका बोर्ड टपरहरूलाई आफ्नो कलेजमा भर्ना भएको भन्दै तस्बिर र हस्ताक्षरसहितको विज्ञापन छपाइएका थुप्रै घटना सार्वजनिक हुँदै आएकै हुन् । यसबाट शैक्षिक स्तर अनि दिगोपन कायम गराउने भनेर लागिपरेका कतिपय प्लस टुहरूले पनि बाध्य भएर व्यापारीकरणलाई अँगाल्नुपर्ने अवस्था छ ।

**अब के गर्ने ?**

पहिले आफ्नो लक्ष्य के हो पहिल्याउनुहोस् । परिवारको 'प्रेसर'मा नपरी, साथीहरूको लहैलहैमा नलागी अनि 'गुलियो' आश्वासनको विज्ञापनमा नफसी आफ्नो रुचिको क्षेत्रका बारेमा अग्रजहरूसँग सोधखोज गर्ने कामलाई तीव्रता दिनुपर्छ । आवश्यकताअनुसार तालिम तथा ब्रिजकोर्स गर्न उपयुक्त इन्स्टिच्युटको खोजी गर्नुपर्छ । विभिन्न पुस्तक पढेर, ज्ञानबर्द्धक चलचित्र हेरेर, लेख लेखेर, कविता लेखेर, चित्र कोरेर वा अन्य सिर्जनात्मक काम गरेर सकेसम्म आफूलाई व्यस्त राख्ने प्रयास गर्नुपर्छ । त्यसो त अभिभावकहरूसँग सल्लाह गर्दै आफूलाई उपयुक्त लाग्ने कलेजको खोजी गर्न थाले पछि गएर हतार-हतार राम्रो कलेज छान्न दौडिरहनु पर्दैन ।

**विषय छनौट**

पैसा पनि कमाइने सेवा पनि हुने भनेर धेरैको इच्छा डाक्टर, इन्जिनियर बन्ने वा बनाउने हुन सक्छ, तर त्यो गलत मान्यता हो । हिजोआज सय जनाका लागि जागिर खुल्दा दस हजारको दरखास्त पर्न थालेको छ । जुनसुकै क्षेत्रमा पनि कडा प्रतिस्पर्धा छ । त्यसैले जुनसुकै विषय पढे पनि त्यसमा कामचलाउ मात्र भएर पुग्दैन, पूर्ण दक्षता चाहिन्छ । हाम्रो समाजमा प्रथम श्रेणीमा उत्तीर्ण हुनेबित्तिकै विज्ञान नै पढ्ने, दोस्रो भए कमर्स अनि आर्ट्सतिर हात हाल्ने गलत मान्यता छ । रुचि र लक्ष्यलाई ध्यानमा राख्दै जुन विषय पढे पनि त्यसमा पूर्ण दक्ष हुन्छु भन्ने मानसिकताको विकास गर्नुपर्छ । त्यसका लागि पढ्ने विद्यार्थीदेखि पढाउने कलेजसम्मको ठूलो हात रहन्छ ।

**कलेजको छनौट**

विना हिचकिचाहट कलेज हेर्न र रोज्न सक्नुपर्छ । त्यसो त भर्ना गर्नु-गराउनुअघि कुन-कुन विषय पढाउँछन् ? के-के शैक्षिक सुविधा छ ? कस्ता-कस्ता शिक्षकले पढाउँछन् ? के-कस्तो भौतिक सुविधा छ भनेर जान्नु आवश्यक मात्र होइन, हरेक अभिभावक र विद्यार्थीको अधिकार पनि हो ।

उत्कृष्ट विद्यार्थी भर्ना गर्नेबित्तिकै अरू विद्यार्थी त्यत्तिकै आकर्षित हुने मनोवैज्ञानिक छाप परेका कलेजहरूको सोचाइमा धक्का पुर्‍याउनु अत्यावश्यक छ । एक-दुई जना उत्कृष्ट विद्यार्थी त्यहाँ भर्ना हुँदैमा त्यही कलेज नै राम्रो हो भन्नु सरासर गलत हो । त्यसो त परीक्षाफल शतप्रतिशत हुँदैमा कलेजको स्तर राम्रो हुनैपर्छ भन्ने हुँदैन । त्यसैले अभिभावक र विद्यार्थी यो कुरामा सचेत हुनुपर्छ ।

अर्कातिर खसी किन्न जाने ग्राहक र खसीधनीबीच बार्गेनिङ भएजस्तै विद्यार्थी भर्ना गराउन जाने अभिभावक र कलेज प्रशासनबीच बार्गेनिङ हुने गरेको पाइन्छ । यसलाई शिक्षाक्षेत्रका लागि सबैभन्दा खतराको सूचकका रूपमा लिइनुपर्छ । यस्तो विकृति भित्रिए निश्चय पनि प्रतिभाशाली विद्यार्थी राम्रो ठाउँमा प्रवेश गर्न नसक्ने दुःखद अवस्था एकातिर उत्पन्न हुन्छ भने अर्कातर्फ शिक्षाक्षेत्र पनि ट्र्याकबाहिर जान सक्छ ।

**सरकारी उदासिनता**

सरकारले शिक्षाक्षेत्रमा गरेको लगानी बालुवामा पानी खन्याएसरह भएको छ । सरकारी नियुक्ति लिएका अधिकांश अध्यापक निजी कलेज सञ्चालनमा लागिपरेका पाइन्छन् । यसले गर्दा दिन-प्रतिदिन सरकारी क्याम्पसको शैक्षिक स्तर खस्कँदै गएको छ भने निजी कलेजहरूमा अस्वस्थ प्रतिस्पर्धा बढेको छ । यस्तो विकृति शिक्षाक्षेत्रमा भित्रिएर झाँगिँदै जाँदासमेत सम्बन्धित निकायको मौनता कायमै छ । शिक्षाक्षेत्रमा देखिएको व्यापारीकरण एवं अस्वस्थ प्रतिस्पर्धालाई अब बन्दै गर्नुपर्छ ।

*(लुइँटेल काठमाडौं विश्वविद्यालयमा इन्जिनियरिङ गर्दैछन् ।)*

## नयाँ प्रविधि


### नाडी घडीमै मोबाइल



नाडी घडीमा भ्यान डेर लिड कम्पनीले मोबाइल फोन जडान गरेको छ। भ्यान डेरले पाएको यो सफलतापछि नाडी घडी सुविधासम्पन्न भएको छ। नाडी घडीको आकारमा रहेको डब्लु एम-टु घडीमा मोबाइल फोनका अतिरिक्त १ दशमलव ३ इन्चको टच स्क्रिनसमेत छ। यो स्क्रिनमा २६ लाख कलर छ, जसले कुनै पनि चित्रलाई स्पष्ट रूपमा देखाउन सक्छ। यो नाडी घडीमा ब्लु टुथका साथै १ दशमलव ३ पिक्सलको क्यामेरा छ।

यो क्यामेराले स्टिल तथा मुभी तस्बिर खिच्छ। खिचेको चित्रलाई घडीमा रहेको १ जीबी मोमोरी कार्डमा संग्रह गर्न सकिन्छ। यो कार्डमा एमपीथ्री तथा एमपीफोर फरम्याटमा रहेका गीत-संगीतलाई संग्रह गरेर आफूले चाहेको बेलामा सुन्न सकिन्छ। यो घडीमा एफएम रेडियो सुन्न सकिने सुविधासमेत जडान गरिएको छ। यसमा ब्लुटुथ हेडफोन र भाइब्रेटरको सुविधा पनि राखिएको छ। ३ सय मिनेट कुरा गर्न सकिने र २ सय ४० मिनेट स्ट्यान्ड मोडमा राख्दासम्म ब्याट्रीले काम गर्ने यो नाडी मोबाइल घडीको अन्तर्राष्ट्रिय बजार मूल्य ३ सय युरो छ।

### जुत्तामै हेडलाइट




राति हिँड्दा सधैं टर्चलाइट साथमा हुन्छ भन्ने हुँदैन। यस्तै समस्याबाट गुज्रनुपर्नेहरूलाई लक्षित गरेर एक कम्पनीले जुत्तामै टर्चलाइट जडान गरेको छ। फेजुङ चेन र विन झाओले कल्पना गरेको उक्त जुत्ताको अघिल्लो भागमा टर्चलाइट छ। यो जुत्ताको तलुवामा चार्जेबल ब्याट्री राखिएको छ।

उक्त ब्याट्री हिँडेपिच्छे चार्ज हुन्छ। केही बेर हिँडेपछि यो ब्याट्रीले लगातार १२ घन्टासम्म काम गर्न सक्छ। जुत्ताको अघिल्लो भागमा रहेको चिमले डेढ मिटर टाढासम्म प्रकाश दिन्छ। पानी छिर्न नसक्ने प्रविधि प्रयोग गरेर तयार पारिएको यो हेडलाइटको ब्याट्री कुनै किसिमले सट् नहोस् भनेर विशेष ध्यान पुऱ्याइएको छ।

# रोबोसकरको उपाधि हिमालयन कलेजलाई

**साप्ताहिक समाचार**

**काठमाडौं–** गत शनिबार दशरथ रंगशालाको कभर्ड हलमा चौथो राष्ट्रिय रोबोट प्रतियोगिता सम्पन्न भयो। पुल्चोक इन्जिनियरिङ क्याम्पसको रोबोटिक्स क्लबले आयोजना गरेको भोटोजात्रा शीर्षकको यो प्रतियोगितामा हिमालयन कलेज अफ इञ्जिनियरिङले जित हासिल गऱ्यो। एक्मी इन्जिनियरिङ कलेज फस्ट रनर-अप भयो भने नेसनल कलेज अफ इन्फोर्मेसन टेक्नोलोजी र एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ सेकेन्ड रनर अप भए। थापाथली इन्जिनियरिङ क्याम्पसले बेस्ट डिजाइन, पूर्वाञ्चल बिश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीले बेस्ट पर्फोर्मेन्स र कान्तिपुर इन्जिनियरिङ कलेजले बेस्ट आइडियाको उपाधि जिते। प्रतियोगितामा देशका नौवटा इन्जिनियरिङ कलेजले भाग लिएका थिए।



यस वर्षको प्रतियोगिता रातो मच्छिन्द्रनाथको रथयात्रामा आधारित थियो। एक पटकमा दुईवटा कलेजका टिमले एक-अर्कासँग प्रतिस्पर्धा गरेका थिए। सहभागी टिमलाई तीन समूहमा बाँडिएको थियो। प्रत्येक समूहमा रहेका टिम एक-अर्कासँग भिडेका थिए। प्रत्येक समूहमा दोस्रो स्थान प्राप्त गर्ने समूहका बीच फेरि प्रतियोगिता गरिएको थियो। यो समूहमा विजयी र प्रत्येक समूहमा प्रथम स्थान प्राप्त गर्ने समूह सेमीफाइनलमा प्रवेश गरेका थिए। अनि यी समूहबीच फेरि प्रतियोगिता गराई विजेतालाई फाइनलमा प्रवेश गराइएको थियो, जसमा हिमालयन र एक्मी इन्जिनियरिङ कलेज सफल भएका थिए।

प्रतियोगिताको मुख्य उद्देश्य रथ निर्माण गर्नु तथा भोटो बनाउनु थियो। प्रत्येक टिमले मानव सञ्चालित तथा स्वचालित गरी २ प्रकारका रोबोटको प्रयोग गरेका थिए। एउटा मानव सञ्चालित तथा दिइएको नाप तौल भित्र रही एउटा भन्दा बढी स्वचालित रोबोट निर्माण गर्न सकिने प्रावधान थियो। पुल्चोक जोन र जावलाखेल जोन गरी २ क्षेत्रको व्यवस्था हलमा गरिएको थियो। कन्स्ट्रक्सन ब्लकको प्रयोग गरेर पुल्चोक जोनमा रथ निर्माण गर्नुपर्ने प्रावधान थियो। उक्त रथ निर्माण भएपछि जावलाखेल जोनसम्म यात्रा तय गर्नुपर्ने थियो। पुल्चोकमा रथ बन्ने र त्यसलाई जावलाखेलमा पुऱ्याई भोटो देखाउने परम्परालाई रोचक एवं प्राविधिक तवरवाट रोबोटहरूले प्रस्तुत गरेका थिए।

भोटो निर्माण स्वचालित रोबोटले गरेको थियो। भोटो निर्माणका निम्ति भोटो जेमहरू म्यानुअल जोन तथा अटोमेटिक जोनमा थिए। म्यानुअल जोनमा रहेको भोटो जेमहरूलाई मानव सञ्चालित रोबोटले अटोमेटिक जोनमा राख्ने र स्वचालित रोबोटले ती भोटो जेमहरूलाई भोटो बनाउने ठाउँमा राख्नुपर्ने थियो।

यदि तीन मिनेटभित्र कुनै टिमको रोबोटले रथ सही तरिकाले बनाएको छ र भोटोहरूलाई मिलाएर राखेको छ भने उसलाई विजयी घोषित गरिने प्रावधान थियो। रोबोटिक्स क्लब विगत ९ वर्षमा १० वटा अन्तर्राष्ट्रिय रोबोट प्रतियोगितामा सहभागी भैसकेको छ। यसरी प्राप्त गरेका प्राविधिक ज्ञान, सीप र अनुभवलाई नेपालका इन्जिनियरिङ विद्यार्थीमाझ पुऱ्याउने, उनीहरूको दक्षता अभिवृद्धि गर्ने र सिर्जनशील युवा प्रतिभाहरूको क्षमतालाई सबैसामु अभिव्यक्त गर्ने अभिप्रायले यो प्रतियोगिताको आयोजना गरिएको रोबोटिक्स क्लबले बताएको छ।

## विज्ञान समाचार

### चुरोट पिउने आमाका शिशु चलाख

चलाख र सक्रिय बाबुआमाका शिशु बढी सक्रिय र चलाख हुने विश्वास अहिले आएर खण्डित भएको छ। १०-११ वर्ष समूहका ५ हजार बालबालिकामा गरिएको एक अध्ययनपछि यो कुरा खुलासा भएको हो। बरु बालबालिकालाई चलाख र सक्रिय बनाउन मोटोपन घटाउनुपर्ने, मधुमेह र हृदयरोग लाग्नबाट बचाउन उनीहरूको जीवनशैलीमा परिवर्तन गर्नुपर्ने निष्कर्ष अनुसन्धानमा संलग्न वैज्ञानिकहरूको छ। सबभन्दा आश्चर्यको कुरा, धूमपान गर्ने आमाबाबुबाट जन्मिएका शिशुहरू धूमपान नगर्नेहरूबाट जन्मिएकाहरूभन्दा केही चलाख र सक्रिय हुने अनुसन्धानले देखाएको छ।

### महिला र मानसिक तनाव

मानसिक तनावबाट ग्रस्त महिलाको हड्डी कमजोर हुने सम्भावना बढी हुने हालै सार्वजनिक एक अध्ययनले देखाएको छ। यस्तो स्थितिलाई चिकित्सकीय भाषामा ओस्टियोपोरोसिस भनिन्छ। अध्ययनले मानसिक तनाव बढी भएका महिलाको हड्डी कमजोर हुने देखिएको हो। अमेरिकाको नेसनल इन्स्टिच्युट अफ मेन्टल हेल्थ (एनआईएमएच) का अनुसन्धानकर्ता गियोभानी सिजाले मानसिक तनाव भएका र नभएका २१ देखि ४५ उमेरका महिलालाई समेटिएको थियो।

अध्ययनका ८९ जना मानसिक तनाव भएका र ४४ जना मानसिक तनाव नभएका महिला थिए। अनुसन्धानका क्रममा हड्डीको घनत्व अध्ययन गर्दा मानसिक तनाव भएका १७ प्रतिशत महिलामा हड्डी कमजोर हुँदै गएको पाइएको थियो भने तनाव नभएका महिलामा यो दुई प्रतिशत थियो। मानसिक तनाव भएका महिलामध्ये २० प्रतिशतमा शरीरको तल्लो भागको हड्डी कमजोर भएको भेटिएको थियो। यो स्थिति तनाव नभएका नौ प्रतिशत महिलामा मात्र देखिएको थियो। तनावले हिपको हड्डीको घनत्वमा कम्तीमा दुई प्रतिशत कमी आउने अध्ययनले देखाएको छ।

# चिया-कफी पनि मिर्गौलाको रक्षक

अमेरिकी वैज्ञानिकहरूले कफी र चिया पिउनेहरूलाई मिर्गौलाको क्यान्सर लाग्ने सम्भावना कम भएको निष्कर्ष निकालेका छन्। ददिनमा तीन कप वा सोभन्दा बढी सेवन गर्नेहरूमा कफी सेवन नगर्ने वा मुस्किलले दिनको एक कप मात्र सेवन गर्नेको तुलनामा मिर्गौलाको क्यान्सर लाग्ने सम्भावना १६ प्रतिशत कम हुने वैज्ञानिकहरूको दाबी छ। कफी तथा चिया सेवनले मानिसको शरीरलाई थप क्रियाशील बनाई रगत र चिनीबाट बन्ने इन्सुलिनलाई नियमित बनाउने भएकाले क्यान्सर रोग लाग्ने सम्भावना कम हुने वैज्ञानिकहरूले बताएका छन्।

# स्वस्थ जीवनशैली नै रक्षक

वैज्ञानिकहरूले क्यान्सरको जोखिमबाट बच्न मासु, चिनीयुक्त पेयपदार्थ र मदिराबाट टाढा रही छरितो बन्न सुझाव दिएका छन्। पाँच वर्षयता विश्वमा गरिएको ७ हजारभन्दा बढी अध्ययनको गहन विश्लेषणपछि वैज्ञानिकहरू उक्त निष्कर्षमा पुगेका हुन्। विश्व क्यान्सर समाजको प्रतिवेदनअनुसार खाना, पेयपदार्थ, मोटोपन एवं शारीरिक व्यायामले क्यान्सरमा प्रभाव पारको हुन्छ। शरीरमा रहेको बोसोको मात्रा बडी मास इन्डेक्स (बीएमआई) १९ दशमलव ५ देखि २५ को बीचमा हुनेलाई स्वस्थ व्यक्तिको सूचीमा राखिन्छ।

बीएमआई २५ को बिन्दुभन्दा माथि जान थाले क्यान्सरको जोखिम बढ्छ। त्यसैले सकेसम्म स्वास्थ्यवर्द्धक आहार र व्यायामको अनुसरण गरी बीएमआईको मात्रा घटाउनु राम्रो मानिन्छ। यसो गरे क्यान्सरको जोखिम न्यूनीकरण हुन्छ। चिनीयुक्त पेयपदार्थ, मदिरा र अप्रशोधित मासुबाट टाढा रहेमा छरितो बन्न सकिन्छ। आन्द्रा र स्तन क्यान्सरको जोखिम बढाउन शरीरमा रहेका अनावश्यक बोसोले मुख्य भूमिका खेलेको हुन्छ। त्यसैले शरीरमा बोसोको मात्रा बढ्न नदिए आन्द्रा एवं स्तन क्यान्सर लाग्ने सम्भावना पनि घटेर जान्छ।

# बढ्दैछ आउटसोर्सिङ सेवा

वर्तमान युग सूचनाप्रविधि (आईटी) तथा बिजनेस प्रोसेस आउटसोर्सिङ (बीपीओ) सेवाको युग हो। एसिया तथा पूर्वी युरोपका देशहरू बीपीओ सेवाको आउटसोर्सिङका लागि विश्वभरि नै परिचित छन्। यही कुरालाई प्रमाणित गरेको छ आईटी तथा बीपीओ सेवासम्बन्धी जानकारी प्रकाशित गर्दै आएका साइबरमिडिया पत्रिका ग्लोबल सर्भिसेसमा हालै प्रकाशित एउटा अध्ययन प्रतिवेदनले।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार विश्वभरिका ५० आउटसोर्सिङ सहरको सूचीमा एसियाका १९ र पूर्वी तथा केन्द्रीय युरोपका १२ सहर छन्। साइबरमिडियाका प्रकाशक प्रदीप गुप्ता भन्छन्– 'ग्लोबल सर्भिसेसको आउँदा तीन वर्षभित्र द्रुत गतिमा विकास भैरहेका यी ५० सहरले आईटी तथा बीपीओ सेवाको विश्वबजारमा अहम् भूमिका निर्वाह गर्नेछन्।

शीर्ष ५० भित्र परेका सहरको शीर्ष १५ मा हेर्ने हो भने सबैभन्दा बढी पाँचवटा भारतका सहर छन्। त्यसपछि चीनका तीनवटा सहर परेका छन् भने भियतनामका दुईवटा सहर छन्। शीर्ष तीन सहरमा भने सबै सहर भारतका छन्, जसमा चेन्नई, हैदराबाद र पुणे छन्। शीर्ष १५ भित्र परेका अन्य दुई सहरमा कोलकाता पाँचौं र चण्डीगढ नवौं स्थानमा छन्। यो सूचीमा सामेल भएका चीनका सहरमा आठौं स्थानमा साङ्घाई, दसौं स्थानमा बेइजिङ र १३ औं स्थानमा सेझेन छन्।

भियतनामको राजधानी हो चीमिन्ह छैटौं र अर्को सहर हनोई १२ औं स्थानमा छन्। यी यस्ता सहर हुन्, जसमा ठूला कम्पनीहरू सुरुमै नजर लगाउँदैनन् तर खास गरी आईटी तथा बीपीओ सेवाका निम्ति भने यी सहर निकै अनुकूल छन्। प्रतिवेदनमा यस्ता पाँच सहरको नाम किटान गरिएको छ, जो आउटसोर्सिङका लागि स्पष्ट विकल्पका रूपमा देखिइसकेका छन्– बैङ्गलोर, दिल्ली, मनिला, मुम्बई र डब्लिन। यी पाँच सहरलाई यस्ता सहरको गन्तीमा राखिएको छ, जसले अन्तर्राष्ट्रिय कर्पोरेट क्षेत्रमा एक दशकभन्दा पनि बढी समयदेखि आफ्नो सेवा दिँदै आउटसोर्सिङको प्रमुख सहरका रूपमा आफूलाई स्थापित गराइसकेका छन्।

आईटी तथा बीपीओ सेवामा माथि उठिरहेका शीर्ष ५० सहरको सूचीमा सबैभन्दा बढी भारतका ६ सहर छन्। यसपछि चीनका ५, ब्राजिलका ३, फिलिपिन्सका ३, अमेरिकाका ३, चेक रिपब्लिकका २, मेक्सिकोका २, पोल्यान्डका २, रूसका २, ब्रिटेनका २ र भियतनामका २ सहर शीर्ष ५० भित्र परेका छन्।

# साप्ताहिक इनको





## हिरोइनलाई 'स्यान्डबिच'

चलचित्र 'तस्बिर' मा अभिनय गरेका दुई नायक रिमेश अधिकारी र पुष्पराज पुरुषलाई स्यान्डबीच बनाउन राम्रोसँग आउँदो रहेछ। दुई टुक्रा पाउरोटीको बीचमा बन्दाकोभी हालेर बनाइने स्यान्डबिच बनाउन उनीहरू जान्दैनन्। उनीहरू त नायिकाहरूलाई स्यान्डबिच बनाउन खप्पिस रहेछन्। चलचित्र 'तस्बिर'का दुई नायिकामध्ये सबैभन्दा 'सेक्सी' नायिका पुजनालाई उनीहरूले छायाँङ्नका क्रममा भेटेछन्। रिमेशलाई पुजनासँग तस्बिर खिच्ने रहर जागेछ। उनलाई देखेपछि अर्का नायक पुष्पराज पुरुषको पनि पुरुषत्त्व जागेछ। दुवै पुगेछन् तस्बिर खिच्न। पोस्टरका लागि फोटो खिच्ने भन्दै उनीहरूले झ्याप्प दुवैतिरबाट नायिका पुजनालाई अठ्याएछन्। फोटोग्राफरले पनि मौकाको फाइदा उठाउँदै तस्बिर खिचिहाले। रिमेश र पुष्पराजलाई त्यतिले मात्र कहाँ पुग्यो र ? 'चियाबारीमा हो चियाबारीमा' भन्दै नाचेकी अर्की नायिका प्रेरणा शर्मालाई अर्को दिन भेटेछन्। त्यसैगरी दुवैले प्रेरणालाई स्यान्डबिच बनाउँदै तस्बिर खिचेछन्। हुनत त्यसरी तस्बिर खिचाउनु 'कथाको माग' पनि हुनसक्छ। यदि कथा नै त्यस्तो थियो भने चलचित्रको नाम नै फेरेर 'स्यान्डबिच' राखे कसो होला ?

## धेरै ठूली रै'छौ र




गायिका रेश्मा सुनुवार कति ठूली होलिन् ? अन्दाज गर्न सक्नुहुन्छ ? उनले गीतकै माध्यमबाट आफ्नो उमेर बताइसकिन्- 'मै ठूली भै'छु रे...' तर कसैले सोधे भने उनी जिस्हिँदै भन्छिन्- 'म भर्खरै १६ पुगेर १७ लागेकी...।' त्यसपछि उनी खित्का छाड्छिन् र भन्न थाल्छिन्- 'धत्, केटीहरूसँग पनि उमेर सोध्नुहुन्छ ?' उनले जतिसुकै उमेर ढाँटून्, हामीलाई खुल्दुली लागिरह्यो। उचाइमा ५ फिटभन्दा २ इन्चजति अग्ली रेश्मा उमेरमा भने कति ठूली भइन् होला भन्ने रहस्य जान्न उत्सुक भएकाहरूका लागि उनले भर्खरै ढोका उघारिन्। रहस्य सुनेपछि उनको उमेर अनुमान हामी त चकरायौं। तपाईंहरू पनि अन्दाज गर्ने हो भने उनले साइबर संसारमा बोलेको कुराका केही अंश पढ्नु आवश्यक छ- 'ओखलढुंगामा जन्मेर २०४७ मा काठमाडौं आएर २०५६ मा मेरो पहिलो एल्बम बजारमा आयो। त्यो एल्बम दोहोरी गीतको थियो। त्यसपछि मैले अरू कलाकारहरूको एल्बममा आफ्नो स्वर दिन थालें। 'मै ठूली भै'छु रे'ले मलाई चिनायो तर पनि तपाईंलाई जानकारी गराउँछु कि म विवाहित हुँ र मेरो दस वर्षको छोरा छ। यति भए मानिसहरूले हिसाब लगाउन सक्छन् कि म कति ठूली भएछु।' हिसाब गरौं त, रेश्मा कति ठूली भइन् होली ? हामी भने यति मात्र भन्न सक्छौं- 'धेरै ठूली रै'छौ...।'

## गर्नु गऱ्यो निम्तो कार्डले



अभिनेत्रीबाट निर्माता भएकी प्रज्ञा जोशीको फुर्ती अचेल बढेको छ। उनले बनाएको टेलिश्रृंखला 'सिन्दूर' दर्शकले मन पराए भने चलचित्र 'सपूत'ले पनि उनको थैली भरिदियो। फुर्ती बढेकैले उनले अर्को चलचित्र 'सम्झना' बनाउन थालेकी छिन्। खन्खन् गनेर थैलीबाट पैसा झिकेर कलाकारलाई दिएपछि उनीहरूले पनि लगानीकर्ताले भनेजस्तो गर्नुपर्छ, नत्र चलचित्रबाट उनीहरू 'आउट' पनि हुन सक्छन्। भर्खरै यस्तै भयो। चलचित्र 'सम्झना'मा उनले सुमन सिंहलाई नायक लिएकी थिइन्। सुमन पनि आफूलाई टेलिचलचित्रमा अभिनय गराएर चर्चामा ल्याउने दिदी प्रज्ञाको गुन सम्झेर 'सम्झना'मा अभिनय गर्ने भए। वैशाख २ गते चलचित्रको मुहर्त हुने भयो। निम्तो कार्ड छापियो। अनि कुरा त्यही आएर बिग्रियो। कार्डमा केन्द्रीय भूमिकामा भनिएका सुमनको तस्बिर वितरकहरूको आँखामा छारो हाल्न अतिथिजस्तो भूमिकामा चलचित्रमा ल्याउन खोजिएका नायक निखिल उप्रेतीको भन्दा छेउमा राखिएछ। सुमनलाई चित्त बुझेनछ। उनले प्रज्ञासँग गुनासो गरेछन्। परिणाम, सुमन 'सम्झना'बाट 'आउट'। नौवटा चलचित्रमा अभिनय गरिसकेका नायक सुमन सिंह आफू घमण्डी नभएको बताएपछि साप्ताहिकसँग भन्दै थिए- 'म उहाँको कुभलो कहिल्यै चिताउँदिन। त्यो चलचित्रमा आफू नभए पनि म त्यो चलचित्रले सफलता पाओस् भन्ने कामना गर्दछु।'

## बिना चलचित्र व्यस्त निर्देशक



तपाईंलाई थाहा छ निर्देशक तीर्थ थापाले चलचित्र नबनाएको पाँच वर्ष पूरा भयो। कामको हिसाबले सबैभन्दा फुर्सदिला कलाकार उनै हुनुपर्ने हो तर त्यस्तो छैन, तीर्थ दाइ अचेल निकै व्यस्त छन्। कहिलेकाहीं त भात खाने फुर्सदसमेत हुँदैन उनलाई।

अहिले उनी निर्देशक होइन कांग्रेस कार्यकर्ताका रूपमा चिनिन्छन्। सांस्कृतिक संघको विस्तारमा लागेका थापाले संघलाई सक्रिय मात्र बनाएनन्, कलाकारहरूलाई संविधानसभा निर्वाचनमा परिचालनसमेत गरे। मूलधारका कलाकारको साथ लिनु त छ नै, स्थानीय कलाकारहरूलाई समेत आफ्नो संगठनमा सामेल गर्ने तयारीमा छन् तीर्थ दाइ। यसबीच कतिले उनलाई सीधै भन्ने गरेका छन् आफ्नो कामचाहिँ नगर्ने राजनीतिको कुरा मात्रै धेरै गर्ने।' यसमा उनको कुनै गुनासो छैन, थापा भन्छन्- 'मैले कुनै पदका लागि राजनीति गरेको होइन, म त जनताको शासन स्थापित गर्ने अभियानमा छु।' संविधानसभा निर्वाचनसम्बन्धी डकुमेन्ट्रीसमेत बनाएका थापा संविधानसभा निर्वाचनपछि भने चलचित्र बनाउने तयारीमा छन्।

## एवार्ड हराएको सूचना



उत्कृष्ट नवनायकका लागि प्राप्त एवार्ड चोरिएपछि नायक राजेश ढुंगाना चिन्तित छन्। प्राविधिक संघद्वारा आयोजित चलचित्र एवार्ड २०६४ मा उनी चलचित्र जीवनदाताका लागि उत्कृष्ट नवनायक घोषित भएका थिए। एवार्ड कसरी चोरी भयो त ? राजेश भन्छन्- 'जीवनदाताको अफिसमा राखेको थिएँ, राती चोर पसेर अरू धेरै सरसामानका साथ एवार्ड पनि चोरेछ।'

'जीवनको पहिलो एवार्ड थियो मेरो,' भावुक हुँदै राजेशले भने। 'अब यस्तो पाइएला नपाइएला' उनले थपे। राजेशले चलचित्र जीवनदाताका लागि यो एवार्ड प्राप्त गर्न अरू चार नायकलाई पछारेका थिए। एवार्ड हराएपछि केही रात निदाउन नसकेको अनुभव उनले सुनाए। यतिबेला राजेश मौसमी मल्लको चलचित्र गिरफ्तार, रामभक्त श्रेष्ठको कालो बाज, जयकिसन बस्नेतको धुम तथा उद्धव अभिजितको कालापानीमा व्यस्त छन्। उनी भन्छन्- 'हरेक दिन एकदेखि दुईपटक जति एवार्ड सम्झिएर दुःखी हुन्छु।' उनी एवार्ड चोरलाई भन्छन्- 'सरक्क ल्याएर दिए उचित पुरस्कार दिन्थेँ।'



# क्या कुल कलेज फेसन

शिव शर्मा

**पोखरा–** छोटो मिनीस्कर्ट, फिटिङ सर्ट अनि टाई पनि । जुत्ता पनि पहिरन सुहाउँदो स्टाइलिस्ट । हेयर स्टाइलको त झन् कुरै नगरौं । यो पहिरनसँगै सडकमा टक-टक हिंडिरहेका टिनएजरहरूलाई देखेपछि आँखा नझिम्क्याई हेर्ने तन्नेरीहरू पनि के कम हुन्थे र ! वाह क्या स्टाइल छ ! तन्नेरी युवाहरूले उनीहरूलाई देखेपछि भन्ने नै यही हो । यसरी देखिने टिनएर्जस युवतीहरू न त मोडल हुन्, न त कुनै फेसन डिजाइनर नै ।

स्टाइलिस्ट पहिरनमा देखिने उनीहरू कलेज-स्कुल पढ्ने युवतीहरू हुन् । कतिपय त जिब्रो टोक्दै भन्छन्-'कलेजमा पनि कस्तो फेसन आयो ।' कुनै जमानामा स्कुल तथा कलेज पढ्ने युवतीहरूमा लामो फ्रक र कुर्ता-सलवारको पहिरनबाहेक अरू केही हुँदैनथ्यो, छोटो स्कर्ट लगाउनु त धेरै टाढाको कुरा थियो । हिजोआज स्कुल पढ्ने टिनएजरहरू नै छोटो स्कर्टमा निर्धक्क विद्यालय जान्छन् । अब यसमा अनौठो मान्नुपर्ने कुरा रहेन ।

अहिले जमाना पनि बदलिएको छ । पुरानै शैली सधैं खोजेर पनि भएन । आजभोलि छोटो पहिरनमा हिंड्नु सामान्य भैसकेको छ । विरोध गर्ने कतिले त विरोध गर्छन् नै, दुई इन्चको स्कर्ट लगाएर विद्यालय-कलेज जाने भनेर, तर समयलाई बुझेका तन्नेरी-तरुनीहरू अरूको भनाइको पछि दौडँदैनन् । कान्तिपुर डेन्टल कलेजमा अध्ययनरत सुनयना पालिखे भन्छिन्- 'स्कर्ट लगाएर हिँड्दैमा विकृति भन्न मिल्दैन, आफूलाई जस्तो मनपर्छ त्यही लगाउने हो ।' मिस पश्चिमाञ्चल पोखरा-२००७ की फस्ट रनरअप पालिखे स्कर्ट अनि सर्ट-टाईमै कलेज जान्छिन् । उनी आफूलाई यही पहिरनमा सहज महसुस गर्छिन् । कतिपय कलेजले स्कर्ट-सर्टलाई नै युनिफर्म पनि बनाएका छन् । कतिपय कलेजमा भने आफूखुसी युवतीहरूले नै पहिरन छनौट गरेको पाइन्छ ।

युवतीहरू मात्र होइन, युवाहरू पनि स्टाइलिस्ट पहिरनमा कलेज पुग्छन् । युवाहरूको पनि हेयर स्टाइलदेखि ड्रेसअप अनि जुत्ता सबै स्टाइलिस्ट नै हुन्छन् । लिटिल स्टेप उच्च मा.वि., पोखराका शिक्षक टीकाराम शर्मा कलेज पहिरनमा फेसनको चमकदमकलाई उति निको मान्दैनन् । कलेज पढ्नेहरू मर्यादित र शिष्ट हुनुपर्छ, शर्मा भन्छन्- 'छोटो पहिरन लगाउँदैमा अमर्यादित भनिहाल्नचाहिँ नमिल्ला ।' धेरै स्कुल-कलेजमा यस विषयमा जिज्ञासा राख्दा एउटै धारणा आउँछ- 'विद्यार्थीको चाहना र इच्छालाई नकार्न सकिँदैन, यसो भएमा उनीहरू स्वतन्त्र रूपले अध्ययनमा जुट्छन् ।' अहिले अधिकांश प्लस टुको पहिरन फेसनेबल बनिरहेको छ । फेसनप्रति रुचि राख्ने तन्नेरी जमातले पहिरन हेरेर पनि कलेज चुज गरेको पाइन्छ । यही भएर पनि कलेज सञ्चालकहरू कलेज युनिफर्मप्रति सचेत हुन थालेका छन् । विद्यार्थीहरूको चाहनालाई उनीहरू पनि नकार्न सक्दैनन् ।


हिजोआज कलेज-स्कुलमा अध्ययनरत तन्नेरी-तरुनीहरू सामान्य पहिरनमा उति देखिँदैनन् । आधुनिक समयको प्रभावसँगै कलेज युनिफर्म पनि स्टाइलिस्ट बनिरहेको छ । गर्मी मौसम सुरु भएपछि त कलेज पढ्ने युवतीहरूको पहिरन अझ फेसनेबल बन्दै जान्छ । टाइट मिनीस्कर्ट र टमक्क परेको सर्ट टाईमा उनीहरू उत्तिकै स्टाइलिस्ट देखिन्छन्, कुल नदेखिने त कुरै भएन ।

प्लस टु अध्ययनरत टिनएजर युवतीहरूमा कुर्ता-सलवारको प्रचलन बिस्तारै हराउँदै गएको छ । छोटा स्कर्ट अनि स्टाइलिस्ट पाइन्टमा कलेज पुग्ने युवतीहरू अहिले ह्वात्तै बढेका छन्, आईईसी फेसन सेन्टरकी सञ्चालिका बबिता अधिकारी भन्छिन्-'यो फेसनको सकारात्मक प्रभाव हो । यसलाई उनी समय सुहाउँदो पहिरन भन्छिन् ।

जाडो मौसममा समेत तिघ्रा देखिने स्कर्ट लगाएर कलेज पुग्ने युवतीहरू गर्मी सुरु भएपछि त अझ छोटा पहिरिनमा कलेज पुग्न दौडादौड गर्छन् । छोटो पहिरनमा कलेज आउन कलेजले कुनै बन्देज नगरेपछि युवतिहरू निर्धक्क यस्तो पहिरनमा कलेज पुग्छन् । राजधानीसँगै मोफसलका प्रमुख सहरका कलेजहरूमा फेसनको चर्को रूप देख्न पाइन्छ । कसैको रोकतोक त भएन नै, आफ्नो इच्छाअनुसार पहिरन लगाउन पाएपछि युवतीहरू पनि मख्ख नपर्ने कुरै भएन । पहिरिन सजिलो र स्टाइलिस्ट पनि देखियोस् भनेर स्कर्ट लगाएकी हुँ, -होटल म्यानेजमेन्ट कलेजमा अध्ययनरत एक युवतीले आफ्नो नाम लुकाउँदै भनिन्- 'अलि-अलि फेसनेवल त देखिनै पर्‍यो ।'

उनले भनेझैं धेरै स्कुल-कलेज पढ्ने युवतीहरूले बढी मात्रामा स्टाइलिस्ट देखिनका लागि नै मिनीस्कर्ट र फिटिङ टाई-सर्ट अनि पृथक् तरिकाको हेयर स्टाइललाई आत्मसात् गरेको पाइन्छ । फेसन र मोडलिङ क्षेत्रमा लागेका युवतीहरूभन्दा कम स्टाइलिस्ट हुँदैनन स्कुल-कलेज लेबलका युवतीहरू । कलेज आउँदा स्टाइलिस्ट पहिरन लगाउन हुँदैन भन्ने पनि केही छैन, समयअनुसार चल्दैमा केही हुँदैन, प्लस टुकी एक छात्रा भन्दै थिइन्- 'यसलाई नेगेटिभ रूपमा लिइहाल्नुपर्छ जस्तो मलाई लाग्दैन । युवाहरूको पहिरन फेसनेबल भए पनि उनीहरू युवतीहरूको दाँजोमा भने पुग्न सक्दैनन् ।' यद्यपि युवाहरूको कलेजको पहिरन पनि आफ्नै स्टाइलको छ ।

छोटो स्टाइलिस्ट पहिरिनमा आकर्षक देखिने हुनाले पनि यस्तो पहिरन लगाउनेहरूको हूल हरेक निजी स्तरमा अध्ययनरत कलेजका युवतीहरूमा देखिन्छ । सरकारी स्तरका कलेजहरूमा भने यस्तो पहिरन उति देखिँदैन । स्थानीय टेलिभिजनकी आरजे रानी रानालाई कलेजको बदलिँदो फेसनशैलीले अचम्मित तुल्याएको छ । समयअनुसार पहिरन ठीक भए पनि 'ओभर' फेसनचाहिँ कलेज पढ्नेहरूका लागि त्यति राम्रो हुँदैन, -उनको प्रतिक्रिया थियो । स्कर्ट लगाएर स्टाइलिस्ट पहिरनमा कलेज पुग्ने युवतीहरू भने यसलाई उति ठूलो कुरा मान्दैनन् । बरु उनीहरू समयअनुसार चलन जान्नुपर्छ भनेर जवाफ दिन पछि पर्दैनन् ।



# ओहो क्या हट

पृष्ठ १ बाट जारी

हट फेसन देखाउन युवतिहरू नै अग्रसर हुन्छन् । युवाहरूले जतिसुकै चमकदमक देखाए पनि युवतिहरूको स्टाइलसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । ग्ल्यामरमा युवतीहरू तेज देखिए पनि स्टाइलिस्ट लुक्समा युवाहरू पनि पछि पर्दैनन् । चढ्दो गर्मीसँगै छोटा र पातला पहिरनमा हिंड्नेहरू उत्तिकै सेक्सी पनि देखिन्छन् । सिमपानी पोखराकी १७ वर्षीया साया गुरुङ गर्मीमा अनुकूल पहिरन लगाएर हिंड्छिन् । स्टाइल त भयो नै, शरीरलाई पनि असर नपुगोस् भनेर नै समयानुकूल पहिरन लगाएकी हुँ, -उनले साप्ताहिकसँग भनिन् । यतिबेला युवाहरू हाफ पाइन्ट टिर्सट तथा युवतीहरू स्कर्ट टप्ससँगै हाफ पाइन्ट र टिर्सटमा देखिन्छन् । यो त पहिरन भयो नै, त्यसमाथि अनुहारलाई घामबाट बचाउन क्याप र स्टाइलिस्ट चस्मा पनि उनीहरूको अनिवार्यता बनेको छ ।

फेसनले गाँज्दै लगेको फेसनेबल सहरहरूमा यतिबेला गर्मीको पहिरनसँगै फेसनको पारो पनि तीव्रतर रूपमा चढेर गएको छ । अझै फेसनमा एक कदम अघि देखिएको फेवा नगरीमा अहिले फेसनको चमकदमक नै अलग छ । युवतीहरू 'हट' देखिने पहिरनमा खुल्लम खुल्ला सडकमा देखिन्छिन् । यहाँका अभिभावकहरू पनि बदलिँदो फेसनका लागि आफ्ना सन्तानहरूलाई स्वतन्त्र छाडिदिन्छन् । यही स्वतन्त्रताको उपभोग गर्दै युवायुवतीहरू फेसनको होडमा अग्रसर हुन हिचकिचाउँदैनन् । धेरैको चाहना भने कसरी आफू स्टाइलिस र ग्ल्यामरस देखियोस् भन्ने हुन्छ । हलिउडदेखि बलिउडसम्मका कलाकारको सिको गर्दै पहिरन बदल्नेहरूको कमी देखिँदैन । युवायुवतीहरू मात्र होइनन, वयस्कहरू पनि गर्मी सुरु भएपछि फेसनको मामिलामा उदार देखिने गरेका छन् । यो मौसममा बढेको फेसन देखेर फेसन पारखीहरू फेसन सो हेर्नलाई स्टेज नै चाहिँदैन भन्छन् । गर्मी याममा सडकमै फेसन सो हेर्न पाइन्छ, -धेरै जना यसै भन्छन् ।

युवायुवतीहरू मात्र होइन, अधबैंसेहरू पनि समयअनुसार आफूलाई परिवर्तन गर्न सजग भैसकेका छन् । फेसनको मामिलामा उनीहरूलाई पनि कम आँक्न मिल्दैन । आफ्नो नाम लुकाउँदै ४५ कटेकी पृथ्वीचोककी एक अधबैंसेले लजालु पारामा भनिन्-'गर्मीमा हामीले पनि फेसन गर्न जानेका छौं ।' डान्सपार्टी तथा फेसन सोहरूमा मात्र ग्ल्यामरस पहिरन प्रर्दशन हुँदै आएको हिजोआज यहाँ सडकमै त्यस्ता पहिरनहरू देख्न पाइन्छ । गर्मीमा देखिने पहिरनमा आएको परिवर्तनप्रति कतिपय त कामुकता बढेको भनेर विरोध गर्न पनि भ्याउँछन्, तर उनीहरूको विरोधले भने समयको परिवर्तनमा कुनै अर्थ राख्दैन । परिवर्तनको विरोध गर्नुको कुनै अर्थ रहँदैन, फेसनकी शिक्षिका बबिता अधिकारी भन्छिन्- 'समयलाई बुझेर पहिरन लगाउनु राम्रो हो ।' समयानुकूल पहिरनका लागि यहाँका फेसन डिजाइनरहरूका सृजनशील हात उत्तिकै सक्रिय छन् ।

क्लाउड नाइन फेसनका विकल श्रेष्ठ भन्दै थिए- 'बढ्दो तापक्रमसँगै फेसनेवल पहिरनको व्यापार बढेको छ ।' मोडल लजिना गुरुङलाई समर सिजनमा स्कर्टमा ढाँटिएर हिंड्न सजिलो मात्र लाग्दैन, उत्तिकै राम्रो पनि लाग्छ । स्कर्टमा उनलाई त्यतिकै सुहाउँछ । गर्मी मौसम मन पराउने गुरुङ भन्दै थिइन्- गर्मी मौसमले फेसन चर्किएको संकेत दिन्छ ।

# ग्ल्यामरस गर्मी



पृष्ठ १ बाट जारी


ढाक्ने कपडामा चिसोपनका निम्ति आइसक्रिम रोज्ने युवतीहरू धेरै छन् । गर्मी छल्न पानीसँग खेल्न खोज्नेहरू पनि धेरै छन् । उनीहरू छोटा हाफ पाइन्ट, छोटा स्कर्ट, मिडी र चेक सर्टमा ठाँटिन्छन् । युवाहरूमा भने सुतीको टि-सर्ट, ट्राउजर, हिपहप र चुज हाफ पाइन्टको फेसन नै चलेको छ । किशोर मिलन लिम्बू कम्ब्याट पोसाकका क्रेजी हुन् । कम्ब्याटले तातोपन वृद्धि गर्छ भन्दै मिलन भन्छन्- 'म पनि गर्मीमा सुतीका पाइन्ट र नेटवाला टि-सर्ट लगाउँछु ।'

तन्नेरी पुस्ताको रोजाइमा यसपालि निकै परिवर्तन आएको छ । विगतमा बलिउड र हलिउड चलचित्रकाजस्तै पहिरनको बाहुल्य थियो । डिजाइनर हेमा भन्छिन्- 'यसपालि हलिउड र बलिउडका सेलिब्रेटीहरूले विभिन्न कार्यक्रममा लगाएका पहिरनको माग उच्च छ ।' युवायुवतीहरू जुम र फेसन च्यानलमा देखिएका तथा इन्डियन आइडल, छोटे उस्तादजस्ता कार्यक्रममा सेलिब्रेटीले लगाएका पहिरन चाहन्छन् । बलिउड स्टार अनिल कपुरकी छोरी सोनालीले आफ्नो पहिलो चलचित्र सावरियामा लगाएकी अम्ब्रेला कुर्ता रोज्नेहरू पनि धेरै छन् । भारतीय सिरियलका दर्शकहरू रिदिमा कुर्ता चाहन्छन् । ह्वाइट स्कर्ट, पाइन्ट, हट पाइन्ट तथा सर्ट लगाउँदा गर्मीमा शीतल रसहज महसुस गर्न सकिने युवतीहरू बताउँछन् ।

पार्टीमा युवतीहरू घुँडासम्म लामो जिप्सी स्कर्ट तथा मिनीस्कर्टमा देखिन्छन् । चेक सर्ट, क्वार्टर पाइन्ट, स्ल्याक्स र लामो टि-सर्टको फेसन पनि सकिएको छैन । डिजाइनमा भने उनीहरू विविधता चाहन्छन् । युवाहरूका गोडामा लेदर स्यान्डल, ट्रेकिङ चप्पल र युवतीहरूका गोडामा फ्ल्याट स्याण्डल छाएको छ । कुर्ता-सलवार र पाइन्ट-टिसर्टमा कार्यालय पुग्ने परिवार नियोजन संघ सुनसरीकी युवा सदस्य सरिता सुब्बा भन्छिन्- 'शरीर सुहाउँदो मौसमअनुसारको पहिरन लगाउनुपर्छ ।' कार्यालय नजाँदा उनी गर्मी छल्न हाफ पाइन्टमा हुन्छिन् । औसत ३५ डिग्री सेल्सियस रहने धरानमा भदौ महिनासम्म गर्मीको फेसन कायम रहन्छ । युवाहरूमा जिन्सका हाफ पाइन्ट, क्वार्टर पाइन्ट, स्टायलिस हिपहप शैलीका खुकुला पाइन्ट, हाफ टि-सर्ट र सर्ट बढी चल्तीमा भएको दर्शन बजारस्थित जिन्स वेयरका जीवन लिम्बू बताउँछन् ।

## लभ गुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



**म १६ वर्षीया युवती हुँ। मलाई एक १८ वर्षीय युवकले प्रेम प्रस्ताव राखेका छन्। पढ्ने उमेरमा त्यस्तो गर्नु हुँदैन भनेर मैले उसको प्रेम प्रस्ताव अस्वीकार गरेँ। उसले तीन पटकसम्म प्रस्ताव राखिसके, तर मैले हरेक पटक उसलाई 'नो' भन्ने जवाफ दिएँ। त्यो कुरा उनका साथीभाइहरूले थाहा पाएछन्। उनीहरू मलाई जहाँ भेटे पनि उसको नाम लिँदै जिस्क्याउँछन्। विद्यालयमा पनि जिस्क्याउँछन्। उनी हाँसेर मात्रै बस्छन्। यो कुरा थाहा पाएर मेरा बा, आमा र दाइले गाली गर्नुहुन्छ। ऊ गुरुङ हो, हामी तामाङ। आमा-बाहरू हाम्रो जात मिल्दैन भनेर कराउनुहुन्छ। उहाँहरू अचेलको जमानामा पनि जातपातको कुरा गर्नुहुन्छ। मैले उसलाई नो भनेर कतै गल्ती त गरिनँ ?**

**-सु.**

तपाईंको पत्र सरसर्ती पढ्दा उसको प्रस्ताव स्वीकार गर्ने कि नगर्ने भन्ने कुरामा तपाईं दोधारमा हुनुहुन्छ भन्ने थाहा हुन्छ। पढाइका कारण उसको प्रस्ताव स्वीकार नगरे पनि जातपातको कुराबाट तपाईं ऊसँग प्रेम गर्न इच्छुक भएजस्तो देखिन्छ। साथीहरूले जिस्क्याएकोमा भन्दा पनि जात नमिलेकाले तपाईंका अभिभावकहरूले गाली गरिरहनुभएको छ। जात मिलेको भए उहाँहरू पनि केटालाई स्वीकार गर्ने मुडमा हुनुहुन्छ जस्तो लाग्छ। यद्यपि यो समस्याको समाधान तपाईं आफैंले खोजिसक्नुभएको छ। पढाइका कारण उसको प्रस्ताव स्वीकार गरिरहनुभएको छैन। जिस्काइबाट बच्ने एउटा मात्र उपाय छ, उसलाई आश्वासन दिनुहोस् कि जब पढाइ पूरा हुन्छ, तब उसको प्रस्ताव स्वीकार गर्छु भनेर। तबसम्म आफू उसको एक असल साथीका रूपमा रहने पनि भन्न सक्नुहुन्छ। अनि उसकै माध्यमबाट उसका साथीहरूलाई नजिस्क्याउन आग्रह गर्न सक्नुहुन्छ। हुन पनि विवाहका लागि तपाईंहरू दुवैको उमेर अहिले कमै छ।

## फिल्मी खबर

गत वर्षको सुपरहिट चलचित्र 'फैसला' का निर्माता तथा नायक शिव गिरीले फैसला भाग दुईका रूपमा अर्को चलचित्र 'फर्ज' निर्माण गर्ने घोषणा गरेका छन्। व्यावसायिक मनोरञ्जनात्मक हुने बताइएको उक्त चलचित्रमा शिव गिरीका अतिरिक्त विराज भट्ट नायक रहने पक्का भैसकेको छ। उक्त चलचित्रको निर्देशन फैसलाकै निर्देशक मदन घिमिरेले गर्ने भएका छन्।

नायक राजेश हमालले सम्भवतः आगामी केही समयभित्रै चलचित्र निर्देशन गर्न सक्ने बताएका छन्। उनले हालै कान्तिपुर दैनिकमा प्रकाशित अन्तवार्तामा त्यसो भनेका हुन्। सधैं एकै प्रकारको भूमिका गरिरहनु आफ्नो बाध्यता भएको बताउने नायक हमाल आफूले निर्देशन गर्ने चलचित्र फरक धारको हुने र त्यसमा मुख्य भूमिका आफैंले निर्वाह गर्ने बताउँछन्।

नेपाली सेनालाई विषय बनाएर एक्सन चलचित्र 'सैनिक' निर्माण गर्ने घोषणा गरेका निर्माता, निर्देशक तथा द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठले उक्त चलचित्रको छायाङ्कन यसै वर्ष प्रारम्भ गर्ने भएका छन्। सातजना नायक रहने चलचित्र 'सैनिक' का लागि गायक दाजुभाइ सत्यराज र स्वरूपराज आचार्यको संगीतमा गीत रेकर्डिङ भैसकेको छ। परिस्थिति अनुकूल नभएकाले चलचित्रको छायाङ्कन नथालेको निर्देशक श्रेष्ठले साप्ताहिकलाई बताए।

एक वर्षअघि बेलायतमा बसोबास गरिरहेका नेपालीहरूले निर्माण गरेका दुई नेपाली चलचित्र 'फ्ल्याट नम्बर १८७' र हालसालै निर्माण गरिएको 'गुडबाई काठमाडौं'ले केही अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी भै पुरस्कार पनि जितेको छ। ती दुई चलचित्रका निर्देशक मिलन चाम्सकाले फेरि अर्को चलचित्र 'पश्चात्ताप' निर्देशन गरेका छन्। चलचित्र 'पश्चात्ताप' प्रदर्शनका लागि तयार अवस्थामा छ। त्यसपछि ती तीनवटै चलचित्रलाई नेपालमा पनि प्रदर्शन गर्ने निर्माणपक्षको योजना छ।

चलचित्र 'दानवीर'को छायांकन सकिनेबित्तिकै निर्देशक सोभित बस्नेत अर्को चलचित्र 'धुम'को छायांकनमा जुटेका छन्। बलिउडको सुपरहिट चलचित्रसँग शीर्षक जुधे पनि विषयवस्तु फरक रहेको उक्त चलचित्रका निर्माता निर्देशक बस्नेतका सहोदर भाइ जयकिशन बस्नेत हुन्। चलचित्रमा विराज भट्ट र अर्जुन कार्कीको मुख्य भूमिका छ भने नायिका रेजिना उप्रेती रहनेछिन्।



गोपीकृष्ण मुभिजले घोषित सातवटा चलचित्रको निर्माणसँगै आठौं चलचित्रका रूपमा निर्माण गरेको चलचित्र 'तेजाब' प्रदर्शनका लागि तयार भएको छ। दीपक परिकोटीले निर्देशन गरेको उक्त चलचित्रमा रमित ढुंगाना, उषा पौडेल, हेमन्त बुढाथोकी, नवीन श्रेष्ठ, उमेश खड्का, पुजाना आदि कलाकारले अभिनय गरेका छन्।

## घिन्ताङ-घिन्ताङ नाच



**साप्ताहिक समाचार**

काठमाडौं- दिउँसोको १२ बजे, टन्टलापुर घाममा रूखको छहारीमा बसेर एक दर्जन पहेंलो टिसर्ट लगाएका युवती मेकअप गर्दै थिए। त्यस्तै टिसर्ट लगाएका अरु केही युवायुवती भृकुटी मण्डपको फनपार्कमा यताउता गर्दैथिए। उनीहरूले लगाएको टिसर्टमा एनटिभी टुको लोगोसँगै लेखिएको थियो- घिन्ताङ। हरेक शुक्रबार राति पौने नौ बजे एनटिभी टुबाट प्रसारण भैरहेको नृत्य प्रतियोगिताको कार्यक्रम 'घिन्ताङ'का उत्कृष्ट ३५ जना त्यहाँ भेला भएका थिए। उनीहरू खुसी थिए, किनकि प्रतियोगितामा सहभागी हुन आएका १ हजार ५ सय आवेदकमध्येबाट विभिन्न चरण पार गरेर उनीहरूको यात्रा त्यहाँसम्म पुगेको थियो। आज साँझ प्रसारण हुने श्रृंखलामा उनीहरू दर्शकसँग भन्नेछन्- 'मेरो नृत्य क्षमता राम्रो लाग्छ भने कृपया मलाई एसएमएस भोट दिनुहोस्।'

अब दर्शक एसएमएस मतका आधारमा आगामी साताको श्रृंखलाबाट कम मत पाउने १५ जना बाहिरिनेछन् र बाँकी रहनेछन्, उत्कृष्ट २०। उत्साहित ३५ जनालाई डर पनि छ। त्यसैले सहभागी एक प्रतिस्पर्धी भावनाले भनिन्- 'दाइ, मलाई एसएमएस मत दिनु है ?' एघार जना नर्तक र २४ जना नर्तकीको समूहमा सबैलाई आफू अब उत्कृष्ट २० मा पर्छु भन्ने लागेको छ। कार्यक्रमका निर्देशक प्रसन्न पौडेलले भने- 'जसै कार्यक्रम फाइनलतर्फ बढ्दै छ, दर्शकको अभिरुचि पनि बढिरहेको पाएको छु।'

## नक्कल होइन सक्कल

**साप्ताहिक समाचार**

काठमाडौं- नक्कलले गर्दा संगीत उत्पादक, वितरक तथा कलाकारहरू आजित भैसकेका छन्। कुनै गीत चल्नेबित्तिकै त्यसको नक्कल अर्थात् पाइरेसी भैहाल्छ। फलस्वरूप गीतजति नै हिट भए पनि एल्बम बिक्री हुँदैन अनि कलाकार, उत्पादक तथा वितरकलाई स्वतः आर्थिक घाटा लाग्छ। पाइरेसी गरिएका होइन, सक्कली गीतसंगीत नै सुनौं भन्ने जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले गत शुक्र, शनि र आइतबार ललितपुरको पुल्चोकस्थित ललितपुर विशालबजारमा 'सेभ म्युजिक मेला' सम्पन्न भएको छ, जसमा कलाकारहरूले उत्साहजनक रूपमा सहभागिता जनाए। मेलामा मिग्मा शेर्पा, रेश्मा सुनुवार, आगन्तुक खरेल, दिव्य सुब्बा, सुमन श्रेष्ठ, रवि बज्राचार्य, इन्दिरा जोशी, सिनी गुरुङ, दीपक गौचन, प्रमोद निर्वाण आदिका साथै संगीत समूहहरू द स्याडोज, म्याडजोन, नेप्साइडेज, द किड सोल, इथोजका कलाकारहरू एकजुट भएर आफ्ना चर्चित गीतहरू सुनाउँदै पाइरेसीविरुद्ध आवाज उठाइरहेका थिए। यद्यपि कार्यक्रममा पुरानो पुस्ताका कलाकारहरूको कमी थियो। तीनदिने उक्त मेलाबाट उठेको रकममध्ये आधा 'सेभ म्युजिक कोष'मा जम्मा गरिने तथा कोषबाट पाइरेसीका विरुद्ध विभिन्न कार्यक्रम जारी राख्ने कुरा कार्यक्रमका संयोजक रितेश क्रिशले बताए।

## एक सातापछिको भोज

**साप्ताहिक समाचार**

काठमाडौं- सेतो स्लिभलेस स्कर्टमा चिटिक्क परेर आएकी नायिका निरुता सिंहसँग सोधियो- 'तपाईंको यस्तै बिहेभोज कहिले खान पाइने हो ?' पहिले त उनी दन्तलहर देखाउँदै मज्जाले हाँसिन् र भनिन्- 'यहाँ यो प्रश्न गर्ने तपाईं मात्र हुनुहुन्न। अबचाहिँ गर्नुपर्ला जस्तो छ।' नायिका बिपना थापाले गत शुक्रबार भारतमा डा. आशुतोष भारद्वाजसँग गरेको



विवाह भोज आइतबार राजधानीको एक पाँचतारे होटल डेला अन्नपूर्णमा दिएकी थिइन्। जहाँ अधिकांश चलचित्रकर्मीको उपस्थिति थियो। शेरबहादुर देउवा, प्रकाशमान सिंह, अर्जुननरसिंह केसी, गगन थापाजस्ता राजनैतिक व्यक्तित्वहरूको पनि उपस्थिति रहेको विवाह भोजमा डिजे एसीको डिजेइङको तालमा चलचित्रका नायक-नायिकाहरू खुशी मान्दै नाचिरहेका थिए। राजेश हमाल नवविवाहित दम्पतीलाई तानेर उनीहरूसँग आफू पनि नाचे भने नायिकाहरूमा रेखा थापा र अरुणिमा लम्साल पनि सँगै नाचिरहेका थिए। भुवन केसी, झरना थापा, सुशील क्षेत्री, आकाश अधिकारी, रेजिना उप्रेतीहरू मात्रै होइनन्, सरोज केसी, नलिना चित्रकारहरू पनि बिपनाको विवाह भएकोमा नाचेर खुसी साटासाट गरिरहेका थिए। एकातिर छेउमा नीर शाह, भूषण दाहाल, शम्भुजित बास्कोटा, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, सुरेश अधिकारी, किरण केसी, रामकृष्ण ढकाल, निर्मल शर्मा, जितु नेपाल, राजभाइ सुवाल, विजय लामा, राजीव श्रेष्ठ, सान्द्रा पुन, तीर्थ थापा आदि पनि चिने जानेकाहरूसँग गफ गर्न मस्त थिए। कलाकार, सञ्चारकर्मी, राजनैतिक व्यक्तित्व, आफन्त, छरछिमेक, साथीभाइहरूलाई बिपनाले भोजमा डाकेकी थिइन्। अब विवाहपछि घर (भारतको मथुरा) र माइती (काठमाडौं) आवतजावत गरिरहने बिपनाले बताइन्।



## केवल एक प्रश्न

# तपाईंलाई अहिलेको नयाँ नेपाल कस्तो लागिरहेको छ ?

संसारमा यस्तो गजबको नेपाल त कहीं पनि छैन होला ? खै के भन्ने ? गाली गरौं भने जनताको आन्दोलनबाट आएको सरकार हो, यसको विकल्प फेरि पनि बन्दुककै शासन हो। त्यसकारण यसलाई नै राम्रो भन्नुपरेको छ। 'नखाउँ भने त्यत्रो आन्दोलनबाट प्राप्त भएको सिकार, खाउँ भने गिरिजाप्रसाद कोइरालाको अनुहार....'

**–हरिवंश आचार्य, हास्यकलाकार**

अहिलेको नयाँ नेपाल ? एकदमै सार्थक लागेको छ। पहिले नभएका कुराहरू भैराखेका छन्। अति आवश्यक कुराहरू केही पाईंदैनन्। इन्धनदेखि शान्ति सुरक्षासम्म केही छैन। वास्तवमै नयाँ नेपाल ढुंगे युगभन्दा पनि एक कदम पछाडि हिंड्न खोजिरहेको छ। हाम्रा नेताहरू दूरदर्शी रैछन्। नयाँ नेपाल बनाउँछु भन्थे, एक वर्षमै बनाए, त्यसका लागि धन्यवाद।

**–दीपकराज गिरी, हास्यकलाकार**

नयाँ नेपालको नारा जनताका लागि धेरै राम्रो थियो, तर हाम्रा नेताहरूको काम गराइको पारा यस्तै हो भने नेपालै रहला-नरहला। नयाँ नेपालको कुरा पनि धेरै सुनियो, अब त वाक्क लागि सक्यो।

**–दमन रूपाखेती, हास्यकलाकार**

अहिलेको नयाँ नेपालले धेरै कुरामा रेकर्ड राखेको छ। मट्टीतेल, डिजेल, ग्याँस, पेट्रोल, आन्दोलन, धर्ना, चक्काजाम, तोडफोडलगायत धेरै क्षेत्रमा हामीले विश्वकै धनि राष्ट्र अमेरिकालाई पनि जितेका छौं। यसरी हेर्दा हाम्रो देशले धेरै सम्भावना र उज्ज्वल भविष्य बोकेको जस्तो लाग्छ। गरिब राष्ट्रको सूचीमा सर्वोत्कृष्टता हासिल गरिसकेकाले यो सम्पूर्ण नेपालीका लागि गर्वको कुरा हो।


**–सीताराम कट्टेल, हास्यकलाकार**

अहिलेको नयाँ नेपाल बाइसे-चौबीसे हुँदै गएको छ, त्यो पनि राम्रै कुरा हो। एउटै मुलुक विभाजन भएर साना मुलुक बनेपछि पासपोर्ट प्रयोग गरेर हिंड्न पाइन्छ। धेरैवटा राष्ट्रमा कन्सर्ट गर्न पाइन्छ, घुम्न पाइन्छ, अनि गजब भएन। बेकारमा पृथ्वीनारायण शाहले दुःख गरेका रहेछन्। अब कसैले नालापानीको कथा पनि पढ्नु पर्दैन।

**–सुगम पोखरेल, गायक**

## जम्का भेट

नेपाली चलचित्रका पहिलो द्वन्द्व निर्देशक गोपाल भुटानी चलचित्रको पर्दामा देखा पर्न छाडिसकेका छन्। जीवनको उत्तरार्द्धमा पारिवारिक जीवनबाट एक्लो भुटानी अल्सरको रोगबाट झन्डै वर्ष दिन थलिए। थापाथलीस्थित एउटा साँघुरो भाडाको कोठामा आराम लिई बसेका भुटानी नेपाली चलचित्रले बामे सर्न सुरु गरिरहेकै बेला रजतपटमा पाइला हालेका थिए। २०३१ सालमा प्रकाश थापाद्वारा निर्देशित 'मनको बाँध' मा सानो भूमिका गरेका भुटानी त्यसपछि नेपाली चलचित्रवृत्तमै अलमलिरहे। इलामको फिक्कलमा जन्मिएका भुटानी बंगलादेश हुँदै हिरो बन्ने महत्वाकांक्षा साचेर मुम्बई पुगेका थिए। बलिउडमा थुप्रै अनुभव लिएर उनी कलिउड प्रवेश गरेका थिए।



**बुढ्यौलीले छोपेको हो ?**

उमेरले पाको भए पनि म तगडा छु। लाठेले खाने भात खान सक्छु। राम्रोसँग हिँडडुल गर्छु। रोगले गर्दा केही कमजोरचाहिँ भएको छु।

**यतिबेला तपाईंको दैनिकी कसरी बितिरहेको छ ?**

यी यस्तै त हो नि, मानिसहरू भेट्न आउँछन्। बेला-बेला थापाथली चोकतिर घुम्न निस्कन्छु। जतिबेला भोक लाग्छ भात पकायो खायो।

**चलचित्रमा अफर आउन छाडेको हो वा शरीरले नसकेर हो ?**

सुहाउँदो भूमिका पाए त अझै खेल्छु नि। केही महिनाअघि किशोर रानाको 'मंगले' मा काम गरें। मलाई फिल्ममा अब त्यस्तो ठूलो रोल खेल्ने इच्छा छैन, सानोतिनो, सुहाउँदो रोल दिए पुग्छ। दाल-भात त खानुपर्‍यो नि।

**तपाईंको परिवार ?**

खै के भन्ने ? एउटी भारतीयसँग विवाह भएको थियो सम्बन्ध राम्रो हुन सकेन। एउटा छोरो छ त्यो पनि काम लागेन .... भो यस्तो कुरा नगर्नुहोस्।

**नेपाली चलचित्रमा प्रवेश गर्दाका दिनहरूलाई कसरी सम्झनुहुन्छ ?**

म त हिरो बन्नका लागि मुम्बई पुगेको मानिस। संघर्ष गर्दै त्यहींको चलचित्र लाइनमा छिरें। पछि प्रकाश थापाले उनको चलचित्रमा खेल्न नेपाल बोलाए। त्यसपछि प्रायः म नेपालमै बसेर नेपाली चलचित्रमा लागिरहें। आफ्नो माटोको माया आफ्नै हुन्छ। त्यसबेला प्रविधि अनि प्राविधिकहरू कम थिए। फिल्ममा फाइट राख्ने चलन थिएन। मेकअप कलाकारहरू आफैंले गर्नुपर्थ्यो, अर्को मानिस राख्ने चलन थिएन। स्पटमा खाना पकाउने चलन पनि थिएन। सेटको कुरा त पछि मात्र आएको हो।

**नेपाली चलचित्रको भविष्य कस्तो देख्नुहुन्छ ?**

एकदमै राम्रो छ। चलचित्र भनेको उज्यालो सबैले देख्ने ठाउँमा बनाएर अध्याँरोमा हेरिने चीज हो। यहाँ झूटा र जाली-फटाहहरू टिक्दैनन्। कतिपय पाखा लागिसके। अब रहेका धेरैजसो मानिस राम्रा छन्। नयाँ भाइहरूले चलचित्रसम्बन्धी नै अध्ययन गरेर आएका छन्। उनिहरूलाई प्राविधिक कुराको पनि राम्रो ज्ञान छ। अब राम्रा चलचित्र बन्छन्, म ढुक्क छु।



# कुरा शरीर खोल्नेको



**दिवस गुरागाईँ**

'नांगो फोटो' एकताका नायक राजेश हमाल यही प्रकरणमा मुछिएर चर्चा र विवादित बने। राजेश हमालको जीवनमा त्यति धेरै चर्चा आजसम्म भएको छैन। चलचित्रमा नायिकाहरूको चर्चा बढी नै हुन्छ तर राजेशको नांगो तस्बिर सार्वजनिक भएताका जति चर्चा आजका मितिसम्म कुनै नायिकाको भएको छैन।

राजेशले त्यो तस्बिर चलचित्रका लागि खिचेका थिएनन् न त मोडलिङका लागि। यद्यपि त्यसको चर्चा पराकाष्ठामा पुगेर भयो। नांगिएको कुरामा यति विघ्न चर्चा पाउने पुरुष राजेश अपवाद हुन्। त्यसपछिका दिनमा राजेशले निकै चलचित्रमा शरीर खोलेका छन्। चलचित्र गोरेटोमा हनिमुनको रात उनले खोलेको शरीर र हाउभाउको निकै चर्चा भयो तर उनको नांगो तस्बिरको अत्यधिक चर्चाले त्यही प्रकृतिका अरू प्रदर्शन छायाँमा परेको पाइन्छ।


संसारभरि नै नायिका वा मोडलहरू अंगप्रदर्शन तथा ग्ल्यामरस छविका कारण बढी चर्चामा रहन्छन्। कतिपयले यसैलाई सफलताको भऱ्याङ पनि बनाएका छन्। उनीहरू नांगै हुँदा हुने चर्चालाई नौलो मानिँदैन तर हिंजोआज नायक तथा मोडलहरू पनि शरीर खोल्ने अभियानमा अगाडि देखिएका छन्।

नेपाली चलचित्रमा शरीर खोल्ने नायकका रूपमा विराज भट्ट अगाडि छन्। हालसम्म दुई दर्जन चलचित्रमा अभिनय गरेका विराजले तीमध्ये अधिकांशमा कम्मरमाथि नांगो हुनुपरेको छ। विराज भन्छन्- 'यो दर्शकको माग हो।' खोल्न लायक शरीर बनाउन उनले धेरै मेहनत गर्नुपरेको छ। भारतको देहरादुनमा पढ्न बस्दा बडी बिल्डिङ गरेको स्मरण गर्दै विराज भन्छन्- 'मिस्टर दुन हुनुका पछाडि पनि राम्रो शरीरकै प्रमुख हात थियो।' दर्शकको प्रतिक्रिया पाउँदा आफ्नो शरीर राम्रै छ कि भन्ने लाग्दो रहेछ- उनी थप्छन्। चलचित्र अग्निपथबाट सुरु भएको विराजको एक्सन हिरोको इमेज फैसला र किस्मतसम्म आइपुग्दा स्थापित भयो। एक्सन हिरो भएका कारण पनि धेरै लुगा खोल्नुपरेको उनको अनुभव छ। चलचित्र देवरबाबुमा जाडोको मौसममा राती पानीमा भिज्दाको क्षण उनलाई अविस्मरणीय लाग्छ। विराज भन्छन्- जोसँग जे छ त्यही देखाउने हो।

लभर ब्वाय अर्थात् हेन्डसम नायक रमित ढुंगाना पनि चलचित्रमा नांगो शरीर प्रदर्शन गर्न माहिर छन्। उनले धेरैजसो गीतमा शरीर खोलेका छन्। शरीर खोले बापत उनले धेरै प्रशंसा र प्रशंसक पाएका छन्। रमितका युवती प्रशंसक बढी छन्। यसको प्रमुख कारण उनको केश र शरीरलाई मानिएको छ।

एक्सन नायक निखिल उप्रेतीले पनि केही चलचित्रमा नांगो शरीर प्रदर्शन गरेका छन्। आफ्नो मूल्यांकन गर्दै निखिल भन्छन्- मेरो प्रदर्शन गर्न लायक शरीर नै छैन। लिखुरे जिउ भए पनि निखिल एक्सनमा अगाडि छन्। उनी भन्छन्- मेरोजस्तो शरीर कमेडीका लागि काम लाग्छ। उनले हास्य चलचित्र हामी साथीभाइको एक गीतमा नांगो शरीर प्रदर्शन गरेर नाचेको दृष्य दर्शकलाई राम्रै लाग्यो। त्यसो त सोही चलचित्रमा अर्का नायक दिलीप रायमाझीले पनि शरीर खोलेका छन्। उनको भाते भुँडी पनि सुहाएको छ त्यो गीतमा। दिलीप भन्छन्- कमेडीमा मिलेको भन्दा नमिलेकै शरीर चल्छ।

'पावर छ भन्ने देखाउन एक्सन हिरोले शरीर खोल्छन्'- नायक निखिलको स्पष्टीकरण छ। ग्ल्यामरका निम्ति पनि हो- नायक विराज भट्ट भन्छन्। यस्तो कुराका लागि कतैबाट प्रेरित हुनु आवश्यक छैन भन्ने कुरामा सबैजसो नायक स्पष्ट छन्। नायकहरूका कुरामा धेरैजसो निर्देशक तथा द्वन्द्व मास्टरको अनुभव एवं भनाइ मेल खान्छ तर चर्चित नायिका रेखा थापा नायकहरूले आफूहरूसँग लुगा खोल्न सिकेको ठट्टा गर्छिन्।



**शरीर खोल्ने पाँच नायक**

१. विराज भट्ट
२. रमित ढुंगाना
३. राजेश हमाल
४. निखिल उप्रेती
५. अर्जुन कार्की



## चलचित्र




### सन अफ रेम्बो

हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'सन अफ रेम्बो' सार्वजनिक हुँदैछ । सन् १९८० ताका बेलायतमा भएको एउटा घटनामा आधारित यो चलचित्र कमेडी बेसमा तयार भएको छ । तत्कालीन अवस्थामा पुरातनवादी समाजका कारण चलचित्रको मुख्य पात्र बालक विल प्रभावित हुन्छन् । अन्य सामान्य बालबालिकाको तुलनामा विलको चरित्र फरक हुन्छ । विलले चलचित्र 'रेम्बो फर्स्ट ब्लड' को पाइरेटेड कपि हेरेपछि उनको जीवनमा ठूलो परिवर्तन आएको चलचित्रमा देखाइएको छ । कल्पनाशीलताका आधारमा रेम्बोको चरित्रमा आफूलाई ढाल्ने विललाई साथी लि कार्टरको द्वन्द्वात्मक उपन्यासले साथ दिन्छ । त्यसपछि रेम्बोको उत्तराधिकारीका रूपमा प्रस्तुत गर्दै उनीहरू फिल्म मेकिङमा लाग्छन् । यो कामसँगै उनीहरूबीचको सम्बन्ध पनि प्रगाढ हुन्छ । गार्थ जेनिङ्गसको निर्देशन रहेको यो चलचित्रमा नेल डजन, बिल मिल्नर, बिल पाउल्टर, जेसिका स्टेभन्सन, जुलिज सिटुक आदि कलाकारले मुख्य भूमिकामा अभिनय गरेका छन् ।

### मिस्टर ह्वाइट मिस्टर ब्लाक




बलिउड चलचित्र उद्योगमा आज चलचित्र 'मिस्टर ह्वाइट मिस्टर ब्लाक' सार्वजनिक हुँदैछ । हास्यकथामा तयार भएको यो चलचित्रमा दुई नायकको अभिनयले दर्शकलाई भरपुर हँसाउनेछ । बलिउडमा अक्षय कुमार-सुनिल सेट्ठी, सञ्जय दत्त-अरसद वारसीजस्ता जोडी नायक अभिनीत हास्य चलचित्रले सफल व्यापार गरेको उदाहरणबाट निर्माता विपिन शाहले त्यस्तै शैलीमा सुनिल सेठ्ठी र अरसद वारसीलाई लिएर यो चलचित्र निर्माण गर्ने जमर्को गरेका हुन् । यो चलचित्रमा जग्गा र डायमन्ड व्यवसायको विषयमा दुई नायकको रमाइलो खिचातानी हेर्न पाइनेछ । चलचित्रमा नायक सुनिल सेठ्ठीलाइ सरल व्यक्तित्वका रूपमा प्रस्तुत गरिएको छ भने अरसदको चरित्र रहस्यमय देखिन्छ । ह्वाइट हाउस प्रोडक्सन्सको ब्यानरमा दीपक शिवदासिनीले निर्देशन गरेको यो चलचित्रमा सन्ध्या मृदुल, उपासना सिंह, ब्रजेश हिर्जी, तानिया, सरत सक्सेना, महिमा मेहता आदिले पनि अभिनय गरेका छन् । शिवदासिनी आफैंले लेखेको यो चलचित्रका गीत समीरले लेखेका हुन् ।

## सानो पर्दा

**कान्तिपुर** टेलिभिजनबाट प्रसारण भैरहेको धारावाहिक 'क्याफे कान्तिपुर' का निर्देशक सूर्यनारायण श्रेष्ठ चलचित्र निर्माणसम्बन्धी विशेष अध्ययनका लागि हाल अमेरिकाको हलिउड पुगेका छन् । अमेरिकी राज्य लसएन्जलसस्थित युनिभर्सल स्टुडियोमा न्यूयोर्क फिल्म एकेडेमीले आयोजना गरेको डिजिटल फिल्म मेकिङ शीर्षकको चार हप्ते कार्यशालामा सहभागी हुन उनी त्यहाँ पुगेका हुन् । अमेरिकामा आयोजना भएको ग्लोबल मिडिया एवार्डमा श्रेष्ठको निर्देशनमा बनेको वृत्तचित्र 'मनको आवाज' ले 'बेस्ट टिभी डकुमेन्ट्री' को पुरस्कार पाएको थियो । विगतमा धेरै वृत्तचित्र निर्माण गरिसकेका श्रेष्ठले मलेरिया रोगसम्बन्धी टेलिचलचित्र 'सञ्जीवनी' को निर्देशन पनि गरेका थिए । अमेरिकाबाट फर्किएपछि उनले हाल हरेक मंगलबार साँझ साढे सात बजे प्रसारण भैरहेको धारावाहिक 'क्याफे कान्तिपुर' लाई नयाँ डिजाइनमा प्रस्तुत गर्ने बताएका छन् । उक्त श्रृंखलामा सन्तोष सिलवाल गिरी, निशा अधिकारी, अभिषेक राणा, ऋचा शर्मा, प्रियङ्का थापा आदिले अभिनय गरिरहेका छन् ।

**निर्देशक** बाबुराम ढकालद्वारा निर्देशित टेलिश्रृंखला 'खुसी पलभरको' को प्रसारण समाप्त भैसकेको छ । यसपछि उनकै निर्देशनमा निर्माण भैरहेको श्रृंखला 'माइती' प्रसारण हुने भएको छ । उक्त टेलिश्रृंखलाका ७८ श्रृंखलामध्ये निर्देशक ढकालले पाँच श्रृंखलाको छायाङ्कन तथा सम्पादन सकेका छन् । अमृतजङ्ग बस्नेत, नागेन्द्र रिजाल, सीमा ढकाल, उषा रजक, रमेश बुढाथोकी, शैलजा पाण्डे आदि कलाकारले अभिनय गरेको उक्त श्रृंखला गणेशाय नमः फिल्म्सले निर्माण गरेको हो ।

**नेपाल** वान टेलिभिजनमा विगत केही सातादेखि नाम चलेका कवि तथा गीतकारहरूबाट प्रत्यक्ष कविता सुनाउने कार्यक्रम 'राम्रो कस्तो राम्रो'को प्रसारण हुन थालेको छ । साहित्यकार तथा सञ्चारकर्मी धीरेन्द्र प्रेमर्षीले सञ्चालन गरिरहेको



उक्त कार्यक्रमका प्रत्येक श्रृंखलामा चार-चार जना कवि आउँछन् र आ-आफ्ना कविता दर्शकहरूलाई सुनाउँछन् । नीलबाराही फिल्म्सले निर्माण गरेको उक्त कार्यक्रमका निर्देशक राजेन्द्र सलभ हुन् । कार्यक्रम 'राम्रो कस्तो राम्रो' हरेक शनिबार राति पौने नौ बजे प्रसारण हुन्छ ।

# नृत्य प्रतियोगितामा तेस्रो लिंगीको जमघट



भैरहवा- पुरुष हुन्, तर व्यवहार र चालढाल भने महिलाको जस्तै । महिला हुन् तर चालचलन र व्यवहार पुरुषको जस्तै, अर्थात्- तेस्रो लिङ्गी । गएको शनिबार दिउँसो भैरहवास्थित सिद्धार्थनगर उद्योग वाणिज्य संघको सभाहल यही तेस्रो लिङ्गीको समूहले निकै ततायो ।

अन्य लिङ्गी सरह तेस्रो लिङ्गी पनि क्षमतावान् छन् र समाजमा उनीहरूको पनि उपस्थिति छ भन्ने सन्देश दिने उद्देश्यले त्यहाँ तेस्रो लिङ्गीका निम्ति खुला नृत्य प्रतियोगिता आयोजित गरिएको थियो । झन्डै ४० डिग्री सेल्सियसको असपासमा रहेको तापक्रमले तताएको गर्मीको कुनै परवाह नगरी सभाहलमा उपस्थित दर्शकले उनीहरूको नृत्यलाई निकै जोसिएर साथ दिएका थिए ।

तेस्रो लिङ्गी समूहमा यौन स्वास्थ्य प्रवर्द्धन र मानवअधिकार संरक्षणको क्षेत्रमा क्रियाशील संस्था मनोसपोटिङ म्यापल ग्रुपद्वारा आयोजित उक्त प्रतियोगितामा काठमाडौं, बुटवल र भैरहवाक्षेत्रका १३ जना तेस्रोलिङ्गी कलाकारले भाग लिएका थिए । विभिन्न खालको साङ्गीतिक कार्यक्रम र नृत्य प्रतियोगिताको आयोजना भैरहने भैरहवामा तेस्रो लिङ्गीको नृत्य प्रदर्शनबाट दर्शक निकै रोमाञ्चित भए । प्रतियोगितामा विनतिा शाही प्रथम, सन्तु पुन दोस्रो तथा सन्जना श्रेष्ठले तेस्रो स्थान हासिल गरेका थिए । मारिया पुनले सान्त्वना पुरस्कार पाएकी थिइन् ।

सजिएर मञ्चमा नृत्य गर्दा उनीहरू तेस्रो लिङ्गी हुन् भनेर छुट्याउन सकिँदैनथ्यो । अतिथि कलाकारका रूपमा नृत्य गरेकी विपासा राई तथा प्रतियोगी सञ्जना श्रेष्ठको उत्तेजक नृत्यले धेरैलाई रोमाञ्चित बनाएको थियो ।

प्रतियोगिता आयोजक संस्थाका संयोजक प्रकाश निरौलाका अनुसार, रूपन्देहीमा करिब ४ हजार तेस्रो लिङ्गी संस्थाको प्रत्यक्ष सम्पर्कमा छन् ।

**– माधव ढुंगाना**

## साताको स्वर



### रजिना रिमाल

**म राम्रो र नराम्रोभन्दा माथि हुन सकूँ.. कस्तो प्रकारको गीत हो ?**
दर्शनसँग सम्बन्धित सन्देशमूलक गीत हो। फोर बाइ फोर बिटमा तयार भएको यो गीतले सबैलाई सकारात्मक बाटोमा हिँड्ने सन्देश दिएको छ।

**यो गीतको भाव कस्तो छ ?**
मानिसले मानिस भएर बाँच्न सक्नुपर्छ भन्ने सन्देश गीतले प्रवाह गरेको छ। मानिसले नराम्रो काम गरे पनि उसलाई सत्कर्मतर्फ अग्रसर गराउनुपर्छ। धनि-गरिबको आधारमा कसैलाई भेदभाव नगरी समान मान्नुपर्छ भन्ने भाव छ।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो त ?**
सबैले प्रोत्साहन दिनुभएको छ। अहिलेसम्म राम्रै प्रतिक्रिया पाएकी छु। पहिलो एल्बम भए पनि कर्णप्रिय गीत भएकाले श्रोताको मन जित्न सफल भएजस्तो लाग्छ।

**गीतका लक्षित श्रोता को हुन् ?**
राम्रा गीत सुन्ने सबै श्रोताहरू, सन्देशमूलक गीत भएकाले यो गीत सबैलाई मनपर्छ भन्ने विश्वास लिएकी छु।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**
गीतअनुसारकै भिडियो बनेको छ। मलाई पनि मन परेको छ। आलोक नेम्वाङ दाइलाई धन्यवाद दिन चाहन्छु।

**गायिका** देविका बन्दनाले गाएका चलचित्रका अधिकांश गीत चर्चामा रहे। ती गीतमध्ये केहीलाई राहुल प्रधानले रिमिक्स गरेका छन्। गायिका देविका बन्दनाकै स्वरमा रेकर्ड गरिएका ती रिमिक्स गीतहरूको संग्रह 'देविकाज मुड'को आज शुक्रबार राजधानीको भाटभटेनी मन्दिरमा विमोचन गरिँदैछ। युनाइटेड म्युजिकले बजारमा ल्याउने एल्बममा रहेका रिमिक्स गीतहरूमा गायिकालाई गायकहरू रामचन्द्र काफ्ले, मिग्मा शेर्पा, युवराज गुरुङ तथा विजेज पौडेलले साथ दिएका छन्।

**नेपाली** लोकनृत्य, गीत तथा वाद्यवादनका अनुसन्धानकर्ता एवं संस्कृतिविद् सुबी शाहको निधन भएको छ। गत वैशाख १४ गते शनिबार राति अस्वस्थता महसुस भएपछि उनलाई छाउनीस्थित सैनिक अस्पतालमा भर्ना गर्न लगिएको थियो, तर अस्पताल नै नपुगी उनको देहान्त भयो। नेपाली सेनाको जागिरे भए पनि लोकसंस्कृतिको अध्ययन एवं अनुसन्धानमा अधिकांश समय बिताउने स्व. शाहले उमेर हदबन्दीका कारण नेपाली सेनाको कर्णेल पदबाट अवकाश पाएका थिए। अवकाशपछि नेपाली लोकगीत-संगीतका अतिरिक्त सांस्कृतिक अनुसन्धानमा उनको रुचि बढेको थियो। उनका मादलसम्बन्धी दुई तथा लोकनृत्यसम्बन्धी एक पुस्तक प्रकाशित छन्। शाह मुर्चुङ्गा, मादल र बाँसुरीवादनमा पोख्त थिए। उनकै अगुवाइमा मुर्चुङ्गा प्रशिक्षण कार्यक्रम पनि सञ्चालन भएको थियो।

**मधेसी** जनअधिकार फोरमका तर्फबाट समानुपातिक उम्मेदवार बनाइएकी गायिका नलिना चित्रकार विधायिका हुने सम्भावना बढेर गएको छ। मधेसी जनअधिकार फोरमले समानुपातिकतर्फ २२ वटा सिट पाउने भएपछि त्यस्तो सम्भावना देखिएको हो।

**प्रतिलिपि** अधिकारका लागि सामूहिक रूपमा लड्ने प्रतिबद्धतासहित गीत-संगीत स्रष्टाहरूले गत वैशाख ११ गते राजधानीमा प्रतिलिपि अधिकार दिवस मनाए। उक्त अवसरमा नेपाल संगीत रोयल्टी समाजले एक छलफल कार्यक्रम आयोजित गरेको थियो। कार्यक्रममा समाजका अध्यक्ष गीतकार यादव खरेलले प्रतिलिपि अधिकारका बारेमा जानकारी नभएर कतिपय गीत तथा संगीतकारहरूको सिर्जना चोरिएको जानकारी गराउँदै सबै स्रष्टालाई समाजमा आबद्ध हुन आग्रह गरे। उपाध्यक्ष प्रकाश सायमीले प्रतिलिपि अधिकार दिवसलाई सरकारी निकायले बेवास्ता गरेको गुनासो गर्दै प्रतिलिपि अधिकार ऐन तथा नियमावली बनेको आधा दशक भैसक्दा पनि स्रस्टाहरूले न्याय पाउन नसकेको बताए। विभिन्न संगीतकर्मी तथा गीतकारहरूको उपस्थिति रहेको छलफल कार्यक्रममा रजिस्टार कार्यालयका पूर्वरजिस्टार रामप्रसाद भट्टराईले प्रतिलिपि अधिकारको अन्तर्राष्ट्रिय महासन्धिमा नेपाल प्रवेश गरिसकेको जानकारी गराउँदै सरकारी पक्षबाट प्रतिलिपि अधिकार संरक्षणका लागि धेरै काम गर्न बाँकी रहेको बताए।

"**सिन्धुलीगढी** घुमेर हेर्दा, सुन्तली माई कत्तिमा राम्रो दरबार..' गीतका गायक कृष्णविक्रम थापाको ६४ वर्षको उमेरमा गत साता निधन भयो। झाडापखाला लागेर सिकिस्त भै वीर अस्पतालमा भर्ना गरिएका गायक थापाको उपचारकै क्रममा निधन भएको हो। सिन्धुलीस्थित निवासमा हुँदै झाडापखाला लागेकाले उनलाई स्थानीय जिल्ला अस्पतालमा भर्ना गरिए पनि स्थितिमा सुधार नआएकाले स्थानीय स्तरबाट रु. ५० हजार सहयोग जुटाएर उनलाई काठमाडौंको वीर अस्पताल ल्याइएको थियो। रतनपुरमा जन्मिएर स्थानीय कमलामाई नगरपालिकामा बस्दै आएका स्व.गायक थापाका 'नेपाल रिमझिम यात्रा', 'तोरीलाहुरे', 'खैंजडी भजन' जस्ता एल्बम प्रकाशित छन्। 'सिन्धुलीगढी..' गीत गाएर उनी ०३६ सालमा रेडियो नेपालद्वारा आयोजित प्रतियोगितामा प्रथम भएका थिए। कुनै बेला जनकपुर चुरोट कारखानाका जागिरे थापाका उनका दुई श्रीमती, चार छोरा र एक छोरी छन्।

**शुभारम्भ** : द म्युजिकल जर्नीले गत साता राजधानीमा सांगीतिक कार्यक्रम 'स्मरण' सम्पन्न गरेको छ। हालै दिवंगत भएका कवि तथा गीतकार ईश्वर बल्लभप्रति समर्पित उक्त कार्यक्रममा उनले रचेका गीतहरूलाई गायकद्वय शैलेश सिंह र प्रवीण बराइलीले प्रस्तुत गरेका थिए। नेपाली आधुनिक संगीतले सय वर्ष पूरा गरेको उपलक्ष्यमा आयोजित उक्त कार्यक्रममा गायकद्वयले उस्ताद काइँलाको 'कालो ठेकी नारान', शान्ति ठटालको 'मेरो दु:खी मन', प्रेमध्वज प्रधानको 'पर लैजाऊ फूलहरू', दीपक जंगमको 'तिमीले हेरिरह्यौ', दीप श्रेष्ठको 'कति कमजोर रहेछ' जस्ता सदाबहार आधुनिक गीतका साथै स्वरसम्राट् स्व. नारायणगोपालको अप्रकाशित गीत 'मेरो सानो संसार'लाई प्रत्यक्ष प्रस्तुत गरेका थिए। कार्यक्रममा दिव्य खालिङद्वारा संगीतबद्ध तथा नारायण गोपालद्वारा गाइएको एल्बम 'मेरो सानो संसार'को विमोचन पनि गरिएको थियो।

**हेटौंडा** एफएमले आगामी वैशाख २४ गते एक कार्यक्रमको आयोजना गरी चर्चित गायिका रेश्मा सुनुवारलाई 'आर्टिस्ट अफ द इयर-०६४' पुरस्कार प्रदान गर्ने भएको छ। वर्ष ०६४मा उनको गीत 'मै ठूली भै'छु रे'ले सर्वाधिक सफलता पाएकाले सुनुवारलाई उक्त पुरस्कार दिने निधो गरिएको बताइन्छ। कार्यक्रममा गीतकार भीम विरागलाई 'लाइफ टाइम एचिभमेन्ट एवार्ड' पनि प्रदान गरिँदैछ।

**गायक** अनिल सिंह अचेल दोधारमा छन्। उनको नयाँ एल्बम तयार भैसकेको छ, जसका तीनवटा म्युजिक भिडियो पनि तयार भैसकेका छन्। केही साताभित्रै सार्वजनिक गरिने भनिएको उक्त एल्बम 'ए स्क्वायर'का ती म्युजिक भिडियोहरू हेर्दाहेर्दै अनिलमा अब नयाँ म्युजिक भिडियो बनाउने कि भन्ने सोच आएको छ। 'सायद अब नयाँ म्युजिक भिडियोसँगै नयाँ एल्बम सार्वजनिक गर्छु होला।'- अनिलले बताए। अर्कातर्फ उक्त एल्बमलाई बजारमा ल्याउने तयारी गरिरहेको इन्द्रेणी क्यासेट सेन्टरका सञ्चालक अर्जुन डंगोल भने एल्बम बजारमा ल्याइहाल्ने मनस्थितिमा पुगेको बताउँछन्। गायक सिंह अहिलेको अवस्थामा एल्बम बजारमा ल्याउन धेरै विचार गरेर कदम चाल्नुपर्ने बताउँछन्।

### अफबिट



हौसला : गायक आनन्द कार्की दार्जीलिङकी किशोरी गायिका प्रकृति गिरीसँग मुम्बईमा। तस्बिर : वीरेन्द्र पौडेल

## लाइभ शो

**आज** शुक्रबार राजधानीको ठमेलनजिकै स्वप्निल बगैंचा अर्थात् गार्डेन अफ ड्रिम्समा सुफी गायनको प्रत्यक्ष प्रस्तुति हुँदैछ। अविदा परविन, उस्ताद नुरसद फतेह अलि खानजस्ता सुफी हस्तीहरूप्रति समर्पण गर्दै गायक हेमन्त रानाले सुफी संगीत प्रस्तुत गर्दैछन्। फुर्सद डटकमद्वारा आयोजित उक्त कार्यक्रम 'सुफी नाइट' आज साँझ सात बजे आरम्भ हुनेछ।


**गरिब** विद्यार्थीहरूका लागि पाठ्यपुस्तक तथा स्टेसनरी सामग्री जुटाउन नवदैलोको आयोजनामा र्‍याप गायक निर्णय श्रेष्ठ फेरि एकपटक 'निर्णय एनएसके टुर फोर एजुकेसन' कार्यक्रम लिएर देशका चारवटा महत्त्वपूर्ण सहर डुल्दैछन्। जसअन्तर्गत आज शुक्रबार दिउँसो एक बजे हेटौंडाको सोलिडेटरी इन्टरनेसनल स्कुलमा कन्सर्ट हुँदैछ। म्याडजोन, प्राश्ना शाक्य, माण्डवी त्रिपाठी र सुमन उदयका साथ निर्णयले विभिन्न गीतहरू प्रस्तुत गर्ने उक्त कार्यक्रम त्यही समयमा शनिबार नारायणघाटको चितवन मा.वि., आइतबार पाल्पाको त्रिभुवन मल्टिपल कलेज तथा सोमबार बिहान नौ बजे बुटवलको कान्ति स्कुलमा आयोजित गरिँदैछ।

## नजिकबाट — थापा वसन्त



| | |
|---|---|
| जन्ममिति | : वैशाख २८ |
| घरमा बोलाउने नाम | : कुमार |
| नामको अर्थ | : एक ऋतु |
| परिचय | : गीतकार |
| जन्मस्थान | : हङकङ |
| रुचि | : भ्रमण |
| प्रकाशित एल्बम | : थाहा पाएँ |
| सांगीतिक गुरु | : तेजप्रसाद पाण्डे |
| नजिकको साथी | : थापा शेली |
| मनपर्ने परिकार | : स्वदेशी |
| पकाउन जानेको परिकार | : चिया |
| मनपर्ने रंग | : सेतो, कालो, नीलो र रातो |
| मनपर्ने पहिरन | : जिन्स र टिसर्ट |
| मनपर्ने मौसम | : वसन्त ऋतु |
| मनपर्ने खेल | : फुटबल र बक्सिङ |
| फुर्सदमा | : गीत सुन्ने |
| मनपर्ने गीत | : ऋतुहरूमा तिमी (स्व. अरुण थापा) |
| रिस उठेको बेला | : नबोल्ने |
| मनपर्ने आफ्नै बानी | : साथीभाइसँग ठट्टा र रमाइलो गर्ने |
| पहिलो एल्बम | : थाहा पाएँ |
| पहिलो चर्चित गीत | : थाहा पाएँ दोबाटोमा |
| सबैभन्दा बढी माया | : छोराछोरीलाई |
| पहिलो पटक बजाएको बाजा | : मादल |
| पहिलो प्रेम | : श्रीमतीसँग |
| पहिलो चुम्बन | : शेलीलाई |
| पहिलो फोटोसेसन | : हितान शुक्रसँग बुटवलमा |
| राम्रो बानी | : मनमा कुरा नराख्ने |
| नराम्रो बानी | : विश्वास गरिहाल्ने |
| गोप्यकुरा | : आफ्नै म्युजिक भिडियोमा मोडलिङ गरेको छु |
| अन्य प्रतिभा | : मोडलिङ |

### ब्यान्ड बक्स



## गाउँघरका गायक

राजधानीबाहिर मोफसलमा नेपाली गीत-संगीतको आफ्नो छुट्टै प्रभाव एवं पहिचान छ। अझ नेपाली गीत-संगीतको मूल थलो नै मानिने दार्जीलिङ सिमानाले छोएका सुदूर पूर्वी नेपालका गाउँहरूमा सांगीतिक कार्यक्रम आयोजना गर्ने र मनोरञ्जन लिने होडबाजी नै चल्छ, तर सबैजसो ती सांगीतिक कार्यक्रमका लागि राजधानीबाट महँगा कलाकार झिकाउनु पर्दैन। मोफसलमा नै ख्याति कमाएका इलामका तीन जना कलाकार र ब्यान्डहरू अधिकांश सांगीतिक कार्यक्रममा प्रिय बन्न थालेका छन्। सफल कुवेर राई, पूजन प्रधान र भूपेन्द्र राई सीमावर्ती गाउँमा आयोजित कार्यक्रममा उपस्थित नभए दर्शकहरूले विरोधसमेत गरेका घटना प्रशस्तै भेट्न सकिन्छ।

विगत दुई-तीन वर्षयतादेखि कुवेर, पूजन र भूपेन्द्रको समूह दार्जीलिङदेखि इलामका गाउँहरूमा आयोजित कार्यक्रममा आफ्नो सुरिलो स्वरमार्फत गीत प्रस्तुत गरिरहेको छ। कुवेर राईले मोफसलमै तीन वर्षको अन्तरालमा दुई दर्जनभन्दा बढी साना-ठूला कार्यक्रममा आफूले गीत गाएको बताए। स्थानीय स्तरका कार्यक्रममा नै धेरै माया पाएको छु। तीनवटा एल्बम बजारमा ल्याइसकेका कुवेरको मायाले मूल बाटो भुलेसी, नौरङ्गी फूलबारी देखेर, अल्झिएकी शीतहरू पात-पातमा जस्ता गीत श्रोताले बढी मन पराउँछन्। पूजनले भने- 'आफ्नै गाउँघरमा आयोजना हुने कार्यक्रममा गीत नगाए आयोजकले भन्दा पनि दर्शकहरूले बढी गुनासो गर्छन्।' पूजन भन्छन्- 'गाउँघरका गीत गाएर पाएको मायाको अनुभूति बेग्लै हुन्छ।' सबैलाई समय मिलाउनचाहिँ निकै गाह्रो पर्छ।' कम पैसा वा कतिपय अवस्थामा नि:शुल्क गीत प्रस्तुत गर्न पुग्ने यी तीन जना कलाकारमध्येका अर्का गायक भूपेन्द्र राईको स्वरले युवापुस्तालाई बढी आकर्षित गरेको छ। कुवेर र पूजन अनुपस्थित भएको कार्यक्रममा भूपेन्द्रको स्वरले श्रोताहरूलाई सन्तुष्टि दिन्छ। भूपेन्द्र भन्छन्- 'गाउँघरको स्टेजमा दर्शकको माया धेरै पाएको छु।'

राजधानीबाट महँगो शुल्क तिरेर कलाकार बोलाउने हैसियत नभएका आयोजकहरूका लागि कुवेर, पूजन, भूपेन्द्र साथै कुवेर निरौला, रमेश भक्तराज, देवी गौतमका साथै मिलेनियम ब्यान्ड र ओम ब्यान्डको प्रस्तुतिले पनि सबैको मन जितेको छ।

–युवराज गौतम

## ठट्यौली प्रकाशसँग



एउटा मानिस आफ्नो कुकुर लिएर जनावरको डाक्टर भएको ठाउँमा गयो र भन्यो- 'यसको पुच्छर काटिदिनुस् ।'

'अरे' डाक्टरले छक्क पर्दै सोध्यो- 'यति राम्रो पुच्छर छ किन काट्नु ?'

'भोलि मेरो घरमा सासू आउँदैछिन् र म चाहन्छु– भोलि मेरो घरमा यस्तो कुनै पनि कुरा नदेखियोस् जसले गर्दा सासूलाई लागोस् कि उनको स्वागत हुँदैछ ।'

०००

एउटा फटाहा व्यक्ति चुनावमा उठ्यो । ऊ गुन्डागर्दीमा नामुद थियो । दुई-चार जना लठैतलाई आफू चुनावमा जित्ने-नजित्ने विषयमा बुझ्न गाउँमा पठायो । दिनभरि लठैतहरू गाउँ घुमे अनि बेलुकी घर फर्किए ।

'के छ त गाउँको हालखबर, कति प्रतिशतले मलाई भोट दिने रहेछन्, अनि कति प्रतिशतले भोट नदिने रहेछन् ?' नेताले सोध्यो ।

'९५ प्रतिशतले भोट दिने रहेछन् अनि ५ प्रतिशतले चाहिँ भोट नदिने रहेछन् तर आज हामीले जति जनालाई भेट्यौं, ती सबै पाँच प्रतिशतभित्रका थिए ।' लठैतमध्येको एउटा चम्चाले जवाफ दियो ।

०००

हाछ्यूँको कुरा तथा अर्थ...

एक हाछ्यूँ : कसैले तपाईंलाई सम्झिँदैछ ।

दुई हाछ्यूँ : कसैले तपाईंलाई धेरै सम्झिँदैछ ।

तीन हाछ्यूँ : कसैले तपाईंलाई एकदमै धेरै सम्झिँदैछ ।

चार हाछ्यूँ : कसैले तपाईंलाई तुरुन्त भेट्न चाहन्छ ।

पाँच हाछ्यूँ : तपाईंलाई रुघा-लागेको छ, तुरुन्त डाक्टरकहाँ जानुहोस् ।

०००

युद्धको समयमा युवकहरू सेनामा भर्ती हुँदै थिए । भर्ती भएकामध्ये एउटा डरपोक सैनिकले अफिसरसँग सोध्यो- 'सा'ब, मलाई त बन्दुक कसरी पक्रने भन्ने कुरासमेत थाहा छैन, मलाई त यो पनि थाहा छैन कि बन्दुकको नाल शत्रुतिर हुन्छ कि आफूतिर ।'

'नेभर माइन्ड' अफिसरले भन्यो 'नाल जता फर्किए पनि बन्दुक चलायौ भने तिमीले देशकै सेवा गर्नेछौ ।'

०००

'कृपया यस पटक भोट मलाई दिनुहोला,' एउटा नेताले आफ्नो क्षेत्रमा मतदातासँग भोट माग्यो ।

'तर हजुर,' मतदाताले खेदपूर्ण स्वरमा भन्यो- 'मैले त अर्कै नेतालाई भोट दिन्छु भनेर वचन दिइसकें ।'

'हे..., भोटको मामलामा वचन दियो भन्दैमा भोट दिनैपर्छ भन्ने छ र ? खै कुरा बुझेको ?'


'ए हो र..., त्यसो भए हुन्छ हजुर म तपाईंलाई भोट दिन्छु,' मतदाताले जवाफ दियो ।

०००

एउटा बालक जसले कहिल्यै पनि चक्कु देखेको थिएन । एकदिन उसले चक्कु देख्यो । उसले चक्कुको विषयमा यस्तो धारणा बनायो- यो करौंतीको बच्चा हो जसको अहिलेसम्म दाँत निस्किएको छैन ।

## कविता

### चोखो माया



तिम्रोजस्तो चोखो माया अन्त कहीँ पाइँदैन
तिमी भए पुग्छ मलाई अरू कोही चाहिँदैन
सबै चोट व्यथाहरू तिमीले छुँदा निको हुन्छ
मनभित्र निभे दीप तिमी हाँस्दा बलिदिन्छ
तिम्रोजस्तो मीठो बोली अन्त कहीँ पाइँदैन
तिमी भए पुग्छ मलाई अरू कोही चाहिँदैन
आऊ तिमी मेरो नजिक मनभित्र सजाउँछु
हाम्रो पिरतीको कथा संसारलाई सुनाउँछु
तिम्रोजस्तो मधुर मुस्कान अन्त कहीँ पाइँदैन
तिमी भए पुग्छ मलाई अरू कोही चाहिँदैन ।

**पर्वत सञ्जेल**

### गरिबको जिन्दगी

महँगीले डाँडा काट्यो, काल भो जिन्दगी
जतातातै लथालिङ्ग, बेहाल भो जिन्दगी
गाँस, बास, कपासको समस्याले सताउँदा
पार पाउनै नसकिने, जाल भो जिन्दगी
उन्नति र प्रगतिका, बाटाहरू नभेटिँदा
जुवा खेल्ने जुवाडेको, खाल भो जिन्दगी
आईए बीए एम्ए पढ्यो, जागिर केही पाइँदैन
बामे सर्ने कछुवाको, चाल भो जिन्दगी
सपना त धेरै थिए, हुरी आई उडाईदिँदा
प्वालै प्वाल भै च्यातिएको, पाल भो जिन्दगी ।

**बद्री शिवाकोटी**

### तिम्रा चाहना

तिम्रा असीमित रहरहरू
तिम्रा असीम आकांक्षाहरू
पूरा गर्ने मेरो पनि रहर होला
इच्छा पुऱ्याइदिने मेरो पनि चाहना होला
तर खोइ साना यी 'थैली'हरू
साने यी गच्छे र औकातहरू
तिम्राविरुद्ध संघर्ष गरिरहेछन्
तिम्रा चाहनाको खिल्ली उडाइरहेछन्
न कहिल्यै तिमीलाई मैले
'तारा' झार्छु भनेको थिएँ
न त 'आकाशको जून'को सपना देखाएको थिएँ
भन तिम्रा रहरहरू किन यसरी फराक भए ?
भन तिम्रा आकांक्षाहरू अनायासै किन यसरी मोडिए ?

**चेतनाथ कँडेल**

### भो छाडिदेऊ

भो, छाडिदेऊ अंश यहाँ हारको कुरा
खोज्नुपर्छ जिन्दगी जिउने सारको कुरा
यात्रा हो जिन्दगी आखिर हिँड्नैपर्छ
नउफ्काऊँ सबैले खेप्नुपर्ने मारको कुरा
संघर्षले भरिएको छ संसारमा सर्वत्र
गाऱ्हो हुन्छ त्यो खुकुरीको धारको कुरा
संगीतको झङ्कारमा झन्किन्छ रेसम पनि
भो नगरौं चुँडिजाने त्यो तारको कुरा ।

**रेसमकुमार सुनुवार**

### भागेको नसम्झ

तिमीलाई देखेर यो गजल लेखेको नसम्झ
दोबाटोमा भेट भयो, बाटो छेकेको नसम्झ
सम्झना त थियो होला मुखले खोल्न नसके नि
कता-कता भुल्यो मन, गर्जो टारेको नसम्झ
आखिरमा यो दिन आयो नसोचेको भए पनि
बाध्यताले टाढा हुनुपऱ्यो, भागेको नसम्झ
के-के थिए वाचाहरू ती दिनहरू बिते पनि
ख्यालमै धोकेबाज भई भुलेको नसम्झ ।

**नवराज श्रेष्ठ**

## लघुकथा

### मुठभेड



डाँडामाथिका घामजून भैसकेका बूढाबूढीका दुई छोरामध्ये दुवै घरमा छैनन् । गरिबी र अभावले होला घरमा बस्न सकेका छैनन् । जेठो प्रहरीमा भर्ती भएको छ भने कान्छो जागिरको खोजीमा दौडधूप गर्दै थियो । हिंजोआज ऊ पनि गाउँघरमा देखिँदैन । बूढाको उमेर निकै ढल्केर होला केही दिनदेखि ओछ्यानमा ढलेका छन् । उनलाई छोराहरूको मुख हेर्ने ठूलो धोको थियो भने बूढीलाई मातृत्व र न्यास्रोले धेरै दिनदेखि सताइरहेको थियो ।

एकाबिहानै बूढाबूढी रेडियोको समाचार सुनिरहेका थिए- हिंजो राती प्रहरी र आतंकवादीहरूको दोहोरो भुठभेडमा प्रहरीको गोली लागी एक आतंकवादी...को घटनास्थलमा नै मृत्यु भएको थियो भने प्रहरीतर्फ...जिल्ला ....गाविसका प्रहरी जवान...को पनि आतंकवादीको आक्रमणमा परी मृत्यु भएको छ । साथै सनाखत अनुसार मृतकद्वय एकै दाजुभाइ भएको खुल्न आएको छ । ... त्यसभन्दा अघिका शब्द उनीहरूका कानले थाम्न सकेनन् क्यारे । दुवै मुर्छित भै ढल्न पुगे । आखिर मृतकद्वय तिनै बूढाबूढीका मुटुका टुक्रा न थिए ।

**-एस.बी. सुनार**

# सुरु भयो राईहरूको साकेला (उभौली) सिलीनाच

*सोई ढोले सोई*
*अर्को ढोले खोई ।*

गाईघाट- प्रस्तुत गीतको लयसँगै वैशाखको पहिलो साताबाट किराँत राईहरूको बसोबास रहेको देशका विभिन्न स्थान तथा विशेष गरेर राईहरूको उद्गम थलो मानिएका पूर्वका खोटाङ, उदयपुर, भोजपुर, सुनसरी, ओखलढुंगा आदि जिल्लामा साकेला सिली (उभौली) नाच सुरु भएको छ । खेतबारीमा हिउँदे बालीलाई बिदा गर्दै नयाँ बाली लगाउने यो समयमा विशेष गरी पानी नपर्ने भएकाले पौराणिक मान्यताअनुसार पानी पार्न कुखुराको भाले काटेर भोग दिई पितृलाई खुसी पार्न एक महिनासम्म नाचिने यो नाचको रौनक अहिले पूर्वाञ्चलभरि छ ।

पृथ्वीनारायण शाहको राज्य एकीकरणसँगै यो पर्व र नाच लोप हुदै गए पनि परिवर्तित समयसँगै यसलाई जोगाइराख्न राई समुदायहरू निकै जोस-जाँगरका साथ लागिपरेका छन् । विशेष गरेर बिहान-बेलुकासम्म खेतबारीमा नयाँ अन्नबाली लगाउन व्यस्त बन्ने र रात परेपछि चमर, ढोल र झ्याम्टाका साथमा आफ्नै वेशभूषामा सजिएर साकेला नाच नाचिन्छ । राति आठ बजे सुरु भएर यो नाच मध्यरात बाह्र बजेसम्म चलिरहन्छ ।

साकेला नाच्न गर्मीको प्रवाह नगरी शरीरबाट पसिनाका धारा बगाउँदै बालबालिकादेखि लिएर सेतै कपाल फुलेका बाजे र बजै पनि मध्यरातको निन्द्रालाई बेवास्ता गरी युवाजोसका साथ सहभागी बन्ने गरेका छन् । धार्मिक मान्यताअनुसार राई समुदायका पितृ रिसाएमा पानी नपरी पूरै देशमा खण्डवृष्टि भै खेतबारीमा अन्नबाली लगाउन नसकी, भोकमरीको सिर्जना हुने भएकाले पितृलाई खुसी पारेर पानी बर्साउन यो पर्व मनाइन्छ ।

२८ प्रकृतिका राई समुदायको सहभागिता रहने साकेला नाच गाईघाटमा यो वर्ष भने फरक ढंगले नाचिने कुरा किराँत-राई यायोख्खा साकेला सिलि मूल आयोजक समितिका संयोजक कैलाश राईले बताए । राईका अनुसार प्रत्येक वर्ष एक महिनासम्म नाचिने यो नाच यो वर्ष भने गार्यघाटमा डेढ महिनासम्म नाचिएको छ । वैशाख १ गतेदेखि रातको समयमा प्रत्येक राईको घरमा गएर साकेला नाच नाचिई राखिएको र आगामी जेठ १७ गते भने गाईघाट बजारस्थित साकेला थानमा विशाल प्रतियोगीतात्मक साकेला सिलीनाचको आयोजना गर्न लागिएको पनि उनले बताए । जिल्लाको ४४ वटै गाविसका साथै छिमेकी जिल्ला ओखलढुंगा र खोटाङबाट पनि प्रतियोगितात्मक साकेला नाचमा विभिन्न प्रकृतिका राईहरूको सहभागिता हुने भएको छ ।

प्रतियोगीतात्मक साकेला नाचमा गाउँ र जिल्लाका विभिन्न समूहहरू बीच प्रतिस्पर्धा गराउनुका साथै नाचमा दसौं हजारको सहभागिता रहनेछ । साकेला सिलीनाच (उभौली) अन्नबाली लगाउने बेलामा नाचिन्छ भने उधौली अन्न बाली भित्र्याउने समयमा नाचिन्छ ।

**-विमल खतिवडा**

## सन्देश

प्रकाश ओझा दाइ, तपाईंको दाइको ससुराली हेरेँ । साह्रै राम्रो लाग्यो, बधाई छ ।

**सेरमान**

सुनिता, मलाई माफ गर्नुहोला । साथमा नववर्षको हार्दिक शुभकामना ।

**वसन्त**

रेवतलाई वर्षौंपछि नयाँ वर्षको हार्दिक शुभकामना ।

**चाँदनी**

मेरा सम्पूर्ण साथीभाइ, इष्टमित्रलगायत मेरो घरपरिवार र आफन्तहरूमा नववर्षले सुख, समृद्धि, खुसीयाली र उमङ्ग ल्याओस् । विशेष गरी उद्धव, शरद, नीरज, नरेन्द्र, दिदी, भाइ विवेक, शंकर, शिला, विनु, सुनीता, सपना र अम्बुमा लाखौंलाख शुभकामना ।

**उत्तम**

एस.टी., उज्वल भविष्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै तिम्रो सुखद् जीवनका लागि हार्दिक शुभकामना ।

**दीपक**

तिम्रो अनुमतिविना प्रिय, आत्मीयजस्ता शब्दले सम्बोधन गर्न त सक्दिनँ, तर पनि वसन्त ॠतुको आगमनसँगै नयाँ उत्साह, विचार, लक्ष्य, उद्देश्य लिएर नववर्षले पाइला टेकेको अवसरमा सफलतालाई तिम्रो जीवनको पर्याय बनाउन असीमित सहयोग गरोस्, सुख-शान्ति, सुस्वास्थ र दीर्घायुको यही कामना छ, नयाँ दिन, नववर्षको



हार्दिक शुभकामना ।

**सानु**

मोनिका, तिमीले मलाई क्षणिक आशा देखाएर फेरि उही रणभुल्लमा पारी छाड्यौ, आखिर त्यही भयो जे नहोस् भन्थें । हुनत मैले तिमीसँग हाँस्न चाहन्छु, एकपटक हाँसेर बाँच्न चाहन्छु भन्दा पनि मलाई आफ्नो सम्झिएनौ । हुनत म पनि तिम्रो योग्यचाहिँ थिइनँ । साँच्चै तिमी राम्री छ्यौ । तिमी सुन हौ, म नुन हुँ । सुन र नुनको मूल्य कहिले बराबर होला ? यो जन्ममा यस्तै भयो, अर्को जन्म सत्य रहेछ भने म भगवान्सँग प्रार्थना गर्छु– तिमीसँग भेट हुन पाऊँ र तिमीलाई आफ्नो भन्न पाऊँ । यो जन्ममा जीवनसाथी भन्न नपाए पनि एउटा असल साथी भन्न नरोक है ? बिन्ती.....।

**महेश**

## जीवनको गोरेटोमा

# थाहा छैन

खै कहाँबाट सुरु गरूँ अनि अन्त्य पनि- अन्तिम दोसाँधमा पुगेको जीवनको । कतै सम्झन खोज्छु अन्य कुराहरू तर उनैको प्रतिविम्ब नयनमा आई छचल्किन्छ अनि साउनको झरीसरि आँखाबाट वर्षा बर्सिदिन्छ । सायद कुराहरूलाई जति लुकाएर राखे पनि काँडा बनी भित्रसम्म डस्दो रहेछ, तर आज त्यो काँडालाई मेरो मनबाट निकाली विनाश गर्न जाँदैछु ।

करिब दुई वर्षअघि उनी मेरो नजरमा आएकी थिइन् । हेर्दा बदामी आँखा, बाक्लो ओठ अनि मन्द मुस्कान थियो उनमा । नयाँ मानिस, नयाँ ठाउँमा अध्ययन गर्न आउँदा सायद सबैलाई नयाँ आभास हुन्छ । सायद उनमा पनि त्यही थियो । उनका आगमनका पाइलाहरूसँगै मेरा हृदयमा उनीप्रति मायाका टुसाहरू पलाउन थालिसकेको थियो । म नयाँ मानिससँग परिचय गर्न जागरूक थिए । उनीसँग पनि परिचयका ओठहरू फोर्न बाध्य बनाएँ ।

त्यसपछि दिनहुँजसो कलेजमा बोलीचाली हुन थाल्यो अनि दुवैतर्फबाट मायाका शब्दहरू व्यक्त हुन थाले । उनीसँग कहिलेकाहीँ विवाहको कुरा चलाउँथेँ । उनले भने बाबुआमाको डर लाग्ने र माथि गएर भेट्ने कुरा गर्थिन् । म भने उनीबिना बाँच्नै नसक्ने भैसकेको थिएँ । उनी एक दिन क्याम्पस नआउँदा उनका साथीहरूसँग पाँच-छ पटक सोध्थेँ । घरमा गयो अनेक कुरा उनैका बारेमा सोचिन्थ्यो अनि रातभर उनकै यादमा डुबुल्की मार्दामार्दै बिहानीका चराहरूको आवाज सुनिन्थ्यो । यसरी नै दिन बित्दै थिए । १२ को परीक्षा पनि नजिकिँदै थियो । पढ्न मन पटक्कै लाग्दैनथ्यो ।

उनको यादमा कैयौं दिन कल्पनै कल्पनामा बित्थे । मेरो परीक्षा आयो तर त्यति राम्रो भएन । रिजल्ट आयो, पास भएको रहेछु । उच्चशिक्षा हासिल गर्न राजधानी जाने निधो गरेँ । सर्टिफिकेट निकाल्न क्याम्पस गएको थिएँ । बाटोमा उनलाई भेटेँ, सामान्य बोलीचाली भयो ।




उनले पढ्न सल्लाह दिइन् । मैले भने पैसाका लागि विदेश जाने कुरा बताएँ, तर उनले नजान भनिन् ।

म पढ्ने मनसाय बनाई राजधानी छिरेँ । उनी मभन्दा एक क्लास तल भएकीले अझै उही कलेजमा अध्ययन गरिरहेकी छिन् । म राजधानी छिरे पनि उनको सम्झना मुटुको एक कुनामा लुकाएर राखेको थिएँ । तीनवर्षे अध्ययन सिध्याएर उनको बुबासामु उनको हात माग्न जाने सोच बनाइरहेको थिएँ । पलपलमा उनकै सम्झना आउँथ्यो । यसै सिलसिलामा म करिब ३ महिनापछि घर फर्किएँ । उनको मायामा अझ निखार आयो होला भन्ने सोचेको थिएँ । उनलाई भेट्न कति प्रयास गरेँ तर पनि सकिनँ । उनी पढ्ने कलेजको बाटोमा गई बसेँ । उनी आइन् तर मलाई देखी-देखी पनि नदेखेजस्तो गरेर मुन्टो बटारी आफ्नो कलेजतर्फ लागिन् । त्यसको एक महिनापछि उनलाई पुलमा भेटेँ, उनका साथमा भाइबहिनी तथा साथी थिए । भाइ मसँग बोल्यो, तर उनका ओठहरू जोडिइरहे । मबाट केही गल्ती भएजस्तो त लाग्दैनथ्यो, के कारणले बिछोडिनुपऱ्यो– म आफैंलाई थाहा छैन । म के भन्छु भने म तिमीलाई पहिले माया गर्थें अहिले पनि गरिरहेको छु अनि भविष्यमा पनि गरिरहनेछु तिमी निष्ठुरी भएर टाढा गए पनि ।

**– सालिन**

## साप्ताहिक साथी

बीएड दोस्रो वर्षमा अध्ययनरत पूजा बरालको स्वभाव रमाइलो मन पराउने खालको छ । उनी गीत गाउन, पत्रपत्रिका पढ्न तथा भ्रमण गर्न चासो राख्छिन् । बरालले आफूजस्तै शिक्षित ब्राह्मण परिवारको व्यक्तिलाई पत्राचारका लागि आग्रह गरेकी छिन् ।



प्राइभेट जागिरे सुरेश बराम १७ वर्षका छन् । ५ फिट ७ इन्च अग्ला सुरेश सहनशील स्वभावका छन् । अविवाहित सुरेश पत्रमित्रता गर्न रुचाउँछन् । प्रवेशिकासम्म अध्ययन गरेका सुरेश सहनशील स्वभावका छन् । उनी धनी-गरिबबीच भेद नगर्ने तथा मिलनसार साथीको खोजीमा छन् । सुरेशलाई पोस्ट बक्स नम्बर-९३०० मा पत्राचार गर्न सकिन्छ ।



सर्जु भण्डारी १९ वर्षका छन् । जागिर खाँदै कलेज अध्ययन गर्ने सर्जु शान्त स्वभावका छन् । अविवाहित सर्जु गोरो वर्णका छन् । पत्रमित्रता गर्न रुचाउने सर्जु धनको घमन्ड नगर्ने, जातीय भेदभाव नमान्ने तथा मित्रतालाई नत्याग्ने साथीको खोजीमा छन् । उनलाई ujjwal_rock123@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।

# महोत्सवको आकर्षण सांस्कृतिक कार्यक्रम

बुटवल– आन्तरिक पर्यटनको विकास, मौलिक कला-संस्कृतिको जगेर्ना र स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले रूपन्देहीको ग्रामीण बजार हरैयामा दोस्रो रुद्रपुर महोत्सव सञ्चालन भएको छ । स्थानीय लालीगुराँस युवा क्लब र रुद्रपुर गाविसको संयुक्त आयोजनामा हरैया बहुमुखी क्याम्पसको प्राङ्गणमा सोमबार प्रारम्भ भएको महोत्सवमा स्थानीय र राष्ट्रिय स्तरका विभिन्न प्रकृतिका ३० वटा स्टल राखिएका छन् । पाँच दिनसम्म सञ्चालन हुने महोत्सवको प्रमुख आकर्षण भने यहाँ प्रस्तुत गरिने विविध सांस्कृतिक कार्यक्रम नै भएका छन् ।

महोत्सव अवधिभर राष्ट्रिय तथा स्थानीय स्तरका कलाकारहरूले लोकदोहोरी र आधुनिक गीत तथा हास्यव्यङ्ग्य एवं प्रस्तुत गर्दैछन् । महोत्सवमा चर्चित लोकदोहोरी गायक राजु परियार, सिर्जना विरही थापा, बिमलराज छेत्री, आधुनिक गायक हेमन्त शर्मा, रामचन्द्र काफ्ले, सौगात सायर, केशर अधिकारी, बेगम कोफिके, हास्यकलाकार मनोज गजुरेल, चेतन ढकाल आदिले दर्शकहरूलाई दिनहुँ पालैपालै मनोरन्जन प्रदान गरेका छन् । यसबाहेक स्थानीय स्तरमा रहेका मगर, गुरुङ र थारु समुदायले आ-आफ्नो मौलिक कला-संस्कृति झल्कने मारुनी, सोरठी, कौडा र मयूर नृत्य प्रस्तुत गरेका छन् ।

रुद्रपुर गाविसमा रहेका पर्यटकीय स्थान गैडाताल, मलावरदेवी मन्दिर, कर्मटासी छुलुङ गुम्बाको परिचय गराई आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यसमेत राखेर झन्डै पाँच लाख रुपैयाँको खर्चमा आयोजित महोत्सवमा रूपन्देहीका रुद्रपुर, सालझण्डी, परोँहा, सूर्यपुरा, विष्णुपुरा तथा छिमेकी जिल्ला कपिलवस्तुका वाणगंगा आदि गाविसबाट गरी १५ हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा गरेको महोत्सव संयोजक तुलबहादुर थापाले साप्ताहिकलाई बताए ।

# पर्यटकहरूको रोजाइ कन्याम

मौसम क्रमिक रूपमा परिवर्तन हुँदैछ । आकाशमा चर्को घाम लाग्न थालिसकेको छ । कञ्चनजङ्घा हिमालमा देखिएको बाक्लो हिउँको चिसो सिरेटो स्पर्श गर्ने रहर जोकोहीलाई छ । मौसम परिवर्तनसँगै इलामको कन्याम चियाबारीका डाँडाहरूमा यतिबेला पर्यटकहरूको आगमन पनि प्रारम्भ भएको छ ।

हरियो चियाबारी र मनोरम वातावरणमा रमाउन विगतझैं यतिबेला कन्याम घुम्न आउनेहरूको भीड क्रमश बढ्न थालेको छ । दिन-प्रतिदिन कन्यामका हरिया डाँडाहरूमा यत्रतत्र पर्यटकहरूको भीड लाग्न थालिसकेको छ । यकिन तथ्याङ्क नभए पनि वार्षिक हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरू कन्याम घुम्न आउँछन् । देशमा राजनैतिक परिवर्तनसँगै विगतको तुलनामा कन्याममा दोब्बर पर्यटक भित्रने कन्याम गाविसका सचिव नेत्र पोख्रेलको अनुमान छ । पोख्रेलका अनुसार मुलुकमा शान्ति स्थापनापछि अन्य क्षेत्रमा पर्यटकहरूको संख्या वृद्धि भएकाले कन्याममा पनि पर्यटकहरू बढ्ने निश्चित छ ।

झापाको चारआलीबाट मेची राजमार्गको करिब ३० किलोमिटरको यात्रा पूरा गरेपछि कन्याम पुगिन्छ । कन्याम घुम्न आउनेले नजिकैको मिर्मिरे डाँडाबाट बंगालको खाडीबाट उदाउँदो सूर्योदयको दृश्यावलोकन, घोडचढी, कञ्चनजंघा साथै अन्य हिमालको दृश्य, नेपाल तथा भारतका समथर तराईका फाँटहरू, मिरिक, खर्साङ्ग, अन्तुडाडा, आँखाले भ्याएसम्मको हरियो चियाबारीलगायत मनोरम स्थानहरूको दृश्यावलोकन गर्न सक्छन् । पर्यटकहरूका लागि अन्य भौतिक सुविधाहरू नभए पनि २०६० सालको इलाम महोत्सवका अवसरमा जिल्ला विकास समितिले मिर्मिरे डाँडामा टावर स्थापना गरेर सूर्योदय हेर्न सहज बनाइदिएको स्थानीय समाजसेवी लेखनाथ दाहाल बताउँछन् ।

दाहालका अनुसार दुई वर्षयतादेखि सूर्योदयको दृश्यावलोकनका लागि मिर्मिरे डाँडाले पनि चर्चा पाउन थालेपछि यस वर्ष असोजको पहिलो साता देखिने पर्यटकहरू कन्याम आइरहेका छन् । दाहाल भन्छन्- 'ख्याति कमाएको पारिपट्टिको अन्तुडाँडाबाट देखिने सूर्योदयजत्तिकै यहाँको मिर्मिरेबाट पनि सूर्योदय हेर्न सकिने भएकाले यातायातको सुविधाका कारण पनि यहाँ दुई वर्षयता पर्यटकहरू बढ्न थालेका हुन् ।' उता अन्तुडाँडासम्म पुग्न मेची राजमार्गअन्तर्गत फिक्कलबाट कच्ची सडक हुँदै १४ किलोमिटर पूर्वतर्फ टयाक्सी चढेर मात्र पुग्न सकिन्छ, तर यता मिर्मिरेसम्म पुगेर सूर्योदय हेर्न मेची राजमार्गअन्तर्गत कन्याममा गाडीबाट ओर्लेर सात मिनेट उकालो चढेपछि पुग्न सकिन्छ ।

कन्याम चिया विकास निगम, स्थानियवासी तथा सरकारले कन्याममा पर्यटकीय गन्तव्यका रूपमा आवश्यक सुविधाजनक भौतिक पूर्वाधारहरूको विकास गर्न नसके पनि यहाँको प्राकृतिक हराभरा र चियाबारीका कारण पर्यटकहरूले कन्यामलाई नै रोज्ने गरेका छन् । कन्याममा सुविधाजनक होटल, लज, रिसोर्ट तथा पार्कहरू निर्माण गर्न सके पर्यटकीय दृष्टिकोणले यसले अझ महत्त्व पाउन सक्नेछ ।

**–युवराज गौतम**

# अहिलेकी सेक्सी नायिका को हुन् ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
२. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
३. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
४. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
५. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
६. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
७. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
८. तपाई टाइम पास गर्न के गर्नुहुन्छ ?
९. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
१०. यो संसार कस्तो छ ?



मेरी श्रीमती, किनभने उनमा त्यो आकर्षण छ।

**समरगणेश वियोगी, स्याङ्जा**

पहिरनको साइजका आधारमा भन्ने हो भने रेखा थापा नै हुन् बा !

**sachin_h20@yahoo.com**

मेरा निम्ति निरुता सिंह हुन्। बाहिर जस्तो चर्चा चले पनि पर्दामा आफ्ना आकर्षक अंग प्रदर्शन नगर्ने उनको बानीले मनमा उनका भित्री शारीरिक अवयवका सम्बन्धमा रोमाञ्चक कौतूहलता जाग्छ, त्यसैले उनी मेरा लागि सर्वाधिक सेक्सी छिन्।

**यदु घिमिरे, उदयपुर**

किन तपाई कुनै सेक्सी चलचित्र बनाउँदै हुनुहुन्छ वा सेक्सी नायिका छानेर घरजम गर्ने विचार छ ? शंका छ है।

**विश्वास, गौशाला**

रेखा थापा उनले नेपाल गरिब देश भन्ने बुझेकी छिन्।

**वियोगी, स्याङ्जा**

रेखा थापाजस्तो मेरो जीवनमा आए संसारलाई अर्को मोड लिन सक्ने बनाउँछु भन्ने मरिहत्ते गर्छन् युवाहरू।

**विपिन**

रेखा नै होलिन्, रेखाको कालो कोठीले मलाई उनी सेक्सी देखिए जस्तो लाग्छ।

**प्रवीण ज्ञवाली (२०)**

आकर्षक (सेक्सी) नायिका रेखा थापा हुन् भनेर कसरी नभन्नु र ?

**सन्तोष अधिकारी (२२)**

ऋचा घिमिरे हुन्। ऋचालाई निर्देशकले केही लामा परिरन दिनुपर्छ।

**शमशेरबहादुर राई, ओखलढुंगा**

सम्पादक ज्यू, तपाईं सेक्सी नायिकाको खोजीमा हुनुहुन्छ भने श्रीमतीलाई नायिका बन्न प्रेरित गर्नुहोस्। नत्र सेक्सी नायिका खोज्दा घरलाई बिर्सनुपर्ला।

**निरञ्जन निष्ठुरी (२१), विदुरनगरपालिका**

९९ प्रतिशत रेखा थापा। किनभने रेखा मैया जस्तोसुकै पहिरन पनि लाउन सक्नुहुन्छ।

**मीनबहादुर परियार (१९), सिरहा**

उही त हो नि सम्पादक ज्यू, सबैका आँखामा बसेकी, यसो हेर्दा ठूल्ठूला आँखा, सेता सेता गाला, चिटिक्क परेको जिउ अनि ओंठमाथि तुपुक्क कोठी। उनको विशेषता भनेको छोटो लुगा। रेखा थापा भनेर कस्तो नबुझेको सम्पादकज्यू ?

**अनुप प्रेमी, भीमढुंगा**

उही त हुन् नि हाम्री लभगुरु अर्थात् रेखा थापा, उहाँ जस्तो अरू को हुन सकेको छ र ? चलचित्रमा प्रवेश गरेको अवधि बढ्दै छ तर उनको पहिरनको साइज घट्दैछ।

**ईश्वर रेग्मी (१८)**

धेरै छन्, मैले शब्दकोश नै परिमार्जित गर्ने विचार गरेको छु, तर पनि सेक्सीचाहिँ उही लाग्छ ओझाकी बूढी। किनभने उनको अंग-अंग नेपाली दर्शकलाई हेक्का भैसकेको छ।

**सुनिल मंग्राती (१८)**

मलाई त ..., ए संगीता लाग्यो तर के गर्नु उनी पुरानो भइन्, अहिलेकीमा ऋचा घिमिरे। उनको ड्रेसअप, बोल्ने स्टाइल, अभिनयमा ग्ल्यामरस, ठूल्ठूला आँखामा गाजल लगाउँदा त उनी जस्तो सुन्दर, आकर्षक एवं सेक्सी नेपाली नायिका अरू कोही लाग्दैनन्।

**अर्जुनराज पुरी, पर्वत**

रेखा थापा, उनका फिल्म हेर्नु न, आफैं थाहा पाइहाल्नुहुन्छ नि ?

**टीकाराम अर्याल**

रेखा थापा, किनकि उनले आमयुवाको चाहना बुझेकी छिन्।

**युवराज न्यौपाने (२१), स्याङ्जा**

खै ! कसलाई भन्ने ? सबैको छोटै पहिरन छ।

**सुजन कार्की, दोलखा**

पहिलो कुरा, आकर्षणका मापदण्ड के-के हुन्। दोस्रो, आकर्षण नायकमा पनि हुन्छ नि, होइन र ? त्यतातर्फ तपाईंको ध्यान किन नगएको ?

**लेखनाथ ओझा (२२), बर्दिबास**

आहा ! गजबको कुरा, त्यसो त रेखा थापा हुन् नि, किनकि उनका आँखा नै सेक्सी, साथै उनी स्कर्टमा क्युट देखिन्छिन्।

**नारायण बस्नेत, खोटाङ**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २२ वर्षीय विवाहित युवक हुँ। मेरो विवाह भएको चार वर्ष भयो। मेरो अहिलेसम्म कुनै सन्तान भएको छैन। अस्पतालमा परीक्षण गराउँदा मेरो शरीरमा शिशु जन्माउने क्षमता अथवा भ्रूण किरा छैन भनिएको छ। तीन-चार ठाउँमा जाँच्दा सबै ठाउँमा एउटै उत्तर आउँछ। ममा सन्तान उत्पादन गर्ने क्षमता छ कि छैन ? सन्तान उत्पादन गर्न मैले के गर्नुपर्ला ?**

–प्रे.

**उत्तर : गर्भ रहन शुक्रकीट किन चाहिन्छ ?**

यो प्रश्नको जवाफ दिनुभन्दा पहिले गर्भ कसरी रहन्छ भन्ने कुरा बुझ्नु आवश्यक छ। सन्तानको उत्पत्ति प्रमुख रूपमा पुरुषबाट निस्कने शुक्रकीट र महिलामा विकसित भएका डिम्बको मिलनबाट हुन्छ। यौनसम्पर्कका बेलामा पुरुषको वीर्यस्खलन हुँदा निस्किएका करोडौं शुक्रकीटमध्ये केही महिलाको पाठेघरको मुख हुँदै पाठेघर र त्यसपछि डिम्बवाहिनी नलीमा पुग्छन्। त्यहाँ परिपक्व भएको डिम्बसँग असंख्य शुक्रकीटमध्ये एकको मात्र मिलन हुन्छ। यसरी मिलन हुने प्रक्रियालाई निषेचन भनिन्छ। यसरी शुक्रकीट र डिम्बको मिलन भएको कोषलाई युग्मज भनिन्छ र युग्मज नै पछि विकसित भएर शिशु बन्छ। सामान्य रूपमा भन्नुपर्दा गर्भधारण हुनका लागि मुख्य रूपमा १. डिम्ब निष्कासन, २. यौनसम्पर्क, ३. वीर्य स्खलन, ४. डिम्ब निषेचन तथा ५. डिम्बरोपण जस्ता कुरा हुनु आवश्यक छ।

शुक्रकीट के हो ? भन्ने विषयमा पनि कुरा गरौं। सामान्यतया एकपल्ट वीर्य स्खलन हुँदा यस्तै ३ देखि ५ मिलिलिटर (५ मिलिलिटर भन्नाले १ चियाचम्चाजति) वीर्य निस्कन्छ र यसमा शुक्रकीटको संख्या ४ देखि १२ करोड हुन्छ। हामीले देख्ने वीर्यको सानो अंश मात्रै शुक्रकीटको मात्राले ओगटेको हुन्छ। शुक्रकीट निकै साना हुन्छन्। प्रयोगशालामा सूक्ष्मदर्शक यन्त्रको मद्दतले यसको परीक्षण गरिन्छ। परिपक्व शुक्रकीटको संरचना केही जटिल भए पनि सरल रूपमा भन्नुपर्दा अगाडिपट्टिको अण्डाकार तर थेप्चो भागलाई 'टाउको' भनिन्छ जसको लम्बाइ ४ देखि ५ माइक्रोन (एक माइक्रोन बराबर एक मिलिमिटरको एक हजारवाँ भाग) हुन्छ। बीचको नली आकारको भागलाई 'घाँटी' ले जोडेको हुन्छ भने पछिल्तिर पातलो पुच्छर हुन्छ। यो शुक्रकीट नै पुरुषको प्रजनन कोष हो। यहाँ वीर्यमा भएको शुक्रकीटबाट डिम्बको निषेचन हुनु आवश्यक छ। यदि वीर्यमा शुक्रकीट नै छैन भने गर्भ रहन सक्ने कुरै भएन।

**शुक्रकीट कसरी उत्पादन हुन्छ ?**

वीर्यमा पाइने शुक्रकीटको उत्पादन अण्डकोषमा हुन्छ। अण्डकोषमा अति नै मसिना नली आकारका गुँडुल्किएको अवस्थामा भएका seminiferous tubles भनिने अवयवमा निरन्तर रूपमा शुक्रकीट बन्ने प्रक्रिया चलिरहन्छ। सामान्य अवस्थामा पुरुषहरूमा किशोरावस्थामा एकपल्ट वीर्य बन्ने तथा शुक्रकीट उत्पादन हुने प्रक्रिया शुरु भएपछि सामान्य अवस्थामा जीवनपर्यन्त निरन्तर रूपमा चलिरहन्छ।

**किन शुक्रकीट नभएको होला ?**

विभिन्न कारणले वीर्यमा शुक्रकीट नहुनसक्छ। अण्डकोषमा यसको उत्पादन हुने भएकाले अण्डकोषको अवस्था महत्त्वपूर्ण हुन्छ। अण्डकोष नै बाहिर ननिस्किएको अवस्थामा यस्तो हुन सक्ने भए पनि तपाईंले यस विषयमा उल्लेख नगर्नुभएकाले यो अवस्था छैन होला भन्ने मानौं। त्यसबाहेक अण्डकोषका विभिन्न खराबी पनि यसको कारण हुनसक्छ। यस्तो स्थिति अण्डकोषमा कुनै चोटपटक, संक्रमण वा जन्मजात खराबी वा अन्य आघातले हुने संरचनागत खराबीले शुक्रकीट उत्पादनमा असर पार्न सक्छ। त्यसैगरी विभिन्न हार्मोनको मात्रामा भएका गडबडीजस्ता कुराले शुक्रकीट उत्पादनमा नकारात्मक असर पार्न सक्छ। कतिपय स्थितिमा वंशाणुगत खराबीका कारणले पनि शुक्रकीटको उत्पादन नहुन सक्छ। विकिरण, क्यान्सरमा प्रयोग गरिने कतिपय औषधी तथा कतिपय विषादीले पनि अल्पकालीन वा दीर्घकालीन रूपमा शुक्रकीट उत्पादनमा नकारात्मक असर पर्न सक्छ।


त्यसैगरी शुक्रकीट अण्डकोषबाट बाहिर आउने नलीमा खराबी आउँदा पनि वीर्य शुक्रकीट रहित हुनसक्छ।

**समाधान के होला ?**

तपाईंले परीक्षणका क्रममा चिकित्सकसँग यसरी शुक्रकीट नहुने कारणका सम्बन्धमा विस्तृत रूपमा छलफल गरिसक्नु नै भयो होला। यदि कुनै उपचार हुने भए त्यस विषयमा पनि छलफल भयो नै होला। यदि शुक्रकीट नै नभएको स्थितिमा जैविक पिता बन्न सजिलो छैन। आशा गर्छु, कृत्रिम गर्भाधानलगायत सबै विकल्पका बारेमा चिकित्सकसँग छलफल गर्नु नै भयो होला।

अर्को महत्त्वपूर्ण कुरा के भने वैकल्पिक उपायहरूका लागि मानसिक रूपमा पनि तयार हुनुपर्छ। प्रकृतिले हामीलाई सधैं सबै कुरा दिएका हुँदैनन्। जैविक पिता बन्न नसके पनि सामाजिक पिता बन्न नसकिने होइन त्यसैले यसका बारेमा पनि विचार गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा वैकल्पिक उपायहरूमा दाताको शुक्रकीटको प्रयोग गरेर श्रीमतीको कृत्रिम गर्भाधान गराउनु हो। आशा गरौं, तपाईंकी श्रीमतीको प्रजनन क्षमता सामान्य नै छ। यी सबैका लागि तपाईंले स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राख्नुपर्ने हुन्छ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



## विषालु सर्प



केन्याको घना जंगलमा वैज्ञानिकहरूले विश्वकै सबैभन्दा विषालु सर्प फेला पारेका छन् । उक्त सर्पको विषले एकपल्टमा २० जना मानिस मर्ने बताइएको छ । उक्त सर्प दुई मिटरसम्म लामो हुन्छ । सर्पको नाम केन्या वैज्ञानिक फार्मका मालिक जेम्स ऐसेको नामबाट राखिएको छ ।

## जन्मदिनको शुभकामना



उरुषा शर्मा
२०५६ वैशाख २०



विपुल पौडेल
२०५९ वैशाख २१



रेश्मा निरौला
२०६० वैशाख २१



अनुपम ढुंगाना
२०५७ वैशाख २१



प्रेरणा पासवान
२०६० वैशाख २२



ओजस्वी प्रजापती
२०६३ वैशाख २२



आयुषा ढकाल
२०५९ वैशाख २३



अभियान बराल
२०६३ वैशाख २४



निर्वाणा राणा
२०५६ वैशाख २४



विलिभ केसी
२०५७ वैशाख २४



रुशिता श्रेष्ठ
२०६० वैशाख २६



मार्टिना घिमिरे
२०५९ वैशाख २०


## ट्वाइलेट पत्ता लगाउन मोबाइल




लन्डनको वेस्ट मिनिस्टिर काउन्सिलले मिनिस्टर क्षेत्रमा मोबाइलबाटै ट्वाइलेट पत्ता लगाउन सकिने प्रविधि विकास गरेको छ । अक्सफोर्ड स्ट्रिट, द वेस्ट इन्ड, विग बेन तथा हाउस अफ पार्लियामेन्टमा मोबाइल फोन प्रयोगकर्ताहरूलाई ट्वाइलेट पत्ता लगाउने सुविधा उपलब्ध गराएको छ । पर्यटक, नाचघरका ग्राहक, पसले तथा रेस्टुराँ ग्राहकले यो सुविधा उपयोग गर्न पाउने भएका छन् । ट्वाइलेट पत्ता लगाउन फोन प्रयोगकर्ताले आफ्नो मोबाइलमा 'ट्वाइलेट' टाइप गरेर पठाउनुपर्छ । त्यसपछि सबैभन्दा नजिकको ट्वाइलेटका बारेमा जानकारी आउनेछ । यो प्रणालीअन्तर्गत ४० वटा ट्वाइलेटका बारेमा जानकारी आउनेछ भने त्यसका लागि ५० सेन्ट खर्च लाग्नेछ, तर अधिकांश सार्वजनिक ट्वाइलेट भने निःशुल्क उपयोग गर्न पाइने व्यवस्था छ ।

## संघर्ष र सफलता

### अबुल हसम



कुनै-कुनै ठाउँको पानीमा आर्सेनिक नामक एक प्रकारको रसायन पाइन्छ । स्वास्थ्यका लागि यो रसायन गम्भीर रूपमा हानिकारक हुन्छ ।यसका कारण शरीर सुन्निने, नशामा क्षति हुने मात्र नभएर क्यान्सरजस्तो घातक रोग पनि लाग्न सक्छ र मानिसको मृत्युसमेत हुन्छ । नेपालमा मात्र नभएर भारत, बंगलादेश र अन्य धेरै राष्ट्रका कतिपय स्थानका पानीमा पाइने यो रसायनले धेरैलाई सताएको छ । यसको निराकरण अबुल हसमले एक प्रकारको यन्त्रको विकास गरे । उनी अमेरिकाको भर्जिनियास्थित जर्ज मेसन युनिभर्सिटीमा रसायनशास्त्रका प्राध्यापक हुन् । यद्यपि उनको जन्म बंगलादेशमा भएको हो ।

उनले विकास गरेको यन्त्र हेर्दा सामान्य छ । यसको नाम सोनो फिल्टर राखिएको छ । यो फलामद्वारा निर्माण हुन्छ र यसमा स्थानीय रूपमा पाइने फलामका टुक्रा, नदीको बालुवा, चारकोल र चिसो इँटाका टुक्रा राखिन्छ । तीनवटा बाल्टिन आकारको यो फिल्टरले पानी छान्छ र आर्सेनिकमुक्त बनाउँछ । ३५ डलर मूल्य पर्ने यो यन्त्रलाई एउटा परिवारले कमसेकम ५ वर्षसम्म चलाउन सक्छन् ।

सामान्य यन्त्र भए पनि यसले धेरैको ज्यान बचाउन सहयोग पुऱ्याएको छ । यसैका लागि उनले १० लाख डलरसहितको यो वर्षको ग्रेनर च्यालेन्ज पुरस्कार पाए । पुरस्कारका रूपमा पाएको पैसा पनि उनले बंगलादेशमा फिल्टर निर्माण एवं वितरण गर्ने संस्थाहरूलाई दिएका छन् ।

## जन्मदिनको शुभकामना

कुपन

नाम :..............................................

जन्म मिति :..............................................

स्कुल :..............................................

ठेगाना : ..............................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## शिशुले छुट्याउँछ शत्रु र मित्र



अमेरिकी वैज्ञानिकहरूले छ महिनाको शिशुले शत्रु र मित्र छुट्याउन सक्ने बताएका छन् । समाचारअनुसार छ महिनाको शिशु बोल्न, हिँड्न सक्दैन, तर पनि उसको मस्तिष्क यति विकसित भैसकेको हुन्छ कि जसले शत्रु र मित्र पत्ता लगाउन सक्छ । साना शिशुहरूले मानिसको कुरा गर्ने तरिकाबाटै उनीहरूको पहिचान गर्छन् । वैज्ञानिकहरूका अनुसार शिशुमा संस्कारको सुरुवात यही उमेरदेखि हुन्छ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - १६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ डा. | | | | | | | | |
| | २ | | | | | | ■ | ■ |
| | | ३ | | | | | | |
| | | | ४ | | | | | |
| | | | | ५ | | | | |
| | | | | | ६ | | | |
| | | | | | | ७ | | |
| | | | | | | | ८ | |
| ९ | | | | | | | | ■ |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ नेपाली कांग्रेसका केन्द्रीय सदस्य (३,४)
२ परी एल्बमका एक संगीतकार (४,३)
३ मधुमास एल्बमका एक गीतकार (३,३)
४ शिव उपनामका गजलकार (३,३)
५ बेइजिङ ओलम्पिकमा छनौट (३,२)
६ रेखा शाहको एल्बममा संगीतकार (२,२)
७ एक राशि (३)
८ कुटुम्ब इज..... (२)

**तेर्सो**

१ विपना थापाका जीवन साथी (४,४)
२ चर्चामा मोडल (२,४)
३ बेइजिङ ओलम्पिकमा छनौट (३,२,२)
४ एमालेका नेता (३,३)
५ व्याकअप ब्याण्डका एक सदस्य (३,२)
६ रेखा शाहको एल्बममा संगीतकार (२,२)
७ नेपालमा खपत बढ्दै छ (३)
८ एक राशि (२)
९ फ्रान्सकी प्रथम महिला (२,२)

**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।


## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. ८ को विजेता

विनोद मल्ल प्रधानांग, डिल्लीबजार, काठमाडौं

### तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



## बाटो पत्ता लगाऊ ?





# क्रेजी ह्याट

कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने लोकप्रिय कार्यक्रम 'कल कान्तिपुर' का सञ्चालक/निर्देशक सुरजसिंह ठकुरीको 'काउ ब्वाइ ह्याट' का बारेमा हामी सबै परिचित छौं। यसलाई उनी मेनली लुक र गस्टी पिपल देखिन लगाएको बताइरहेका हुन्छन्। यसबाहेक आकर्षक ह्याटको प्रयोग कलाकारहरूले फिल्म सुट अनि फोटो सेसनका लागि मात्र आक्कलझुक्कल प्रयोग गरेको पाइन्छ।

नयाँ-नयाँ कुरा अझ विशेषगरी ह्याटले व्यक्तित्वमा छुट्टै प्रभाव ल्याउने भए पनि नेपाली सेलिब्रिटीहरू यसको प्रयोग गर्न हिचकिचाउने डिजाइनरहरू बताउँछन्। ल्याक्मे फेसन विक २००७ मा गाउनसँग ह्याटको आवश्यकता हुँदाहुँदै पनि केशमा क्रिस्टल, वायर, गिल्टरहरूको प्रयोग गरेर हेयर स्प्रे मात्र गर्ने सल्लाह हेयर स्टाइलिसले दिएकाले ह्याटको प्रयोग नगरिएको आईईसीकी अध्यक्ष शैलजा अधिकारी बताउँछिन्। अधिकारीका अनुसार टाउकाको साइज मिल्न गाह्रो हुने तथा डिजाइन गर्नमा कम्प्लिकेटेड हुने भएकाले पनि यसको प्रयोग कम भएको हो। ह्याटको प्रयोग आफूलाई भिन्न देखाउन तथा जाडो अनि गर्मीबाट सुरक्षा प्राप्त गर्न सकिन्छ।

**केही नयाँ गर्नुहोस्**

कुनै पनि ह्याटलाई फेसनमा ल्याउन त्यसमा क्रिएटिभिटी हुनु जरुरी छ। जाडोमा विन्टर क्याप कान छोप्ने हिसाबले लाइनहरूले टप दिइएको कश्मिरी ह्याट डिजाइन गर्न सकिन्छ। यस्तै डिटेलिङ धेरै हालेर पस्मिना ह्याट पनि तयार गर्न सकिन्छ। ढाकाटोपीलाई रि-डिजाइन गरी प्रिन्ट राखेर क्याप सेपमा लान सकिन्छ। यसो गर्दा छुट्टै लुक देखिनुका साथै राष्ट्रप्रेम पनि झल्कन्छ। क्लब वेयरका लागि गोलो गाढा सेटअनुरूपको ह्याट हुनुपर्छ। गर्मीका लागि अनुहार छोप्ने खालको ह्याट हुनुपर्छ। स्ट्रेट ह्याटलाई एक साइडमा टिल्ट गरेर वा ह्याटको वायरलाई थोरै एंगल दिन सकिन्छ। यसको चारैतिर आफ्नो आउटफिटमा मेल खाने रिवन, ताजा फूल वा आर्टिफिसियल फूल लगाउन सकिन्छ। कुनै पनि चीज जुन आफूलाई मन पर्छ त्यसको प्रयोग ह्याट सजाउन गर्न सकिन्छ।

बजारमा विभिन्न प्रकार र साइजका ह्याट उपलब्ध छन्। जस्तै- स्ट्रा, कार्टन, जिन्स, सफारी, सोल्जर, जुट ह्याट, क्याप स्टाइल, फेल्ट ह्याट। यसलाई अलगअलग उत्सव वा पार्टीमा लगाउन सकिन्छ।

महिलाहरूले शिर ढाक्ने परम्परा निकै पुरानो हो। जो महिला साडी लगाउँछन् उनीहरू त्यसको सप्कोले शिर छोप्छन् तर साडी लगाउँदैनन् उनीहरू आफ्नो शिर ह्याटले ढाक्न सक्छन्। यसरी नेपाली संस्कृतिलाई जीवन्त राख्दै ट्रेन्डी देखिनुका साथै अरूलाई आफ्नो अनुहारप्रति मोहित तुल्याउन सकिन्छ। बेलायतकी महारानी डायनाले आफ्नो छुट्टै लुक प्रस्तुत गर्न बढी डिटेल भएका ह्याट प्रयोग गर्थिन्। जसलाई उनी पहिरनसँग म्याच गरी आधा शरीर ढाक्ने गरी नेट भएको ह्याट लगाएर प्रस्तुत हुन्थिन्।

**जस्तो व्यक्तित्व त्यस्तै ह्याट**

- अनुहार, केश अनि व्यक्तित्वअनुरूप नै ह्याट चयन गर्नुहोस्।
- यदि दुब्लो पातलो हुनुहुन्छ भने सानो ह्याट छान्नुहोस्, जसको फ्रेम पनि छोटो हुनुपर्छ। ठूला ह्याटबाट बच्नुहोस्।
- यदि अग्लो हुनुहुन्छ भने चारकुने फ्रेम तथा कम उचाइ भएको ह्याट छान्नुहोस् र एंगुलर सेप ह्याटबाट बच्नुहोस्।
- यदि सामान्य फिगर छ भने चारकुने फ्रेम भएको ह्याट छान्नुहोस्। यसले फिगर सन्तुलित देखिनमा मद्दत पुर्‍याउँछ।

**अनुहारअनुरूप ह्याट**

- यदि अनुहार लाम्चो छ भने चौडाइ ठूलो भएको ह्याट छान्नुहोस्। सानो र राउन्ड सेप ह्याट नलगाउनुहोस्। ह्याटको फ्रेम चौडा हुनुपर्छ।
- यदि अनुहार अण्डाकार छ भने तपाईं भाग्यमानी हुनुहुन्छ किनकि त्यस्तो अनुहारमा हरेक प्रकारको ह्याट सुहाउँछ। तपाईं हरेक प्रकारको ह्याट लगातार परीक्षण गरिरहन सक्नुहुन्छ।

# केशको जेल लुक

क्याम्ब्रिज कलेजमा अध्ययनरत सरोजलाई कस्तो जेल केशका लागि ठीक हुन्छ भन्ने कुरामा दुविधा छ। त्यसै त बिग्रिएको उनको केशमा कतै सही जेल प्रयोग गर्न नसकेर अझ बिग्रने त होइन भन्ने डर उनमा छ। त्यस्तै डीएबी कलेजका सुजित केसीलाई पनि यही पीरले सताउँछ। उनलाई कलेज जाँदा सही जेल लगाएर हेयर बनाउन मन लाग्छ, तर कुन जेल छान्ने भन्ने दुविधा कायमै रहेको उनी बताउँछन्। हुन पनि बजारमा विभिन्न प्रकारका जेल उपलब्ध छन्। यस्तो अवस्थामा आफ्नो केशका लागि के ठीक रहन्छ, जान्नु आवश्यक छ।

**जेल थरीथरीका**

कहिलेकाहीं केशमा जेलसँगै पानी पनि प्रयोग गर्नुपर्छ। पातलो केशमा सामान्य जेल लगाउन सकिन्छ। त्यस्तो जेल नलगाउने जसमा अल्कोहल हुन्छ। अल्कोहलले केशमा रूखोपन ल्याउँछ। एउटा राम्रो जेलले केवल केशलाई पकडने काम गर्छ। केशको नरमपन कायम रहन्छ। स्ट्रंग होल्ड जेलले केशमा पकड राख्छ, नन फ्लेकिंग (लगाएपछि केशमा चायाँ जसरी अड्किंदैन) हुन्छ। कयौंपटक कम गुणस्तरको जेल लगाएपछि केशमा चायाँ जस्तो निस्कन्छ जसमा अलिकति जेल हुन्छ र सुकेपछि झर्छ।

**मोटो केशका लागि**

मोटो केशमा स्ट्रंग जेल प्रयोगमा ल्याउने जसबाट केश ठाडो हुन सकोस्। वेट लुकका लागि केशमा जेल लगाएपछि त्यसलाई पछाडि फर्काएर सुक्न दिनुपर्छ। एकदम कुल लुकका लागि केशमा जेल लगाएपछि ड्राइ गर्ने। केश मोटो र घुमेको छ भने त्यस्तो जेल प्रयोग गर्ने जसमा केशको नरमपन कायम राख्ने र चमक ल्याउने तत्त्व होस्। मेकअप आर्टिस्ट समित महर्जनका अनुसार जेल किन्नुभन्दा पहिले आफ्नो हेयरमा ध्यान दिनु आवश्यक छ।

**पातलो केशका लागि**

पातलो केशमा स्प्रे जेल प्रयोग गर्नु राम्रो हुन्छ। यो जेल गह्रौं हुँदैन र यसले केशमा पकड राख्छ। हेयर जेल सधैं केशको जरामा लगाएर ब्लो ड्राइ गर्नुपर्छ। त्यसो गर्दा केश गह्रो देखिन्छ।

**घुम्रिएको केशका लागि**

केशलाई घुम्रिएको बनाउन कर्ल बढाउने स्प्रे जेल प्रयोग गर्न सकिन्छ। स्प्रेमा कर्ल राम्रो देखिन्छ। घुम्रोपन कन्ट्रोल गर्न जेल लगाएपछि हेयर ब्रसले केश सीधा गर्नुपर्छ।

**कहिले लगाउने**

जेल सधैं नाइट पार्टीमा नै लगाउनुपर्छ। दिनभर केशमा जेल लगाउनाले केशलाई हानि पुग्छ साथै धूलो धेरै टिप्छ, किनकि जेल तैलीय हुन्छ। दिनहुँ जेल प्रयोग गर्दा केशलाई धोएर कन्डिसनर गर्नुपर्छ। जेल लगाउनाले केश पातलो भएर झर्न थाल्छ र चायाँ जम्छ।

**कसरी लगाउने ?**

हल्का चिसो केशमा थोरै जेल हातमा लिएर दुवै हातले रगडेर लगाउने। त्यसलाई हात र औंलाले स्टाइल बनाउन सकिन्छ।

**हेयर कटमा ध्यान**

- हेयर एक्सपर्ट निल डेबिडका अनुसार युवकहरूले स्मार्ट हेयर कट गर्नुपर्छ जसबाट केश झर्दैन।
- जेलका साथ बेक्स र फाइवर बेस हुन्छ जसले केशलाई राम्रो फिनिसिङ दिन्छ। यसको प्रयोगले केश हल्का रहन्छ।
- जेल लगाउँदा केशको कट र टेक्स्चरमा पनि ध्यान दिनुपर्छ।

– संगीता कटुवाल



# नवआगन्तुक र अनुभवी टिमबीचको प्रतिस्पर्धा

**युरो २००८ को समूह "बी" तुलनात्मक रूपमा कमजोर तथा बलियो टिमको सम्मिश्रण रहेको समूह हो। यो समूहमा रहेका अस्ट्रिया र पोल्यान्ड पहिलो पटक युरो फुटबलको फाइनल चरणमा खेल्दै छन्, जसमध्ये अस्ट्रियाले आयोजकको नाताले अन्तिम चरणमा प्रवेश पाएको हो। यही समूहमा जर्मनी र क्रोएसिया पनि छन्।**

सन् १९५४ को विश्वकप फुटबल प्रतियोगितामा तेस्रो स्थान हासिल गरेको अस्ट्रिया यसअघिका कुनै पनि युरो फुटबल प्रतियोगिताको फाइनल चरणमा सहभागी हुन सकेको थिएन। सन् १९६० देखि २००४ सम्मको युरो फुटबल प्रतियोगितामा छनौट नभएको अस्ट्रिया यस पटक आयोजकको नाताले फाइनल चरणमा सोझै छनौट भएको छ। फिफाको वरियताक्रममा १ सय २ औं स्थानमा रहेको अस्ट्रियाले यसपटक युरो फुटबलमा आफ्नो गृहमैदानको फाइदा उठाउनेछ। अस्ट्रियासँग अन्तर्राष्ट्रिय प्रतियोगितामा १२ गोल गरेका इभिका भास्टिक्सलगायत ४८ अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका रेनि अफ्हाउसर जस्ता खेलाडी छन्।

क्रोएसिया युरोपेली फुटबलमा शक्तिशाली मानिन्छ। युगोस्लाभियाबाट अलग भएर सन् १९९४ मा फिफाको सदस्यता पाएको क्रोएसियाले पहिलो पटक सन् १९९८ को विश्वकप फुटबल खेल्दा तेस्रो स्थान हासिल गरेको थियो। त्यसपछि आयोजना भएका प्रत्येक विश्वकप र युरोपेली कप फुटबल प्रतियोगितामा क्रोएसियाले आफ्नो स्थान सुरक्षित गर्दै आएको छ।

युरो फुटबलमा क्रोएसियाले सन् १९९६ मा पहिलो पटक प्रवेश पाएको हो। त्यसबेला क्रोएसियाले क्वाटरफाइनलसम्मको यात्रा तय गरेको थियो, तर सन् २००० को युरोमा भने क्रोएसिया छनौट हुन सकेन भने सन् २००४ को युरो फुटबलमा आफूलाई पहिलो राउन्डसम्म मात्र टिकाउन सक्यो। यसपटको छनौट प्रतियोगितामा समूह 'ई'मा परेको क्रोएसियाले खेलेको १२ खेलमा ९ मध्ये जित हासिल गरेको थियो भने २ खेलमा रूससँग बराबरी गरेको थियो। १ खेलमा म्यासिडोनियाद्वारा पराजित भएको थियो। २९ अंकका साथ समूह पहिलो भएको क्रोएसिया अहिले फिफाको वरियताक्रममा १३ औं स्थानमा छ। निको कोभाकको नेतृत्वमा उत्रिने यो टिममा ९७ वटा अन्तर्राष्ट्रिय खेल खेलिसकेका डारियो सिमिकजस्ता खेलाडी छन्।

विश्व फुटबल क्षेत्रमा सधैं बलियो प्रतिद्वन्द्वीका रूपमा प्रस्तुत गर्दै आएको जर्मनी यसपटक युरो २००८ को समूह 'बी' मा परेको छ। यो समूहमा परेका अन्य राष्ट्रको तुलनामा जर्मनी बलियो पनि देखिन्छ। विश्वकप फुटबल प्रतियोगिता ३ पटक जितेको र ४ पटक उपविजेता भएको गौरव युरोपको जर्मनीबाहेक अरूले गर्न सक्दैनन्। जर्मनीले सन् १९७२, १९८० र १९९६ मा जितिसकेको छ। यो बाहेक सन् १९७६ र १९९२ मा युरो फुटबल उपविजेता भएको थियो, तर सन् १९९६ मा विजेता भएपछि युरो फुटबलमा जर्मनीको प्रदर्शन राम्रो छैन, त्यसपछिका दुई संस्करणमा जर्मनी पहिलो चरणबाटै घर फर्किएको थियो।

छनौट चरणका खेलहरूमा जर्मनीले १२ मध्ये ८ खेलमा मात्र जित हात पारेर समूह दोस्रो भै फाइनलको यात्रा सुरक्षित गरेको थियो। यो समूहमा जर्मनीले साइप्रस, आयरल्यान्ड र वेल्ससँग बराबरीमा खेल समाप्त गर्नुपरेको थियो भने समूह पहिलो हुने चेक रिपब्लिकसँग पराजित भएको थियो। फिफाको वरियताक्रममा पाँचौं स्थानमा रहेको जर्मनी यसपटक माइकल बालाकको कप्तानिमा उत्रिनेछ।


युरो २००८ मा पहिलो पटक सहभागी भैरहेको पोल्यान्ड पनि यही समूहमा छ। युरो फुटबलमा पहिलो पटक फाइनल चरणमा प्रवेश पाए पनि पोल्यान्डले विश्वकप फुटबल प्रतियोगिताको सन् १९७४ र १९८२ को संस्करणमा आफूलाई तेस्रो स्थान दिलाउन सफल भएको थियो। पछिल्लो पटक आयोजना भएका दुई विश्वकप फुटबल प्रतियोगिता पोल्यान्डले पहिलो चरणबाटै घर फर्कनुपरेको थियो।

यसपटकको युरो २००८ को छनौट चरणमा पोल्यान्डले आफ्नो समूहमा शीर्ष स्थान हासिल गरेको थियो। पोल्यान्डले आफ्नो समूहमा खेलेको १४ खेलमध्ये ८ खेलमा जित हासिल गरेको थियो भने फिनल्यान्ड र आर्मिनियासँग पराजित भएको थियो। यसैगरी सर्बिया र फिनल्यान्डसँगको दोस्रो खेल तथा पोर्चुगल र सर्बियासँगै दोस्रो खेल बराबरीमा समाप्त गरेको थियो।

फिफाको वरियताक्रममा २८ औं रहेको पोल्यान्डको नेतृत्वमा मासिज जुरावस्कीले गर्नेछन्।




# दोस्रो युरो : आयोजकलाई सफलता



दोस्रो युरोपियन नेसन्स कप स्पेनले सन् १९६४ मा आयोजना गऱ्यो। उक्त प्रतियोगितामा युरोपमा २९ वटा टिमले सहभागिता जनाउने पक्का भए पनि ग्रीसले अल्बानियाको समूहमा परेपछि प्रतियोगिता बहिष्कार गऱ्यो। उक्त प्रतियोगिताको पहिलो चरणदेखि क्वाटरफाइनलसम्मका खेलहरू होम एण्ड अवेको आधारमा खेलाइएको थियो भने सेमिफाइनल पछिका खेलहरू मात्र स्पेनमा आयोजना गरिएको थियो। जून १७ देखि २१ सम्म आयोजना भएको फाइनल चरणको पहिलो सेमिफाइनलमा आयोजक स्पेनले हंगेरीलाई अतिरिक्त समयमा १ गोलका विरुद्ध २ गोलले सफलता हात पारेको थियो। यसैगरी दोस्रो सेमिफाइलमा तत्कालीन विजेता रूसले डेनमार्कलाई शून्यका विरुद्ध ३ गोलले पराजित गरी लगातार दोस्रो पटक आफूलाई फाइनलमा प्रस्तुत गरायो।

स्पेनको म्याड्रिडस्थित स्यान्टिएगो बर्नाबुई रंगशालामा भएको फाइनल खेल हेर्न करिब ८० हजार दर्शक उपस्थित थिए। खेल प्रारम्भ भएको छैटौं मिनेटमा स्पेनका जेजस मारिया पेरेडाले गोल गरेर अग्रता लिए, तर त्यसको दुई मिनेटमै रूसका गालिन्याज कुसेनोभले गोल गरेर खेल बराबरीमा पुऱ्याए। यसबीच दुवै पक्षबाट आक्रमणको प्रयास भए पनि कसैले गोल गर्न भने सकेनन्। तर ८४ औं मिनेटमा स्पेनका मार्सेलिनो माटिनेजले एक गोल गरेर पुनः अग्रता लिए। स्पेनको अग्रतालाई रूसले तोड्ने प्रयास गर्दागर्दै इङ्ल्यान्डका रेफ्री अर्थर हल्यान्डले खेल समाप्त भएको सिट्ठी बजाए र स्पेन पहिलो पटक आयोजक हुँदै प्रतियोगिता विजयीसमेत भयो।

तेस्रो स्थानका लागि भएको खेलमा हंगेरीले ११ औं मिनेटमा गोल गरेर डेनमार्कविरुद्ध अग्रता हात पाऱ्यो। डेनमार्कले ८२ औं मिनेटमा गोल गरेर खेललाई अतिरिक्त समयमा धकेल्यो तर अतिरिक्त समयमा हंगेरीले डेनमार्कविरुद्ध २ गोल गरी खेललाई ३-१ गोलको नतिजामा पुऱ्यायो।

# मैदानबाहिर

## पानीमुनि रग्वी

रग्वी खेलको लोकप्रियतालाई स्वीजरल्यान्डस्थित 'स्वीस अन्डर वाटर स्पोर्ट्स युनियन' ले पानीमुनि प्रयोग गरेको छ। पानीमुनि गरिएको यो खेलको परीक्षणमा युनियनले धेरै हदसम्म सफलता पाएपछि उनीहरूले प्रतियोगितासमेत सम्पन्न गरे।


यो खेलको लोकप्रियता बढाउन र यसलाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन यस्तो प्रतियोगिता आयोजित गरिएको युनियनले जनाएको छ। यो खेलमा मैदानमा जति खेलाडी भने हुँदैनन्। एक टिममा ६ जना महिला तथा पुरुष खेलाडी हुन्छन्। उनीहरूले फि्लपर (पौडी खेल्दा लगाउने फराकिलो जुत्ता), स्नोरकेल (पानीमुनि श्वास फेर्न प्रयोग गरिने पाइप) र गगल्स (चस्मा) लगाएका हुन्छन्। पानीमुनि बल तैरिने हुनाले बलभित्र नुन हालेर डुब्ने किसिमले बनाइएको हुन्छ। स्वीमिङ पुलभित्र खेलिने हुनाले यसको क्षेत्रफल सानो हुन्छ र स्कोर गर्न प्रतिद्वन्द्वी खेलाडीले बास्केटभित्र बल छिराउनुपर्छ। पानीमा तैरेर भन्दा पनि पानीमुनि खेलिनुपर्ने हुनाले खेलाडीहरू आफ्नो अनुकूलता हेरेर श्वास फेर्न बाहिर आउन सक्छन्। जर्मनीमा गोताखोरहरूको क्षमता विकास गर्न रग्वी खेल प्रारम्भ गरिए पनि यसले प्रतियोगिताको रूप भने लिन सकेको थिएन।




## युरो फुटबलको चिन्ता

विश्वको दोस्रो ठूलो प्रतिस्पर्धात्मक खेल युरो फुटबल प्रतियोगिता नजिकिँदै जाँदा अस्ट्रियनहरूलाई भने यो प्रतियोगिताले आफ्नो यौनजीवनमा असर गर्छ कि भन्ने चिन्ताले सताउन थालेको छ। आगामी जून ७ तारिखदेखि आयोजना हुने यूरो-२००८ प्रतियोगिताको पूर्वसन्ध्यामा भियना युनिभर्सिटीले विभिन्न विषयमा सर्वेक्षण गरेको थियो, जसमा एक आयोजक अस्ट्रियाका ३० प्रतिशत वयस्कले युरो फुटबलको समयमा कम यौनसम्पर्क हुने बताए, तर १४ प्रतिशतले भने आफ्नो टिमले पाएको सफलताअनुसार यौनसम्पर्कको संख्यामा वृद्धि हुने आशा राखेका छन्।

अस्ट्रियन प्रेस एजेन्सिद्वारा संप्रेषित उक्त सर्वेक्षण नतिजा अनुसार ३ सातासम्म चल्ने उक्त फुटबल प्रतियोगिताले प्रेमी-प्रेमिकाबीच यौनको विषयले मनमुटावसमेत ल्याउनेछ र केही जोडीबीच पारपाँचुकेसमेत हुने जनाएको छ। यो फुटबल प्रतियोगिताताका टेलिभिजनको रिमोटको विषयलाई लिएर श्रीमान्-श्रीमतीबीच झगडासमेत हुनेछ, यद्यपि ७० प्रतिशतले युरो फुटबल हेर्ने तर आफ्नो टिमको खेल नभए रोमान्टिक कमेडी सो हेर्ने बताएका छन्। सर्वेक्षणमा सहभागी ३७ प्रतिशतले युरो फुटबलको समय तालिकाअनुसार आफ्नो खानपिनमा परवर्तन गर्ने र ११ प्रतिशतले प्रतियोगिता अवधिभर फुटबल पार्टीमै रमाउने बताएका थिए।







## बन्धनमा माइकल क्लार्क

अस्ट्रेलियाका क्रिकेटर माइकल क्लार्कले लारा ब्रिङ्लीसँगको लामो प्रेमसम्बन्धलाई वैवाहिक बन्धनमा परिणत गरेका छन्। अस्ट्रेलियाका सञ्चारमाध्यममा व्यापक चर्चा पाएको यो विवाहलाई थोरै सञ्चारमाध्यमले मात्र प्रस्तुत गर्न सके। क्लार्कले यो विवाह समारोहमा आफ्ना करिब ३ सय घनिष्ठ मित्र, क्रिकेट टिमका साथी तथा आफ्ना फेसन डिजाइनरहरूलाई मात्र सहभागी गराएका थिए।

अस्ट्रेलियाको लुना पार्कमा सम्पन्न उक्त विवाह समारोहको प्रकाशन अधिकार न्यू आइडिया म्यागजिनले १ लाख ३५ हजार डलर तिरेर सुरक्षित गरेको थियो। उक्त म्यागजिनले क्लार्क र ब्रिड्लीबीचको प्रेमलाई दुई भागमा तस्बिरसहित प्रस्तुत गर्नेछ। विवाहको दिन २० वर्षीया दुलही बिहानैदेखि श्रृंगारमा व्यस्त भएका कारण विवाह समारोहमा क्लार्क आफ्ना केही मित्रका साथ पुगेका थिए। क्लार्कका साथ अस्ट्रेलियन क्रिकेट टिमका कप्तान रिक्कि पोन्टिङ श्रीमती रियानासहित उपस्थित थिए। विवाहको दिन एक संस्थाले अस्ट्रेलियाका क्रिकेटर स्टिभ वालाई सम्मान गर्ने कार्यक्रम राखेको थियो तर अधिकांश क्रिकेटर विवाह समारोहमा सरिक भएका कारण उक्त सम्मान समारोहमा उपस्थित हुन सकेनन्।

# सुरु भयो परेवा उडान प्रतियोगिता



नेपालमा पर्यटकीय एवं ग्ल्यामरस खेलहरूले पछिल्लो समयमा तीव्रता पाउँदै गएका छन् । यसबीच थुप्रै नौला खालको प्रतियोगिता पनि आयोजित हुँदै आएका छन् । यसबीच दैनिक जीवनको रमाइलो पाटालाई खेलका रूपमा परिणत गर्ने चलन पनि नचलेको होइन । डोरी तान्ने, चंगा उडानलगायत प्रतियोगिता मात्र होइन, हात्तीपोलोजस्तो खेल पनि सञ्चालन नभएका होइनन् । यसै क्रममा अत्यन्त नौलो खालको खेलका रूपमा परेवा उडान प्रतियोगिता पनि नेपालमा हुँदै आएको छ ।

परेवा 'शान्तिको प्रतीक' मानीन्छ । शान्तिको प्रतीक भएकै कारण नेपालमा परेवा पाल्नेहरूको संख्या धेरै छ । कसैले सौखका रूपमा त कसैले मानसिक आनन्दका लागि परेवा पाल्दै आएका छन् । पछिल्लो समयमा परेवा पाल्नेहरूको संख्यामा कमी आएको निश्चत हो । तथापि यसलाई सौखका रूपमा निरन्तरता दिनेहरूको समूह पनि नभएको होइन । यिनै सौखिनहरूका लागि रमाइलो प्रतिस्पर्धाका रूपमा स्थापित भएको छ– २०५८ सालमा प्रारम्भ भएको परेवा उडान प्रतियोगिता ।

नेपाल परेवापालक संघको आयोजनामा राजधानीमा हुने परेवा उडान प्रतियोगितामा प्रत्येक वर्ष सहभागीको संख्या बढ्दै छ । यस वर्ष पूर्वविजेता नवीन शर्मासहित ३५ जना परेवापालक प्रतियोगितामा सहभागी भए । वैशाखको मध्यधूपमा सुरु भएको यो प्रतियेगिता जेठको पहिलो सातासम्म जारी रहनेछ । साताभरिको कामको थकानबाट ग्रसित कामकाजीहरूले शनिबार र आइतबार दुई दिन परेवा उडाएरै मनोरञ्जन प्राप्त गर्नेछन् । यसमा संलग्न छन्, ४० जना निर्णायक पनि ।


नेपालमा नौलो लागे पनि यो प्रचलन पुरानो भएको सम्बन्धित व्यक्तिहरू बताउँछन् । भारतमा यस्ता खाले प्रतियोगिताको सुरुवात ४० वर्षअघि नै भएको हो । 'सौखलाई प्रतिस्पर्धामा परिणत गर्ने हाम्रो उद्देश्य हो,' प्रमुख निर्णायक जितेन्द्र बज्राचार्य बताउँछन् । प्रतियोगिताको सातौं सस्करणमा आइपुग्दा हरेक प्रतियोगितामा नयाँ-नयाँ नियमहरू थपिदै जानु यसको मुख्य विशेषता बनेको छ ।

यसै वर्षदेखि हरेक परेवामा छुट्टाछुट्टै चिह्न राखिएको छ । जसका कारण आकाशमा उड्दा पनि कुन परेवा कसको हो सहजै थाहा पाउन सकिन्छ । प्रतियोगितामा साधारणदेखि चिनिएका व्यक्तिसम्म सहभागी छन् । यसै वर्ष गोरखशमशेरले पनि सहभागिता जनाए यो प्रतियोगितामा । प्रतियोगिता ठमेलस्थित उनकै निवासवाट सुरु भएको हो, तर दुर्भाग्य उनको परेवा भने ५८ मिनेट मात्र आकाशमा उडेर अयोग्य घोषित भयो ।

प्रतियोगिताको एउटा मापदण्ड छ, कुनै परेवा एक घन्टाभन्दा कम आकाशमा रहे अयोग्य घोषित हुन्छ भने तीन घन्टासम्म सो स्थानमा नआइपुग्दा पनि अयोग्य नै ठहरिन्छ । हरेक परेवापालकले सातवटा परेवा उडाउने गरेका छन् । सातवटै परेवा आकाशमा उडेको समय जोडेर विजेता घोषित गरिन्छ ।

प्रतियोगितामा कागजी लाललगायत विभिन्न जातका परेवा सहभागी छन् । परेवाको खानपिन व्यवस्थित पालन तथा उडानको अभ्यासले प्रतियोगितामा प्रभाव पार्ने परेवाका विज्ञहरू बताउँछन् । विज्ञहरूको सल्लाहमा खानपान गराउने र नियमित उडाउने पालक नै प्रतियोगिातमा सफल हुन्छन् ।

प्रतियोगिताको विजेताले १५ हजार रुपैयाँ पाउनेछन् भने उपविजेताले १० हजार तथा तेस्रो स्थानमा रहने टिमले ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।



## ५ प्रश्न

**करिश्मा कार्की, बेइजिङ ओलम्पिकमा सहभागी जनाउने नेपाली पौडीबाज । बाबु प्रमुख पौडी प्रशिक्षक ईश्वर कार्कीका कारण राम्रो शिक्षा-प्रशिक्षण पाएकी कार्कीसँग साप्ताहिकको पाँच प्रश्न :**

**ओलम्पिकमा सहभागिताको अवसर पाउँदा कस्ता लागेको छ ?**

खेलाडीको जिन्दगीका लक्ष्य भनेकै ओलम्पिक खेलकुद हो । स्वाभाविक रूपमा मेरो पनि यही लक्ष्य थियो । यो सफलतासँगै मलाई जिन्दगी सफल भएभैंं लागेको छ । मैले बाल्यावस्थादेखि नै देख्दै आएको ठूलो सपना अहिले पूरा भएझैं लागेको छ ।

**पौडी नै छान्नुको कारण ?**

मेरो बुवा राष्ट्रिय खेलाडी मात्र होइन, मुख्य प्रशिक्षक पनि भएका कारण उहाँबाट प्रभावित हुनु स्वाभाविक हो । त्यसमाथि पौडी खेल मन नपर्ने को नै होला र ? तर पनि मैले पौडीलाई नै क्यारियरका रूपमा अघि बढाउनुको कारण भने पारिवारिक वातावरण नै हो ।

**जिन्दगीको लक्ष्य ?**

एउटा नेपाली खेलाडीले पाउने माथिल्लो ठाउँ पाए । अबको पहिलो प्राथमिकता पढाइ नै हो । १२ कक्षा उत्तीर्ण भएपछि स्नातक तहको अध्ययनका लागि विशेष ध्यान दिनेछु । आखिर राम्रो अध्ययनविना जिन्दगी चल्दैन ।

**जिन्दगीलाई कसरी हेर्नुहुन्छ ?**


जिन्दगी र पौडी खेल उस्तै हो– जाने तरिन्छ, नजाने डुबिन्छ । जसले चाँडो पौडन्छ, त्यसैले जित्छ । कहिले को अगाडि को पछाडि ? ठेगान नै नहुने । तर, पछाडि परे हार खानु हुँदैन । परिश्रम गरे आज पछाडि हुने नै भोलि अघि हुन्छ । त्यसकारण कोही अगाडि हुँदा आत्तिनु र पछाडि हुँदा मात्तिनु व्यर्थ हो ।

**यत्रो ठूलो खेलाडी हुँदा कस्तो व्यवहार पाउनुभएको छ ?**

राम्रो । बाहिरको संसारमा त त्यसको केही छैन । कलेजमा भने अलि फरक छ । मेरो कलेजमा साथीभाइमाझ करिश्मा भनेर भन्दा स्वीमर भनेर बढीले चिन्छन् ।

## प्रसंग कतिपय





विक्रम राई

गर्मी मौसमको लीला अपरम्पार छ। यसको सुरुवातसागै बजारमा चिसो पेय पदार्थको माग बढेर जान्छ। निमा रुम्बाको स्टाइलिस कोक होस् वा नितम्बको पछाडि खल्तीमा राखेको पेप्सी होस्- विज्ञापन एकसे एक छन्। चामलको मूल्यले डााडा काटेका बेलामा भातमारा भुाडीलाई कोलाको ग्यासले ड्याम्म फुलाउन पाउादाको मज्जा नै बेग्लै हुन्छ। पिउने पानीको अभावलाई पनि केही हदसम्म कोलावालाहरूले राहत दिएका छन्। हुन त यो बेला मिनरलवाटर कम्पनीहरूलाई भ्याई नभ्याई छ। प्रशोधन गरिएको शुद्ध पिउने पानी भए पनि बोतलभित्र मिनरलको कम्पोजिसन खोज्नुपर्ने स्थिति ती मिनरल वाटरहरूमा छ। बियर कम्पनीहरूको सिजन भनेको पनि यही गर्मी नै हो। सालैभरि भोज, बियर र उनीसाग रम्ने जमातलाई सन सेट भ्यु हेर्दै बियर पिउनुको आर्कषण गजबकै हुन्छ। एवं प्रकारले त्यो लत युवा अवस्थाबाट सुरु भएर बुढ्यौलीसम्म पुग्दा ह्वीस्कीमा टुङ्गिन्छ।

यो मौसममा छोटा पहिरनको फेसन हेर्न पाउनु सामान्य हो। हिन्दी चलचित्र गोलमालमा अमोल पालेकरले भनेझैं छोटा पहिरन लगाउँदा हाम्रो जस्तो गरिब देशमा अरू धेरैको कपडाको खाँचो पूरा हुने थियो होला। जाडोमा बन्द हुने सहरीया स्विमिङ पुलहरू यो मौसममा सुचारु हुन्छन्। गााउघरतिर सधैं खुल्ने खोलानाला र नहरहरूमा सित्तैमा पौडी खेल्न पाइन्छ तर सहरका क्लबहरूमा स्विमिङ गर्न पैसा तिर्नुपर्छ। यद्यपि स्विमिङ गर्नेहरूसँग भन्दा हेर्नेहरूसँग बढी रकम लिए केही फरक पर्नेछैन। साना केटाकेटीहरूलाई स्विमिङ सिकाउन फुर्सद नहुने स्विमिङ मास्टरहरू यतिबेला षोडसीहरूलाई पौडीवाज बनाउने काममा इन्गेज छन्।

दिनभरि ज्याला मजदुरी गर्ने र राती त्यही पैसाले निद्रा र भोक मेटाउने मजदुरहरूलाई गर्मीको लामो दिनले सहयोग गरेको छ। जाडोमा कपडाको अभावमा कठ्याागि्रनुको सट्टा यो मौसममा कम कपडामा खुला आकाशमुनि निदाउनुको आनन्द अन्य धनाढ्य साहु-महाजनहरूले कहाा लिन सक्छन्? त्यसो त एयरकन्डिसनभित्र आनन्द लिनेहरू यतिखेर आफ्नो देशको हिमाल र हिउँ हेर्न छाडेर स्वीटजरल्याण्डको माउन्ट टिटलिससम्म पुग्छन्। जाडोको झिसमिसे र चााडै हुने अँध्यारोमा पल्किएका निशाचरहरूलाई पनि गर्मी अफ सिजन जस्तै हो। परिणाम पुलिसको रेकर्डमा शान्ति सुरक्षाको अवस्था सुदृढ हुन्छ। तातेको सडक र चर्को घामले दिउासोको ट्राफिक कम हुने भएकाले केहीबेर भए पनि ट्राफिक पुलिसलाई यसले राहत दिएको छ। जे होस् यो मौसमको लुफ्त सबैले उठाएका छन्।

भ्यागुताको हाइबरनेसन पिरियडपछि एक्टिभिटी बढेझैं नेताहरूले पनि गर्मीमा आफ्नो एक्टिभिटी बढाउँछन्। ठूला राजनैतिक निर्णय लिने मौसम पनि यही हो भने आन्दोलन गर्ने समय पनि यही नै हो। गर्मीमा खाना अपच हुने, वाकवाकी आउने अनि धेरै मानिस अनेकौं प्रकारले बिरामी हुँदा पनि धेरैलाई हाइसन्चो छ। आखिर नर्सिङ होमहरूलाई पनि सिजनल बिजनेस चाहिएकै छ क्यारे।

prasangakatipaya@hotmail.com

# युवा नेताको प्रेमविवाह



काठमाडौं- फूलैफूलले सजाइएको रातो कारमा ढाकाको दौरा सुरुवालमा ठाँटिएका गगन थापा निवासस्थाननजिकैको घरबाट हुइँकिँदै गोंगबुतर्फ हानिए। अघिपछि उनलाई दर्जनौं मोटरसाइकल तथा कारले पछ्याइरहेका थिए। डेढ सयजति जन्तिको लावालस्करका साथ उनी आफ्नी दुलही लिन गोंगबुस्थित नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह केसीको निवासमा पुगे।

केसीका माइली छोरी डा. अञ्जना केसीसँग थापाको विवाह प्रेमविवाह थियो। अञ्जना प्रखरवक्ताका रूपमा परिचित थापाको प्रशंसक थिइन्। नेपाली कांग्रेसका प्रभावशाली नेता केसी र कांग्रेसकै युवा नेता थापाबीच भेटघाट हुने क्रममा अञ्जनासँग उनको परिचय भएको देखियो। एकै दिन अर्थात् साउन ४ गते नै जन्मदिन पर्नु, दुवै माइलो सन्तान हुनुजस्ता संयोगले उनीहरूलाई अझ नजिक बनायो। विगत दुई वर्षयता गगन र अञ्जनाबीच प्रेम थियो। दाजुभाइहरूको विवाह भैसकेकाले गगनलाई परिवारबाट पनि विवाहका लागि दबाबजस्तै थियो। त्यसैले पनि प्रेमलाई विवाहको रूप दिन गगन नै अघि बढेको उनका सहयोगीहरू बताउँछन्। संविधानसभाको निर्वाचनपछि राजनैतिक गतिविधि सुस्तरी अघि बढिरहेका बखत नेपाली कांग्रेसका समानुपातिक उम्मेदवार गगनले यही समयलाई विवाह गर्ने उपयुक्त अवसर माने। हजुरआमाको निधनको वर्ष दिन नपुगेकाले घरबाट विवाह नगरी उनको जन्ती आफन्तको घरबाट निकालियो।

सोमबार बिहान चार बजेको लगनमा केसीले कन्यादान गरी छोरी गगनलाई सुम्पिए। हजुरआमा स्व. रेन्द्रेश्वरी थापाको अन्तिम अवस्था पाटन अस्पतालको आईसीयुमा बितेकाले विवाह भोजमा लाग्ने एक लाख उक्त अस्पताललाई हस्तान्तरण गर्ने गगनले बताएका छन्।

## प्रवलदीपले बिहे गरे

**कमल रिमाल**



विराटनगर- सातवटा भाषामा गीत रेकर्ड गराइसकेका पुर्वेली गायक प्रबलदीप विश्वास (राजवंशी) ले गएको आइतबार परम्परागत विवाह गरेका छन्। विराटनगरनिवासी प्रबलदीपले विराटनगरमै कक्षा १० मा अध्ययनरत पूजा राजवंशीसँग मागीविवाह गरेका हुन्। विवाहको तेस्रो दिन नै प्रबलले आफ्नो जातिको परम्पराअनुसार बेहुलीलाई दुई वर्षका लागि माइतीमा छाडेका छन्।

नेपाली, अंग्रेजी, हिन्दी, मैथली, भोजपुरी, थारू र मुसहर भाषामा गीत रेकर्ड गराइसकेका प्रबलले पुराना नेपाली गीतहरूको रिमिक्स पनि निकालिसकेका छन्। राजवंशी जातिमा केटीको विवाह चाँडै गरिने भएकाले उमेर नपुगुन्जेल माइतीमा छोड्ने चलन छ। विवाह गरेर बेहुलीलाई घरमा भित्र्याएको भोलिपल्टै माइतीमा पुऱ्याइनुलाई 'दहलान खोराउने' भनिन्छ। 'दुई वर्षपछि उनको उमेर पुग्छ अनि घरमा पुनः भित्र्याउने' प्रबलदीपले भने।

राजवंशी जातिको परम्पराअनुसार विवाहको पहिलो दिन सत्यनारायणको पूजा लगाइन्छ। दोस्रो दिन डाली सजाउने 'डलसज्जी' गरिन्छ। तेस्रो दिन जन्ती जाने, चौथो दिन बेहुली घर भित्र्याउने र पाचौं दिन दहलान खोराउने काम हुन्छ। दहलान खोराउनेमा बेहुला-बेहुलीलाई नुहाइन्छ। विवाहको एक वर्षपछिसम्म यो विधि जारी रहन्छ।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल।**